दासढुंगाको दुर्घटना- नियतपूर्ण षडयन्त्र कि वेहद लापर्वाही ?



# मूल्याङ्कन

विचार अन्तक्रियामुखी मासिक

अंक १२
जेठ, २०५०



## हाम्रो कम्युनिष्ट आन्दोलनको मूल समस्या के ?

युवा वाम नेताहरुको अन्तर्क्रिया

के विरुवाहरुले पनि मान्छे झैं अनुभूति गर्न सक्छन् ?

## गिरिजा बाबू मातृकाको बाटोमा हुनुहुन्छ

- भू.पू मन्त्री जगन्नाथ आचार्य

## अब हामी चोटिलो कार्यक्रम लिएर आउँदैछौं

-मह् जोडीसितको अन्तर्वार्ता

रू. ११/-

# कसरी विष्णुकुमारी वाइवा पारिजात बनिन् ?

★ स्वयम्‌बारे पारिजात के भन्छिन् ? एक विशेष अन्तर्वार्ता
★ पारिजातको जीवन र साहित्य: समालोचकको आँखामा

# NEPAL GRINDLAYS BANK

CONNECTING THE ANZ GROUPS EXTENSIVE INTERNATIONAL NETWORK WITH IT'S GROWING NATIONAL PRESENCE IN NEPAL

## NEPAL GRINDLAYS BANK

ACROSS THE GLOBE - AROUND THE NATION
BRINGING INTERNATIONAL STANDARD BANKING SERVICES TO THE KINGDOM OF NEPAL.

" THE BETTER BANK "

MEMBER ANZ GROUP

# नसुर्ताउनुहोस !

बलियो, टीकाऊ र स्तरीय
टायरहरुका लागि
अब विदेशको मुख ताक्नु पर्ने दिनहरु गए ।





स्वदेशी श्रम, पूंजी र सीपबाटै
अब नेपालमा
उच्च स्तरीय टायरहरुको उत्पादन प्रारम्भ
भइसकेको छ ।
जुनसुकै सवारी साधन र सडक स्थितिका लागि
भरपर्दो, टिकाऊ र अन्तर्राष्ट्रिय गुणस्तरको
नेपाली टायरहरु प्रयोग गरी निर्धक्क हुनुहोस् ।

स्वदेश भनौं
स्वदेशी
प्रयोग गरौं ।

गोरखकाली रबर उद्योग लिमिटेड

# मूल्याङ्कन

(विचार-अन्तर्क्रियामुखी मासिक)

वर्ष-११, पूर्णाङ्क-१२,
२०५० जेठ



**संरक्षक**
डा. मधुराप्रसाद श्रेष्ठ

**सल्लाहकार**
डा. कमलकृष्ण जोशी
डा. कृष्णबहादुर थापा
खगेन्द्र संग्रौला
चन्द्रराज ढुंगेल
डा. चैतन्य मिश्र
डी.आर. पोखरेल
पद्मरत्न तुलाधर
डा. भरत प्रधान
डा. महेश मास्के
महेश्वरमान श्रेष्ठ
प्रा. हर्षनारायण धौभडेल

**प्रधान सम्पादक**
श्याम श्रेष्ठ

**कार्यकारी सम्पादक**
[illegible]

**सह-सम्पादक**
राजेन्द्र महर्जन

[illegible]
[illegible]

**व्यवस्थापन सहयोगी**
तेज बहादुर महर्जन



अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.का लागि सुवास श्रेष्ठद्वारा प्रकाशित

**सम्पर्क कार्यालय**
**"मूल्यांकन" मासिक**
अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
न्हूसाल, फोर्छें, ख-२,२३७
काठमाडौं- २३
फोन २१३६९४
पो.ब.नं. ३०२९ काठमाडौं




## क. मदन भण्डारी र क. जीवराज आश्रितको दु:खद निधन




प्रत्यक्ष-दर्शीहरुसंगको अन्तर्वार्ता / दुर्घटना कि नियतपूर्ण षडयन्त्र ? / दुर्घटनाको सचित्र विवरण - ४


## एउटी सामान्य किशोरी विष्णुकुमारी वाइबा कसरी प्रशिद्ध र लोकप्रिय साहित्यकार पारिजात बनिन् ?




परिजातकै आंखाबाट र समालोचक निनु चापागाईंको आंखाबाट १५-२२

नेपाली कम्युनिष्ट आन्दोलनको आधारभूत समस्या के हो ?
युवा वाम-नेताहरुका विचारहरु १०-१२

मे दिवस
नेपाली मजदूरहरुको वर्तमान समस्याबारे मजदूर नेताहरु के भन्छन् ?
बाल मजदूरहरुको स्थिति ३३-३५

कम्बोडिया: खमेर रुजलाई सिध्याउन कस्तो षड्यन्त्र हुँदैछ ...

"मह" जोडीसँग अन्तर्वार्ता - ३६
प्रज्ञानरत्नका विचारहरुमाथि खगेन्द्र संग्रौलाको प्रतिकृया - २६

मन्त्री पद त्याग्ने नै.का.-नेता जगन्नाथ आचार्यसँग *पछिल्लो अन्तर्वार्ता* - ४२
कसरी चुसिरहेछन् उत्तरका विकसित मुलुकहरुले दक्षिणका गरीब राष्ट्रलाई ? - १३

**घटना-प्रवाह**
पासाङ ल्हामु शेर्पा र सरकारी रबैया - ६
जापानमा मे दिवस - ९
जनमत संग्रहपछि रुस कता ? - ७
पाकिस्तानमा फेरि सैनिक कारवाही - ८
**आँखी-झ्याल**
पूँजीवादी मुलुकहरुको औद्योगिक उत्पादनको ताजा हाल - ३२
**विश्व -कम्युनिष्ट आन्दोलन**
वेलोरुसमा कम्युनिस्ट एकीकरण - २५
**जन-जीवन**
चियाबगानका मजदूरहरु - ३१
**विज्ञान - प्रविधि**
० के बोट-बिरुवाहरु पनि मान्छेले जस्तै अनुभूति गर्न सक्छन् ?
- रामरिझन यादव - २९
० सौर्य शक्तिबाट बज्ने रेडियो - २९
१९९२ का ज्योतिष विज्ञानका उपलब्धीहरु - ३०

**के तपाईंलाई थाहा छ ?**
लेनिनको जन्मदिन र लेखन-संयोग - १२
संसारका भाषाहरुको तथ्याङ्क - १२
**प्रेरक प्रसंग**
बाबुविरुद्ध विद्रोह - क. माओ - २८
**पर्दा/रंगमंच**
जन-जातिहरुको कला कति उत्कृष्ट ? - ३६
फिल्म-परिवार : अंग प्रदर्शन त छैन, तर ... - ३९
सम्पादकीय - ४

**विविध**
हरियो कुन्तला र अमेरिकी नाकाबन्दी - ३२
रुसमा मे-दिव समाधि राज्य-हिंसाको प्रयोग - ३३
यथार्थप्रति इमान्दार मानिस आखिर मार्क्सवादी बन्छ - २१
कुन फांटमा कति मजदूर छन् - नेपालमा ? - ३४
पारिजातको संक्षिप्त जीवनी - १६
पीरिजातको सालिक बन्ने ! - १८
पारिजातका कृतिहरु - १८


● हाम्रो यो अंक यही जेठ ७ गते नै बजारमा आउने गरी कभर र भित्री पेजहरुको छपाईको प्रोसेसिङ भइसकेको स्थितिमा गत ३ गते दासढुंगा - दुर्घटना हुन गएकोले हामीले हुलसकलेसम्मको फेर-बदल गरी क. भण्डारी र क. आश्रित सम्बन्धमा सामग्रीहरु थपमा समावेश गरेका छौं।

● नेशनल ट्रे.लि. ले मासिक पत्रिकाहरुलाई न्यूज-प्रिन्ट कागज अचानक बिक्री बन्द गरेकोले बाध्य भई ह्वाइट-प्रिन्ट कागज प्रयोग गर्नु परेकोले हाम्रो यस अंकको मूल्यमा हामीले रु १ वृद्धि गरी रु १५- गराएका छौं।

● नोट :- पेज ३० को विज्ञान/प्रविधिको बाँकी अंश ४१ पेजमा पढ्नु होला। पेज ३७ को "मह" जोडीसँगको अन्तरवार्ताको बाँकी अंश ४१ पेजमा पढ्नु होला।

आवरण फोटो: स्व. पारिजात/ फोटो: ए.बि सि. फोटो, बागबजार / आवरण कला : सोम राई / कला : दिलीप महर्जन, संघराम महर्जन / कम्प्युटर सेटिङ : मल्टी च्यानल कम्प्युटर, बागबजार / मुद्रण : शिव शक्ति प्रिन्टर्स



हाम्रो मूल्याङ्कन

# क.मदन भण्डारी र क.जीवराज आश्रितप्रति हाम्रो श्रद्धाञ्जली !



क. मदन भण्डारी र क.जीवराज आश्रितको अप्रत्याशित मृत्युको खवर नेपालका संपूर्ण उत्पीडित जनसमुदायमा सफा नीलो आकाशबाट चट्या ङ् बजे झैं पत्याउनै नसकिने गरी बज्रिएको छ । जेठ ३ गतेको सन्ध्यामा दास ढुंगाको सन्देहास्पद दुर्घटनामा नेपालले त्यस्ता दुई सचेत अग्रणी नागरिकहरु गुमाएको छ, जसका विचार र क्रियाकलापहरुले यहाँको यो दशकको प्रत्येक सामाजिक-राजनीतिक घटनाक्रमलाई निकै प्रभावित पारिरहेका थिए । यो दुई दशकमा यहाँ साम्राज्यवाद र सामन्तवादी विरोधी जे जति उल्लेखनीय संघर्षहरु भएका छन्, त्यस्ता कमै मैदानहरु छन् जहाँ यी दुई जनयोद्धाहरुको प्रत्यक्ष वा अप्रत्यक्ष रुपले सक्रिय सहभागिता नभएको होस् । गतिशीलता, दृढता र समर्पणको त्रिवेणी-यी दुई सहयोद्धाहरु नेपालको वाम आन्दोलनका यस्ता ताराहरु थिए, जसको चहकिलो चम्चमाहटले एउटा वैचारिक गोलार्द्धका असंख्य यात्रीहरुलाई लगातार गन्तव्य दिईरहेको थियो । नेपालको वाम आन्दोलन विश्वमा र नेपालमा जुन अनुपातको उपक्षा नै गर्न नसकिने दोश्रो वैकल्पिक राजनीतिक शक्तिका रुपमा स्थापित छ, त्यो यस्तो हुनमा यी दुई व्यक्तित्वहरुको बुद्धि, लगन र परिश्रमले पनि उल्लेखनीय भूमिका खेलेको छ । यी सबै ऐतिहासिक योगदानहरुको उच्च मूल्या ङ्क न गर्दै "मूल्याङ्कन" परिवार उहाँहरुप्रति हार्दिक श्रद्धाञ्जली अपर्ण गर्दछ ।

उहाँहरुको अप्रत्याशीत मृत्युबाट ने.क.पा. एमालेले अपूरणीय क्षति ब्यहोर्नु परेको छ । आफ्ना शीर्षस्थ सहयोद्धा र नेता यसरी अनपेक्षित रुपबाट गुमाउनु पर्दा उसले कति रिक्तता र वेदनाको अनुभूति गरिरहेको छ, त्यसको लख काट्नु कठीन छ । हामी यस दुःखको घडीमा नेकपा (एमाले) ले प्रति हार्दिक समवेदना ब्यक्त गर्न चाहन्छौं । यस दुःखको घडीमा उहाँहरुका सम्पूर्ण परिवार-जनहरुमा पनि हामी हार्दिक समवेदना ब्यक्त गर्दछौं ।

कुनै पनि ब्यक्तित्वलाई बुम्दा वस्तुगत परिस्थितिले सीमित गरेको उसको ऐतिहासिक सीमामा नै बुझ्नु पर्छ, किनभने कुनै पनि ब्यक्ति सर्वगुण संपन्न हुँदैन । त्यसैले मानिसलाई बुझ्दा उसका कमजोरीहरु सहित नै बुझ्नु पर्छ ता कि- भविष्य उसको वर्तमान योगदानहरुबाट पनि उत्प्रेरित होस् र उसका गल्ती कमजोरीहरुबाट पनि शिक्षित भएर त्यो सीमाभन्दा अघि बढोस् । यस हिसावले क. भण्डारी र क. आश्रितका विचार लगायत सम्पूर्ण जीवनकै सवल पक्षका साथसाथै उहाँहरुका सीमा वा कमी कमजोरीहरु पनि के के थिए ?- त्यसको पनि मर्यादसम्मत विवेचना हुनु पर्छ र हामी आशा गर्छौं - यो काम भविष्यमा [illegible] जाने नै पनि छ ।

# दास ढुंगा दुर्घटना चरम लापरवाही कि नियतपूर्ण षडयन्त्र ?

शव-यात्राको तयारी



जेठ ३ गते साँझ ५.४५ बजेतिर, मुग्लिनबाट नारायणघाट जाने बाटोमा, करीब २४ किलोमिटर पर, दास ढुंगामा सिमसिम पानीमा एउटा सेतो जापानी पाजेरो गाडी तीव्र गतिमा हुईंकिदै आउँछ । सामुन्ने कुनै गाडी छैन । बाटो फराकिलो र सिधा छ । कुनै मोड छैन । बाटो त्यति भिरालो पनि छैन । पानी परेकाले पीच अलि चिप्लो भने अवश्य छ । तर पीचको छेउमा एउटा-मोटर पास हुने प्रशस्त खालि खस्रो जमीन छ । बा.अ.च.८७९३ नंबरको त्यो गाडी सिधा सडकमा अघि बढ्ने ठाउँ हुँदा हुँदै नागबेली दाँया र बायाँ गर्दै बेगले हुत्तिन्छ । "आम्मै नि, मेरो छाप्रोमा गाडी ठोक्किन आयो ।"-आतंकित श्रीमती मायाँ श्रेष्ठ दुई हात कंचटमा राखेर चिच्याउँछिन् । त्यत्तिकैमा सडकको दायाँ छेउको त्यस छाप्रोको छेवैबाट गाडी नारायणी नदीमा हाम्फाल्छ । तल भीरमा त्यो तीन चार ठाउँमा ढुङ्गे चट्टानमा जोडले बजारिएर कच्याक-कुचुक स्थितिमा, करीब १५० फीटमुनि घुमाउने दहमा विलीन हुन्छ । त्यो गाडीसित नेपाली वामपन्थी आन्दोलनका दुई ज्वाज्वल्यमान नक्षत्रहरु पनि पानीमा डुबेर निभ्छन् । क. मदन भण्डारी र क.जीवराज आश्रितलाई अब हामी जिउँदो देख्न पाउन्नौं ।

४ गते चितवनमा हुने महिला सम्मेलनमा भाग लिन पोखराबाट प्रस्थान गर्नु भएका उहाँहरु मध्ये क.आश्रितको शव भोलिपल्ट विहान ७.३० बजे क्रेनले निकाल्दा जीपभित्रै क्षत विक्षत अवस्थामा भेटिन्छ । क.भण्डारीको शव पर्सिपल्ट विहान ९ बजे घटनास्थलभन्दा करीब ३० किलो मिटर तल गुंजनगरमा नचिनिने अवस्थामा तैरिरहेको भेटिन्छ ।

क. मदन भण्डारी र क.जीवराज आश्रितको लागि कास्कीको पार्टी जिल्ला सम्मेलन नै जीवनको अन्तिम सम्मेलन हुन्छ ।

तर आश्चर्य, आफू गाडीसितै दहमा डुवेको र कसैलाई आफैले पौडेर र कसैलाई "माझीको सहायताले" बाहिर निस्किएको भन्ने ड्राइभर अमर लामा भने यति विभत्स दुर्घटना भएर मोटर नै कच्याककुचुक हुँदा पनि चोखै बच्छन् । उनलाई केही हुँदैन, अलिकता हातमा चोटसिवाय ! उनैको भनाइका आधारमा गाडीसितै पानीमा डुवेर बल्ल बल्ल बाहिर निस्कँदा पनि उनी सामान्य अवस्थामै हुन्छन् । उनको होश ठेगानमा नै हुन्छ । उनी बाहिर आएर केही बेर "गुहार गुहार !" भन्दै मान्छे जम्मा गरेर डुवेकाहरुको उद्धार कार्य गर्न खोज्छन् । केही नलागे पछि एउटा विदेशीसित लिफ्ट मागेर ६ बजेतिर रामनगर पलिस चौकी हुँदै नारायणघाट पार्टी कार्यालयमा पुग्छन् । कार्यालय बन्द भएकोले अन्तै बाट ६.१५ बजे केन्द्रीय पार्टी कार्यालय, काठमाडौंमा ट्रंकल गर्छन् र अस्पताल पुग्छन ।

घटना-थलोमा उपरोक्त छाप्रोका धनी रत्नलाल श्रेष्ठलाई सोध्दा उनले बताए- "त्यहाँ त्यतिखेर कोही माझी नै थिएन ।"

गाडी पानीबाट बाहिर निकालीसकिएको स्थितिमा सो गाडी डुवेको उक्त दह नजिकै गएर निरीक्षण गर्दा देखिन्थ्यो- चारैतिर एकदमै ठाडो ढुङ्गे चट्टान नै चट्टान भएको गहिरो घुमाउने दहमा पौडेर त्यहीं माथि उक्लने कुनै ठाउँ नै छैन ।

पौडेर बाहिर निक्लने हो भने पनि खलि तलसम्म जानु पर्छ र त्यसले केही समय अवश्य लिन्छ । तर ५.४५ मा दुर्घटनामा परेका




**नाप** क देखि ख सम्म १४७', ख देखि ग सम्म १२५', घ देखि छ सम्म १५२', छ मा नदीको गहिराई ७$\frac{1}{2}$' देखि १६' सम्म, पानीको सतहदेखि छ सम्मको ठाडो उचाई ६९', घ देखि ङ सम्म ५०'।

ड्राइभर लामा त ६ बजे, १२ किलोमिटर टाढा नारायणघाटमा पुगीसकेका छन् र ६.१५ मा उनले पार्टी केन्द्रीय कार्यालयमा ट्रंकल गरिसकेका छन्।

उनी दहमा डुबेका भए र पौडेर बाहिर निक्लेका भए कति बेर उनले पौडे त ? कति बेर किनारमा बसेर उद्धार कार्य गर्न खोजे ? आधा घण्टाको यो समयको अन्तरालमा कसरी यी सारा कुरा गर्न संभव भयो ? समयको यो अन्तराल अत्यन्त सन्देहास्पद छ । फेरि, त्यति धेरै ढुङ्गे चट्टानमा बल्झ्याङ खाएर उनी तल दहसम्मै मोटरमा भएका भए, उनको शरीर सबूद बस्ने कुनै संभावना नै छैन । र जीपको ड्राइभर बसेको सीटको छत नै सबभन्दा धेरै किचिएको छ र उनी भित्रै भएका भए त्यसले उनको शरीर क्षत विक्षत पार्ने कुरा अवश्यंभावी छ । तथापि उनलाई केही भएको छैन । यसले प्रश्न उठाएको छ- ड्राइभर लामा कतै सडक छेऊबाट गाडी तल हुर्रिनु अघि नै त बाहिर निक्लेनन् ?

उनले ब्रेक फेल भएर, गाडी नियन्त्रणहीन भएको भनेर कसैलाई बताएका छन् । कसैलाई सडक पानीले गर्दा चिप्लो भएकोले गर्दा यस्तो भएको हो भनेका छन् । भनाइहरु एकाम्य छैनन् । मान्छेपिच्छे फरक फरक छन् । यो भनाइको भिन्नता नै सन्देहास्पद छ । ब्रेक फेल नै भएको हो भने पनि, दुर्घटना स्थलमा कुनै मोड नभएकाले र त्यति भिरालो पनि नभएकाले गाडी सिधा छोडीदिएको खण्डमा पनि दुर्घटनामा हुने देखिन्न । यदि सडक पानीले गर्दा चिप्लो भएको हो भने पनि सडकको छेऊमै प्रशस्त ठाउँ छ, जहाँ पीच छैन, ढुङ्गा र गेगर मात्र छ । पाजेरो गाडीमा चारै पाँग्रामा प्रभावकारी ब्रेक लाग्ने व्यवस्था भएकाले, त्यो सडक छेउमा खस्रो ठाउँ मा लगेर रोक्न सकिने संभावनाहरु प्रशस्त छन् । फेरि ड्राइभर सिकारु नभएर निकै अनुभव प्राप्त भएकाले उनले यस्तो गर्ने बढी संभावना छ । गाडीको साइड देब्रे भएकाले देब्रेपट्टि भित्तामा ठोक्काउने संभावना पनि मनग्ये छ । तर ड्राइभर लामाले यी कुनै पनि कुरा किन गर्न सकेनन् ? किन दाहिनेपट्टि गाडी फालहाल्यो ?

यी सबै वास्तविकताहरुले के संभावना देखाउँछन् भने- गाडीको दुर्घटना कि त चरम लापरवाहीको प्रतिफल हो, कि नियतपूर्ण षडयन्त्रको ।

दुर्घटना स्थलमा सडकको देब्रेपट्टि गाडी खसेको ठाउँनेरबाट सडकको सतहमाथि भुईमा ५०-५० कदम जति फरकमा तीन वटा रहस्यमय संकेतहरु छन् । ती प्रत्येक ठाउँमा अलिकता बालुवा छरिएको छ र त्यस्मा वीचमा सानो सानो ढुङ्गा राखिएको छ । जहाँ अन्तिम संकेत छ, त्यहींबाट गाडी तल गुल्टेको छ । जहाँबाट गाडी झरेको छ, त्यहाँ भुसको थुप्रो छ । त्यहाँका स्थानीय बासिन्दालाई प्रश्न गर्दा उनीहरुले बताए कि भुस त- २/३ महीना अघिदेखि नै त्यहाँ थियो, तर बालुवाको संकेत त्यहाँ हुनुपर्ने कुनै कारण उनीहरुलाई थाहा छैन । १.२ दिन अघिसम्म त्यो त्यहाँ थिएन ।



अभूतपूर्व शवयात्रा

उता पोखराका नेकपा (एमाले) का जिल्ला स्तरका मित्रहरुले यस प्रतिनिधिलाई दुर्घटनास्थलमा के बताउनु भयो भने- पोखरामा २ गतेको दिन दुई जना विदेशीले आएर क. भण्डारी कहिले फर्कने, कुन बाटो भएर फर्कने भनेर दोहऱ्याई तेहऱ्याई सोधेका थिए । क.झकबहादुर, क. ऋषि कट्टेल र क. शालिग्रामलाई यो सोधनी भएको थियो । ३ गतेकै दिन विदेशी दुई जनाले ड्राइभर लामासंग कुराकानी गरेको प्रत्यक्ष रुपले देखेको कुरा एक जना जिल्ला समिति स्तरकै मित्रले बताउनु भयो ।

यता ड्राइभर लामालाई लिफ्ट दिने पनि विदेशी नै थिए र त्यो पनि घटनाको लगत्तैपछि ।

ड्राइभर लामाको पछिल्लो गतिविधिमा केही संन्देहास्पद व्यवहार थिए कि थिएनन् ? सन्देह र खोजी गर्नु पर्ने विषय के भएको छ भने, कतै यी सबै संकेतहरुको बीचमा कुनै संयोजित सम्बन्ध-सेतू त छैन ? कतै संसारमा अन्यत्र क्रीश हनी (अफ्रिकी कम्युनिष्ट नेता) जस्ता चर्चित मानिस मार्ने अतरर्राष्ट्रिय स्तरको षडयन्त्र चलिरहेको आशंका गरिएको वर्तमान परिस्थितिमा यो दुर्घटना पनि नियतपूर्ण अन्तर्राष्ट्रिय षडयन्त्र त हैन ?

यो नियतपूर्ण षडयन्त्र हो भने सबूदहरु तुरुन्तै सबन्धित पार्टीले कब्जामा नलिएमा र तुरुन्तै अनुसन्धान नथालिएमा-प्रमाणहरु उत्तिकै रहलान् भन्ने कुरामा शंकै छ । सबभन्दा ठूलो प्रमाण त ड्राइभर आफैं हो र त्यस पछि घटना स्थलका मानिसहरु र गाडी आफैं ।

सरकारले एक सदस्यीय जाचँ आयोग त गठन गरेको, छ तर यो यति गंभिर घटनामा त्यसैमा भर पर्नु काफी छैन । नागरिक स्तरमा स्वतन्त्र छानवीन आयोग गठन गरी ( जो अहिले गठन भईसकेको पनि छ ।) तुरुन्त अनुसन्धानको काम थाल्नु पनि जरुरी छ । किनकि, वास्तविकताले सन्देहलाई पुष्टि गरेमा यो एउटा त्यस्तो महंगो घटना हुनेछ, जसबाट संसारभरिका वामपन्थीहरुले गंभीर निष्कर्ष निकाल्नु र पाठ सिक्नु नितान्त जरुरी हुनेछ ।

## यो रिक्तताले के असर पार्ने छ ?

क.मदन भण्डारी र क.जीवराज "आश्रित" को अनुपस्थितिले नेकपा (ए.मा.ले) भित्र एउटा खट्किदो रिक्तता महशूस गराउनेछ । क. भण्डारीमा विचार तथा अध्ययन क्षमता, संगठन कला र व्याख्या-क्षमताको अनौठो संयोग थियो । उहाँमा रहेको दृढ इच्छा शक्ति र गतिशीलता विशेष उल्लेखनीय थिए । एकै मानिसमा यी सबै गुणहरु एकै ठाउँमा संयोग भएको सितिमिति भेटिंदैन । त्यसैले उहाँको अनुपस्थितिलाई तत्कालै एकै जना मात्र अर्कोले पूर्ति गर्न सक्ने स्थिति देखिन्न । उहाँको एउटा रिक्ततालाई थुप्रै जना मिलेर भर्नु पर्ने स्थिति पार्टीभित्र रहनेछ । उहाँ पार्टीको बहुदलीय जनवाद र आर्थिक उदारवादका सिद्धान्तकार पनि हुनहुन्थ्यो, व्याख्या कार पनि र त्यसको संगठनकर्ता पनि । उहाँको अनुपस्थितिले पार्टीमा त्यस विचारको सांगठनिक बाहुल्य त खत्तम गर्ने देखिन्न, तर सिद्धान्त-प्रतिपादन र व्यवस्थित व्याख्यामा यो अनुपस्थितिले ठूलै रिक्तता-बोध गराउने स्थिति छ ।

क. आश्रितमा बैचारिक दृढता र संगठन-कलाको अपूर्व संगम थियो । वहाँ राजनीतिक विचारमा क. भण्डारीकै विचारको नजिक हुनुहुन्थ्यो । थप, संगठनको मामलामा उहाँ अत्यन्त जुझारु र अनुशासित संगठनको पक्षपोषण गर्नुहुन्थ्यो । उहाँको अनुपस्थितिले संगठनमा अर्को खालको खट्कदो रिक्तताको बोध गराउने छ ।

नेपालको वामपन्थी आन्दोलनमा यी दुई व्यक्तित्वहरु- नेपालको सामन्तवाद र साम्राज्यवाद विरोधी आन्दोलनका अग्रणी व्यक्तित्वहरु हुनुहुन्थ्यो । उहाँहरुका विचार, क्रियाशीलता र कामले त्यसलाई मूलत: सकारात्मक रुपमा प्रभावित पारेको छ, र बेला बेलामा नकारात्मक रुपमा पनि । त्यसैले, पूरै वामपन्थी आन्दोलनमा उहाँहरुको अनुपस्थितिले खड्कदो रिक्तता-बोध गराउने छ ।

विश्व कम्युनिष्ट आन्दोलनमा रुस र पूर्वी यूरोपमा समाजवादी व्यवस्थाको ध्वंशपछि, विचारधारात्मक उदारवादको जुन बैचारिक

बाँकी ४० पेजमा

## दुर्घटनाका प्रत्यक्षदर्शीसंग
# अन्तरवार्ता



**बास ढुंगा दुर्घटना भएको ठाउँनेर १०-१२ मिटर वर दुइ वटा छाप्रा छन्। ती मध्येको घटनास्थलनेरकै छाप्रोमा वस्ने श्री रत्नलाल श्रेष्ठ र उनकी श्रीमती मायाँ श्रेष्ठ दुर्घटनाको दृश्य आफ्नै आँखाले देख्ने पहिलो प्रत्यक्षदर्शी हुनुहुन्छ। प्रस्तुत छ- घटनास्थलमा हाम्रा प्रधान संपादकले उहाँहरुसित घटनाको भोलिपल्ट लिएको महत्त्वपूर्ण अन्तर्वार्ता**

मूल्याङ्कन: गाडी कसरी खस्यो ?

मायाँ श्रेष्ठ: गाडी स्पीडमा घुम्दै जोडले आयो। गाडी कता फालौं, कता फालौं भने झैं गरेर आयो। उतापट्टि फालेको भए त बेसै हुन्थ्यो। यता दायाँ पट्टि फाल्यो। एकदम स्पीडमा आएको छ- गाडी। उताबाट पनि गाडी आएको छैन, यतापट्टि पनि गाडी छैन।

मूल्याङ्कन: ब्रेक लगा'को देखिएन ? यस्तो टायर "घिस्स" गरेको सुनिएन ?

मायाँ श्रेष्ठ: अहँ त्यसो गरेको त देखेन। त्यस्तो रेसले हावासरी आएको छ गाडी। मैले त "आमा !" भनेर कान थुन्यो यसरी। म साग केलाएर बसिराख्या थिएँ।

रत्न श्रेष्ठ- मैले देखेको त होइन, उसले (श्रीमतीले)- गाडी कहिले दायाँ कहिले वायाँ गरेर स्पीडमा आयो, त्यसपछि तल हाम्फाल्यो रे।

मूल्याङ्कन: ड्राइभर बाटैमा हाम्फालेको पो थियो कि ?

रत्न श्रेष्ठ: त्यो त देखेन, मैले।

मूल्याङ्कन: ड्राइभरलाई केही चोटपटक लागेको थिएन ?

रत्न श्रेष्ठ: त्यो गाडीसितै तलै पुगेको भए हात भाँच्नु पर्ने, खुट्टा भाँच्नु पर्ने, टाउकोतिर धेरै घाऊ चोटपटक हुनु पर्ने। त्यतिको चोटपटक पनि देखेन, लंगडा संगडा पनि देखेन। हातमा अलिकता घाउ मात्र थियो। तलबाट आफैं हिँ–डेर आफै आयो।

मूल्याङ्कन: माझीले दहबाट उतान्यो भन्या हो, उसलाई ?

रत्न श्रेष्ठ: माझी-साझी कोही पनि थिएन।

मूल्याङ्कन: तपाईंले देख्दा त्यो ड्राइभर कहाँ थियो ?

रत्न श्रेष्ठ: त्यो दहमाथिको ठूलो ढुंगामा थियो।

मूल्याङ्कन: के उसको लुगा जम्मै भिजेको थियो ?

रत्न श्रेष्ठ: खोई, पानी परिराख्या थियो। लुगा त भिजेको थियो। तर खोलाको पानीले भिजेको कि अकाशको पानीले, त्यति हेक्का राख्न सकेन मैले।

मूल्याङ्कन: र अरु पत्रकार: हैन खोलाको पानीले भिजेको भए लुगा मैलो हुन्छ, पानी तरर्र चुहिन्छ, निथ्रुक्कै हुन्छ: त्यति थाहा पाउन सक्नु भएन तपाईंले ?

रत्न श्रेष्ठ: त्यो चाहिं त्यत्ति हेक्का राख्न सकिंन मैले। जम्मै हेर्न सकिंन मैले।

मूल्याङ्कन: सडकको छेऊमा बालुवाहरु राखेको कसले ?

रत्न श्रेष्ठ: त्यो बालुवा राखेको त थाहा पाएन हामीले। धेरै पहिले राखेको भए त पानीले बगाउनु पर्ने। ताजै छ। पानीले पखालेको पनि छैन।

मूल्याङ्कन: एक्सीडेण्ट भएपछि बिदेशी गाडी आयो यहाँ ? ठूलो गाडी आयो कि, कार आयो कि ?

रत्न श्रेष्ठ: यहाँ एउटा कालो भ्यान आयो भ्यान आएपछि त्यसले रोक्यो। ड्राइभर त्यसमा चढेर गईहाल्यो। एक्सीडेन भए पछि एउटा ट्यांकी आएको थियो। त्यो यहाँ रोक्यो। त्यसको ड्राइभर खलासी सबै तल हेर्न गयो।

मूल्याङ्कन: ड्राइभर आफैले भ्यान रोक्यो कि, भ्यान आफैं रोकेर ड्राइभर लिएर गयो ?

रत्न श्रेष्ठ: ड्राइभरले रोकेको।

मूल्याङ्कन: मान्छे कस्ता थिए ? गोरा थिए कि काला ?

रत्न श्रेष्ठ: मान्छे त गोरा थिए।

मूल्याङ्कन: सडकको दायाँ छेउमा भुस कसले राखेको ?

रत्न श्रेष्ठ: त्यो चैतमा गाडीवालाले खसालेको हो। त्यो यति मात्र थियो र ?–मभरिको भूस थियो। तपाईंले अहिले चिनो राख्या भन्ठान्नु भयो होला हगि ? त्यो अहिलेको होइन।

मूल्याङ्कन: तपाई के देखेर तल गाडी झरेको ठाउँमा जानु भो ?

रत्न: यसले (श्रीमतीले) जोडले करायो। मैले यसो हेरें। गाडी बाटो मारेर तल गएको देखें मैले। चक्काको डोरो नै देखें मैले। पछि "ड्वाङ।" आवाज आयो। मैले डीलमा गएर ४ मिनेट जति हेरें। तल दहमा कागतै कागत तैरिरहेको देखें। "ल। मान्छे परेछ।" भनेर त्यसपछि तल झरिहालें।

मूल्यांकन: तल गए पछि के के देख्नु भो ? के के सुन्नु भो ?

रत्न श्रेष्ठ: पहिला त ड्राइभर देखें। ड्राइभरले गुहार मागेर बोलायो। म त्यहाँ जाँदा एउटा सुटकेश बाहिरै देखें। ड्राइभरको झोला दहमा तैरिरहेको देखें। ड्राइभरले "मेरो मान्छे दुई जना डुब्यो- निकाली दिनु पऱ्यो" भन्यो। मैले पौड्न जान्या थिएन। त्यसैले म सक्दिन भनें।

मूल्याङ्कन: तपाईंले अघि मान्छे धेरै जम्मा भएको थियो भनेको होइन ? त्यो जम्मा भए पछि- निकाली दिनु पऱ्यो भनेन त ड्राइभरले ?

रत्न: नभनेको कुरा, त्यो त भनेन ड्राइभरले। पछि मान्छे धेरै जम्मा हुँन्दा ड्राइभर गईसकेको थियो।

# पासाङमाथिको सरकारी रवैया

गत वैशाख १० गते विश्वको सर्वोच्च शिखर सगरमाथाको टाकुरोमा नेपाली महिला श्रीमती पासाङ ल्हामु शेर्पाले पाइला टेकिन्। नेपाली महिलाले सर्वोच्च शिखर छोएको यो प्रथम पटक थियो। यस ऐतिहासिक आरोहणले पासाङलाई नेपाली महिला जगतकी दृढता र साहसकी प्रतीकको रूपमा नेपाली समाजले संझिरहने छ।

तर शिखरबाट फर्कन लाग्दा बाटैमा हराएर हिंउँमा पुरिएर पासाङको जुन मृत्यु भएको छ, यसले समस्त नेपालीहरूलाई गहिरो चोट पुऱ्याएको छ।

साहसी नेपाली नारी स्व. पासाङ ल्हामु शेर्पाप्रति "मूल्याङ्कन" हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै पासाङका श्रीमान लाक्पा सोनाम शेर्पा र पासाङका दुई छोरीहरू र एक छोरा लगायतका परिवार-जनहरूमा हार्दिक समवेदना प्रकट गर्दछ।

गत वैशाख २८ गते ८,७४० मिटरको उँचाइमा १.५० मिटर हिउँले पुरेको स्थितिमा उनको लास फेला परेको तर उनीसँगै हराएका सोनाम छिरिङको भने अझै पत्तो भएको छैन।

पासाङको यो शिखरारोहण अभियानलाई शुरु प्रक्रियाहरूदेखि नै हेर्दा देखिएको कुरा हो- यस अभियानका पछाडि उनको नेपाली राष्ट्रवादी चेत प्रवल रूपमा रहेको थियो। अत्यन्त भारतमुखी हुन पुगेको वर्तमान कांग्रेसी सरकारले पासाङलाई भारतीय महिला बचेन्द्री पालको नेतृत्ववाला पर्वतारोही दलसँग संयुक्त हुन दिएको दवावलाई लत्याएर उनी नेपाली टोलीलाई साथ लिएर अघि बढेकी थिइन्।

भारतीय टोलीलाई भने रु ५ लाख सलामी दस्तुर मिनाहा दिने कांग्रेसी सरकारले पासाङको नेपाली टोलीलाई भने कुनै छुट नदिएको र धेरै ठूलो प्रयत्नपछि १०% मात्र रोयल्टी मिनाहा गर्न सरकार राजी भएको तथ्यले देखाउँछ - पासाङको नेपाली टोलीलाई आड र प्रोत्साहन दिने कार्य हैन, सरकारले हैरानी र निरुत्साहित पार्ने काम मात्र गरेको थियो। यसबाट सरकार विल काट्ने र रकम असूल गर्ने कुनै यान्त्रिक निकायभन्दा बढी केही ठहरिएन।

फर्कदा पासाङहरू वेपत्ता भएपछि उनीहरूको खोजीमा सरकारले तदारूकता नलिनु र आखिर निजी प्रयत्नबाटै खोजी गर्नु पर्ने स्थिति पैदा हुनुले पनि सरकारको यही गैर-जिम्मेवार रवैयालाई प्रकट रूप दिएको छ।

संचार-यन्त्रहरूको प्रभावकारी वन्दोवस्त र हेलिकोप्टरद्वारा तत्काल फलोअप हुन सकेको भए पासाङको मृत्यु टर्न सक्ने धेरै सम्भावना थियो भन्ने बौद्धिक-क्षेत्रको राय वस्तु-सम्मत थिएन भन्न सकिन्न।



# रुस संवैधानिक संकटको बाटोतिर

## पश्चिमी साम्राज्यवादीहरूलाई रुसमा शक्तिशाली संसद होइन, शक्तिशाली येल्तसीन चाहिएको छ

बैशाख १३ गतेको बहुचर्चित रुसी जनमत संग्रहमा, चाहे जे गरेर होस्, जित अन्ततः येल्तसीनको भयो । जनमत संग्रहमा सोधिएका ४ प्रश्नहरुमध्ये "के तपाईं येल्त्सीनलाई विश्वास गर्नुहुन्छ" भन्ने पहिलो प्रश्नमा ५८.७ प्रतिशत मत येल्तसीनको पक्षमा पऱ्यो । येल्तसीनका आर्थिक, सामाजिक नीतिलाई रुसी जनताहरु के स्वीकार गर्छन् ?- यो दोश्रो प्रश्नमा येल्तसीनले ५३ प्रतिशत मत प्राप्त गरेको घोषणा भएको छ ।

रुसी संसद प्रमुख- रुल्लान खासबुल्लातोभले जनमत संग्रहमा व्यापक धाँधली भएको आरोप लगाएका छन् । स्वयम् अमेरिकी राष्ट्रपति बील क्लिण्टनले खुलेआम भनेका छन्- 'हामी (अमेरिका, बेलायत, जर्मनी)- रुसी जनमत संग्रहलाई सतत रुपमा कडाइपूर्वक नियन्त्रित गरेर बसिरहेका थियौं ।' सार्वभौमसत्ता सम्पन्न रुसी संसदले जनमत संग्रहमा जितबाजी प्राप्त गर्नलाई कुल रजिष्टर्ड मतको ५१ प्रतिशत ल्याउनै पर्ने निर्णय गरेको थियो । त्यस अनुसार त जनमत संग्रहमा येल्तसीन नराम्ररी हारेका हुन् । तर न्यायाधीशहरुलाई पैसाले किनेर हो वा धम्क्याएर, रुसको संवैधनिक अदालत मार्फत जनमत संग्रहको मुखैमा घोषणा गर्न लगाइयो- त्यति मत ल्याउनु पर्दैन, खसेको मतको ५१ प्रतिशत ल्याए पुग्छ । यदि येल्तसीन र उनको सुधार कार्यक्रम वास्तवमै अत्यधिक लोकप्रिय भएको भए, यो साजिश गर्न जरुरी नै किन हुन्थ्यो ?

जनमत संग्रहलाई प्रभावित पार्न पश्चिमी जगत निकै सक्रिय भयो । अमेरिकाले हत्त र पत्त एक अरब ८० करोड डलर सहायताको घोषणा गऱ्यो, सात विकसित औद्योगिक राष्ट्रको आपत्कालीन वैठकले४३ अरब डलरको, जापानले १३, ८० करोड डलरको अहिले जनमत संग्रह सकिनासाथ अमेरिकाले रुसको निम्ति घोषित सहयोग-राशी तुरुन्तै दिन नसक्ने, ऊ आफ्नै देशभित्रको बजेट घाटा र बेरोजगारीको समस्यामा केन्द्रित हुनु पर्ने विचार व्यक्त गरिसकेको छ । यसबाट के प्रष्ट हुन्छ भने, सहायता राशीको घोषणा जनमत संग्रहलाई प्रभावित गर्न पश्चिमले गरेको फगत राजनीति थियो !

जनमत संग्रहको नतिजा आफ्नो अनुकूल निकालेपछि पश्चिमका सारा पूँजीवादी-साम्राज्यवादी शक्तिहरुको ध्यान अब रुसी संविधान र संसदमा गएको छ । अहिले जुन संविधान छ, त्यो १९७८ मा पारित सोभियत संघकालीन संविधान हो । रुस संवैधानिक बाटोबाटै, समाजवादबाट पूँजीवादी बहुदलीय व्यवस्थातिर लगिएको हुनाले त्यहाँ यो संविधानलाई ध्वंश गरिएन । बरु, त्यसमा कैयन पटक संशोधन गरेर आफ्नो अनुकूल पारिएको थियो । अहिले त्यही संविधान पश्चिम र येल्तसीन दुवैको लागि घाँडो भएको छ ।

यस्तो हुनाका दुई मुख्य कारण छन्: पहिलो, यो संशोधन गर्दै गर्दै पूँजीवादी बनाइएको संविधानले अझ पनि संसदलाई नै सर्वाधिकार संपन्न बनाएको छ, राष्ट्रपतिलाई हैन । यसले विगत ६ महीनामा मात्र कैयन पटक संविधान संशोधन गरेर राष्ट्रपतिका कैयन निरंकुश अधिकार खोसेको छ । तर पश्चिमलाई भने आफ्नो स्वार्थका लागि शक्तिशाली संसद हैन, शक्तिशाली येल्तसीन चाहिएको छ, ता कि उसमार्फत रुसलाई आफ्नो पाउमुनि ल्याउन सकियोस् र आफ्नो स्वार्थका निम्ति छिटो भन्दा छिटो, सारा कुरा गराउन सकियोस् । दोस्रो, अहिलेको रुसी संसदमा पहिलेका कम्युनिष्टहरु, पुराना नोकरशाहहरु र राष्ट्रवादीहरुको बाहुल्य छ र उनीहरुमध्येको, अत्यधिक बहुमत बजार-अर्थतन्त्र र रुसमाथि पश्चिमको प्रभुत्वका विरोधी छन् । पश्चिमलाई रुस फेरि प्रतिद्वन्दी महाशक्ति हुनै नसकोस् भन्नाका लागि छिटो भन्दा छिटो रुसी आणविक शस्त्रास्त्र-भण्डार खतम पार्नु छ, त्यहाँ फेरि कम्युनिष्टहरु सत्तासीन हुनै नसक्ने स्थिति सुनिश्चित बनाउनु छ र रुसी बजार र साधन-स्रोतमा एकलौटी कब्जा जमाउनु छ । तर बर्तमान संसदमार्फत त्यसो गर्न संभव देखिएको छैन ।

त्यसैले जनमत संग्रहपछि पश्चिमेली साम्राज्यवाद र येल्तसीनको मुख्य रणनीति भएको छ- जसरी पनि बर्तमान संविधान र संसद खतम पार्नु र त्यसको सट्टामा तावेदारी संविधान र रबर-छाप संसद ल्याउनु ! पश्चिमका सारा प्रचार माध्यमहरु अहिले राष्ट्रपति येल्तसीनलाई यही गर्न उक्साउँदै छन् र यसका निम्ति अनुकूल वातावरण र जनमत बनाउँदैछन् ।

उता पश्चिमको पाल्तु कुकुरका रुपमा येल्तसीनले अप्रिल २९ मा (बैशाख १७ गते) घोषणा गरेका छन्- उनले अब संसदलाई मिचेर अघि बढ्नेछन् र आफैं नयाँ संविधान र संसद पैदा गर्नका लागि कदम चाल्नेछन् । येल्तसीन भन्छन्- "जनमत संग्रहले देशमा बिल्कुलै नयाँ परिस्थिति सिर्जना गरेको छ र यो स्थितिमा नयाँ संविधान हुनु जरुरी भएको छ । हामीसित जुन छ, त्यो पुरानो छ र त्यसमा कैयन ठाउँमा टालोले टालिएको छ । यसले हामीलाई पुरानै स्थितिमा तानेर लैजाँदैछ ।"

यही मे महीनाको अन्त वा जूनको शुरुमा, संसदको स्वीकृतिविना नै, गैर-संवैधानिक तवरले, एउटा संवैधानिक सम्मेलन गर्ने घोषणा गरेका छन् र त्यसका निम्ति देशका ८८ वटा अर्द्ध-स्वशासित गणतन्त्र वा क्षेत्रहरुलाई प्रतिनिधि चुनेर पठाइदिन आव्हान गरेका छन् । संसदले यो घोषणाको विरोध गरेको छ । हालै उनले मस्कोमा रेड स्क्वायरमा मइ दिवस मनाउँदा समेत चर्को दमन गरे । एकजनाको मृत्यु र पचासौं जना घाइते भए ।

येल्तसीनको यो गैर-प्रजातान्त्रिक र गैर-संवैधानिक कदमबाट रुसमा गंभीर संवैधानिक संकट खडा भएको छ । ती पूँजीवादीहरु नै हुन् जो संविधान र संसदको सर्वोच्चताको कुरा गर्छन्, तर आफ्नो स्वार्थ अनुकूल नभएपछि पश्चिमका सारा पूँजीवादीहरु र येल्तसीन-स्वयम् रुसमा निर्वाचित संसदको, संविधानको सर्वोच्चताको विरुद्धमा खडा भएका छन् र नांगो रुपमा व्यक्ति-सर्वोच्चताको वकालत गर्न थालेका छन् । यसले देखाएको छ- आफ्नो स्वार्थका लागि स्वयम् पूँजीवादीहरु-पूँजीवादी प्रजातन्त्रका आधारभूत मान्यताको विरोधी हुन सक्छन् । पूंजीवादीहरु नै बेसरोकार भए पछि, अब को वारीस हुने- त्यहाँको पूँजीवादी संविधान र संसदको ? कसले वकालत गर्ने पूँजीवादी संविधान र संसदको सर्वोच्चताको ? यसरी, त्यहाँको संविधान र संसद दुबै बेवारीस भएका छन् । सारा पूँजीवादीहरु व्यक्ति-निरंकुशतन्त्रको पक्षमा, गैर-पूँजीवादीहरु संविधान र संसदको सर्वोच्चताको निम्ति वकालत गर्ने स्थितिमा,- एउटा विचित्रको स्थिति रुसमा खडा भएको छ ।

यो बिन्दुमा रुस कता जाने हो ? केही निश्चित छैन । रुस अहिले दोबाटोमा खडा भएको छ । पश्चिमाली साम्राज्यवाद र येल्तसीनको जोड चल्यो भने- यसलाई द्रुत गतिले दाँत फुकालिएको बाघको स्थितिमा लगिने छ र यो पश्चिमको पूँजीवादी उपनिवेशको रुपमा रुपान्तरित हुनेछ । कम्युनिष्टहरुको जोड चल्यो र उनीहरुले बिगतको गल्तिको इमान्दारीपूर्ण समीक्षा र आत्मालोचना सहित त्यहाँको अपार महंगी, बेरोजगारी, असुरक्षा

र अराजकताबाट अत्यन्त असंतुष्ट जन समुदायसँग घनिष्ट संवन्ध कायम गर्नसके भने र उनीहरुको आक्रोशलाई अत्यन्त संगठित विद्रोहमा बदल्न सकेभने- यो फेरि उन्नत समाजवादी दिशामा पनि जान सक्छ। रुसमा विकासको लागि समस्या विकासको पूर्वाधारको होइन, पूर्वाधार त त्यहाँ सबै मौजूद छन् । समस्या सही र सशक्त वैचारिक नेतृत्वको हो । तर तत्काल त्यो नेतृत्व कसले देला- त्यो प्रष्ट भएको छैन । तर दुई वटा कुरा भने प्रष्ट भएको छ- साम्राज्यवादीहरुलाई संवैधानिक र प्रजातान्त्रिक बाटोबाट रुसलाई आफ्नो स्वार्थ अनुकूलको दिशामा लानु असंभव भएको छ । त्यसैले नै उनीहरु मई दिवसमा समेत प्रतिवन्ध लगाउदै गैर- संवैधानिक र गैर-प्रजात्रान्त्रिक बाटो समातिरहेका छन् । यो उनीहरुको गंभीर संकटको संकेत हो । उता कम्युनिष्टहरु भने अहिले फगत एकीकरण, पुनर्एकीकरणद्वारा शक्ति संचय गर्दैछन् र विगतका गल्तीको समीक्षा गर्दै नयाँ रणनीति र कार्यक्रम तर्जुमा गर्दैछन् । यो स्थितिमा यो संकटबाट रुस कसरी र कुन बाटोमा अघि बढ्ला ?- सबैको जिज्ञासाको विषय भएको छ। #

इसासका कलाकार ईश्वर जोशीको
प्रस्तुति
**बाल गीती–यात्रा**
गीती क्यासेट बजारमा आउँदैछ ।



# पाकिस्तान फेरि सैनिक कारवाहीको भुमरीमा

पाकिस्तानमा गएको तीन वर्षमा दोस्रो पटक त्यहाँको सैनिक तानाशाहले त्यहाँको निर्वाचित सरकारलाई अपदस्थ गऱ्यो । यस पटक शिकार भए- ४४ वर्षीय प्रधान मन्त्री नवाज शरीफ । १९९० मा यसैगरी प्रधानमन्त्री बेनजीर पनि अपदस्थ भएकी थिइन् । दुवैलाई लागेको आरोप एउटै छ- अव्यबस्था र भ्रष्टाचार ।

बाह्य रुपमा देखिंदा झगडा कसरी शुरु भयो भने, तीन महीना अघि, १९९३ को शुरुमा, सैनिक राष्ट्रपति गुलाम इशाक खाँले जनरल असीफ नवाजको ठाउँमा नयाँ सैनिक स्टाफ प्रमुख नियुक्त गरे । प्रधान मन्त्री शरीफले भने त्यो ठाउँमा राख्न अर्के मान्छे सिफारिश गरेका थिए । यहींबाट दुई बीच तीव्र मनमुटाव र अन्तरविरोध शुरु भयो । प्रधानमन्त्रीले त्यसको लगत्तैपछि संविधानको धारा ८ संशोधन गर्ने प्रयत्न र प्रचार गर्न थाले, जसले राष्ट्रपतिलाई प्रधानमन्त्री समेत बर्खास्त गर्ने निरंकुश अधिकार दिन्छ । राष्ट्रपतिले त्यसको विरुद्धमा-शरीफको मंत्री-मण्डलबाट भटाभट मन्त्रीहरुको राजिनामा दिलाउने कदम चाले । जब शरीफ खुलेआम राष्ट्रिय टेलिभिजन मै राष्ट्रपतिको तानाशाही विरुद्ध पेश भए, त्यसको भोलिपल्टै मध्यरातमा प्रधान मन्त्रीलाई अपदस्थ गरियो ।

तर पर्दाभित्र अपदस्थताका अरु गहीरा कारणहरु थिए । नवाज शरीफ नै अहिलेसम्ममा एक जना त्यस्ता प्रधान मन्त्री थिए, जो जमिन्दार वर्ग र सेनाबाट आएका थिएनन् । अमेरिकी विरोधको वावजूद पाकिस्तानलाई आणविक शक्ति-सम्पन्न बनाउने उनको अठोटले र हरेक दवाव आँखा चिम्लेर नमान्ने उनको स्वभावले उता

नेपालकी अत्यन्त चर्चित र लोकप्रिय साहित्यकार

स्व. पारिजातप्रति
हार्दिक सम्मान र श्रद्धाञ्जली
अर्पण गर्दछौं ।



चिराग फोम इ. (प्रा). लि.



बेनजिर भुट्टो सैनिक कारवाहीको समर्थनमा

वाशिंटनलाई पनि चिढ्याइरहेको थियो । धमाधम राजकीय उद्योगहरु निजी क्षेत्रलाई बेच्ने उनको उदारवादी कदमले नोकरशाही पूँजीपति-वर्गका रुपमा विकास गरिरहेका त्यहाँका सेनाका-प्रमुखहरुको स्वार्थमा नराम्रो धक्का पुऱ्यायो । व्यापार र उद्योगका क्षेत्रमा निजी क्षेत्रका उद्योगपति र व्यापारी वर्गका हितमा अरु थप द्रुतगामी कदम चाल्न प्रधानमन्त्रीलाई थप अधिकारको जरुरत थियो । तर संविधानमा त्यस्तो अधिकारको व्यवस्था थिएन । त्यसैले स्वयम् लाहोरका उद्योगपति प्रधान मन्त्री शरीफले- उद्योगपति, व्यापारी र मध्यम वर्गको आडमा संविधानमै संशोधन गर्ने जमर्को गरे । आफैं पटक पटक सैनिक तानाशाहीको शिकार भईसकेको बेनजीरको पाकिस्तान पिपुल्स पार्टीले उनलाई मद्दत गर्ला भन्ने उनको आशा थियो । त्यसैले उनले दुई महीनाअघि भुट्टोका, पतिलाई जेलबाट रिहा पनि गरे, तर स्वार्थ-आहत सेनालाई यो सबै सह्य भएन । वाशिङ्टनले हरियो बत्ती देखायो । राष्ट्रपति गुलाम इशाक खाँले कार्वाही गरे । तर बेनजीर भुट्टो भने उनको समर्थनमा आएनन् ।

व्यापारीक र औद्योगिक् क्षेत्रले उनको अपदस्थतामा प्रतिक्रिया देखायो । त्यहाँको उद्योग वाणिज्य संघले भोलिपल्टै संपूर्ण व्यापार-व्यवसाय ठप्प पाऱ्यो । उद्योग वाणिज्य संघका सभापति मियाँ हविबुल्लाहले चेतावनी दिए- "सरकारको फेरबदलले लगानीकर्ताको विश्वास डुवाईदिएको छ र यसले अर्थतन्त्रलाई धराशायी बनाउनेछ ।" कराँचीको शेयर स्टक बजार १०० बाट ३७ मा झऱ्यो । उद्योगपति, व्यापारी र मध्यम वर्ग समर्थक सारा पत्रिकाहरु विरोधमा उत्रिए । Nation, पत्रिकाले लेख्यो- "नैतिकता र संवैधानिकताको सारा जग हाम्रै आँखा अगाडि धराशायी हुँदैछ ।"

तर ३२ महीनाअघि आफैं सैनिक तानाशाहीको शिकार भएकी भू.पू. प्रधानमन्त्री बेनजीर भुट्टो भने मूर्खतापूर्ण ढंगले यस सैनिक कारवाहीको समर्थनमा उत्रिन् र ४ वटा निर्वाचित प्रान्तीय सभाहरुको पनि भंग गर्ने माग गरिन् । ७० वर्षीय नरमपन्थी वाल्ख शेख मजारीको प्रधानमन्त्रीत्वमा जब नयाँ मन्त्री मण्डलको गठन भयो, उनको पाकिस्तानी पिपुल्स पार्टीबाट केही मंत्रीहरु त्यसमा परे । यसमध्ये एक जना त उनका श्रीमान असीफ अली जर्दारी नै परेका छन् । २१७ सदस्यीय संसद भंग गरेर आगामी जुलाई १४ मा आम चुनावको घोषणा गरिएको छ । अहिले बेनजीर फेरि प्रधान मन्त्री बन्ने सपना बुन्दै संपूर्ण तानाशाही कदमको स्वागत गर्दै, चुनावी अभियानमा जुटेकी छिन्, मानौं- उनको संपूर्ण सरोकार येनकेन प्रकारेण सत्तामा जानुसँग मात्र छ ।

"ईश्वर मसित निकै दयालु भएको मलाई महशूस भएको छ"- उनी Newsweek, पत्रिकालाई भन्छिन् । अहिले उनको ध्याउन्ना वाशिंगटनको आशीर्वाद पाउनुमा गएको छ, किनकि पाकिस्तानमा पर्दा पछाडिको मूल शक्ति सेना हो र सेनाको लगाम वाशिंटनमा छ भन्ने उनलाई आफ्नै अनुभवबाट थाहा छ त्यसैले उनी अमेरिकाको यात्रा गरेर फर्केकी छिन् ।

यता नवाज शरीफले आफूमाथि भएको अन्याय विरुद्ध सर्वोच्च अदालतमा मुद्दा दायर गरेका छन् । अपदस्त भएको ३ दिन पछि नै चुनावी अभियानमा उनी पनि सामेल भएका छन् । अहिले पाकिस्तानको शहरी क्षेत्र-नवाज शरीफप्रति सहानुभूतिशील भएको छ । सबभन्दा धेरै मत पंजाब प्रान्तमा छ, जहाँ कुल मतदाताहरु मध्ये ६५ प्रतिशत छन् । त्यहाँ अपदस्थ शरीफको हालै भव्य स्वागत भएको खबर छ । तर सम्भावना के छ भने, चाहे बेनजीर सत्तामा आउन् वा नवाफ शरीफको दल मुस्लीम लिग नै- सत्तामा को हावी हुने भन्ने सवालमा फेरि टक्कर त सेनासँगै हुनेछ, जसको चावी वाशिंटनमा छ । यो पीडा पाकिस्तानले कहिलेसम्म भोग्ने हो, कुनै निश्चितता छैन । ✱

## मे दिवसमा भोकमरीको प्रदर्शन र विदेशी कामदारको दुःख व्यक्त

जापान/मे दिवसको उपलक्ष्यमा जापानभरि १९८० ठाउँमा भएका विविध कार्यक्रमहरुमा ३४ लाख मजदूरहरु सहभागी भएको कुरा जापानको सबैभन्दा ठूलो मध्यमार्गी मजदूर संगठन रेंगो ले जनाएको छ । ७६ लाख सदस्य संख्या भएको त्यस संगठन रेंगोले टोकियोको योयोगी पार्कमा आयोजित आफ्नो केन्द्रीय मेलामा २ लाख सहभागीहरुलाई सम्बोधन गर्दै एक घोषणा-पत्र जारी गरेको छ । घोषणा-पत्रमा रेंगोले भनेको छ- आर्थिक रुपमा ठूलो, शक्तिशाली एवं धनी राष्ट्र मानिने जापानमा हामीले भने आफ्नो दैनिक जीवनमा असुरक्षाको मात्र अनुभव गरिरहेका छौं । विरामी वा बूढो भएपछि के गर्ने होला भन्ने चिन्ताले हामीलाई सताएको छ । धान्नै नसकिने शिक्षा र घरहरुको मूल्य बारे विचार गरौं । मध्यम किसिमका, साना साना उद्योग धन्दाहरुमा कामको घण्टा अझै लामो छ ।"

अन्तर्राष्ट्रिय रुपमा साम्यवाद माथि प्रहार भैरहेको स्थितिमा, ५ वर्ष अगाडि विभाजित भएको जापानी मजदूर आन्दोलनका रेंगोको मध्यमार्गी धारबाट अलग भई "वामपन्थी" धार समातिरहेको जेनरोक्यो (Zenrokyo) नामक मजदूर संगठनले भने जापानमा कार्यरत सुविधाबाट वञ्चित विदेशी मजदूरहरुसँग ऐक्यवद्धता कायम गर्दै मे दिवस मनायो । धनी देशमा कमसल कार्य तथा जीवन अवस्थाहरुका विरुद्ध सशक्त आवाज उठाउने क्रममा २० हजारभन्दा बढी मानिसको सहभागिता रहेको ऱ्यालीले विशेषतः विदेशी मजदरहरुको समस्याप्रति ध्यान आकर्षित गऱ्यो । ऱ्यालीलाई सम्बोधन गर्दै २८ वर्षीय बंगलादेशी मजदूर मुबारक होसैनले जापानमा कार्यरत ५ लाख विदेशी मजदूरहरु, जसमा करीब ३ लाख अवैध रुपबाट कार्यरत मजदूरहरुको समस्यालाई उठाउने सन्दर्भमा आफूहरुलाई दुर्घटनाहरुको प्रत्याभूति नगरिने र मनपरी ढंगले कामबाट निकालिने गरिएको हुनाले जन-समर्थनको आवश्यकता तर्फ औंल्याए । ✱


विभिन्न किसिमका स्टील दराज, स्टील ओपन र्‍याक, टी.भी. क्याविनेट, सोफासेट

र

काठका अन्य फर्निचर सामानहरुको लागि

अवश्य सम्पर्क राख्नुस् ।

MOON

FURNITURE HOUSE

मून फर्निचर हाउस

काठमाडौं, डल्लु,

(डल्लुबाट छाउनी ब्यारेक जाने बाटोमा)

पढ्नु होस्

साप्ताहिक

जनादेश

साप्ताहिक

पृष्ठभूमि

# नेपालको कम्युनिष्ट आन्दोलनको आधारभूत समस्या के ?

## नेतृत्वदायी वाम कार्यकर्ताहरूको दृष्टिमा

हामीले हाम्रो केही अंक अघिदेखि यो महत्वपूर्ण सवालबारे नेपालको कम्युनिष्ट आन्दोलनका सबैजसो प्रमुख नेतृत्वदायी कमरेडहरूको विचार प्रस्तुत गर्दै आएका हौं। गएको अंकमा ती सबैको सार संक्षेप प्रस्तुत गरिएको थियो।

नेपालको कम्युनिष्ट आन्दोलनले व्यहोर्नु परेको आधाभूत समस्या के ? के कारणले यो आन्दोलन अपेक्षित क्रान्तिकारी दिशामा नेतृत्वदायी ढंगले अघि बढ्न सकेको छैन ?



कम्युनिष्ट आन्दोलनको सफलताबारे चिन्तित जो कोहीको लागि पनि यो चिन्तन मननको निम्ति अत्यन्त महत्वपूर्ण सवाल हो । यो गाँठो नफुस्किईकन रोगको सही निदान हुँदैन, रोगको निदान नभई रोगको सही उपचार हुन सक्छ नै कसरी ?

त्यसैले हामीले यस पटक प्रस्तुत गरेका छौं - यसबारे नेपालका मध्यम स्तरीय नेतृत्वदायी कार्यकर्ताहरूको विचार, जो लामो समयदेखि आन्दोलनमा क्रियाशील हुनुहुन्छ - प्रधान सम्पादक)



**युवराज कार्की**

नेे.क.पा एमाले

# हाम्रो आधारभूत समस्या हो - देशको विशेषता अनुसारको सुस्पष्ट वामपन्थी विकल्पको र उन्नत संस्कृतिको अभाव !

**४० वर्षीय क. युवराज कार्कीले पार्टी - सदस्यता २०२७ सालमा पूर्व कोशीबाट पाउनु भएको थियो। २०३२ सालमा तात्कालीन कोअर्डिनेशन केन्द्रमा समावेश हुनु भएका उहाँले २०३६ सालदेखि पेशेवर क्रान्तिकारीका रूपमा काम गर्नु भयो। २०४६ साल भाद्रको चौथो महाधिवेशनमा तात्कालीन नेकपा (माले) को केन्द्रीय समितिमा निर्वाचित हुनु भयो। अहिले उहाँ कुनै पनि समितिमा पर्नु भएको छैन।**

*आधारभूत कारणहरू दुइवटा छन् जस्तो मलाई लाग्छ । एउटा कारण वस्तुगत हो भने अर्को मनोगत ।*

*वस्तुगत कारण भन्नाले कुनै पनि देशमा क्रान्ति हुनका निम्ति वस्तुगत परिस्थिति अनुकूल हुनु पर्छ । अन्तर्राष्ट्रिय स्थिति क्रान्तिको निम्ति अनुकूल हुनुपर्छ । तर केही समययता आएर अन्तर्राष्ट्रिय परिस्थितिमा प्रतिकूलताहरू थपिंदै गए । पूँजीवाद जुन संकटमा पुग्नेछ भनेर मार्क्स र लेनिनले घोषणा गर्नु भएको थियो, तर त्यस्तो भएन । पूँजीवादले नयाँ नयाँ विज्ञान र प्रविधिको विकास गरेर धेरै लचकताका साथ आफ्नो कतिपय संकट टार्दै गयो । मार्क्सवादले उठाएका कैयन सवाललाई समेत उसले आफूभित्र समाहित गर्दै गयो र यसरी अन्तर्राष्ट्रिय रूपमा उसले आफ्नो शक्तिशाली स्थिति कायम गर्न सक्यो । यता अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनमा भने संकट टार्ने त्यो प्रक्रिया नहुनाले गंभीर धक्का लाग्यो । यी सबको परिणाम स्वरूप अन्तर्राष्ट्रिय परिस्थिति क्रान्तिको निम्ति अनुकूल रहेन । अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनमा लागेको धक्काले स्वाभाविक रूपमा हाम्रो क्रान्तिको प्रक्रियालाई पनि नराम्रो प्रभाव पार्‍यो । वस्तुगत परिस्थिति यसरी हाम्रो आन्दोलनको विकासको निम्ति अनुकूल रहेन ।*

*मनोगत कारण भन्नाले मेरो तात्पर्य के हो भने हाम्रो देशका वास्तविक समस्याहरू के हुन्, देशको अर्थतन्त्रको स्थिति के हो, हाम्रो देशको ऐतिहासिक परंपरा के हो, हाम्रो देशमा आमूल परिवर्तन गर्नको निम्ति लिनु पर्ने नीति- कार्यक्रम के हुने, बुर्जुवाहरूले जुन नीति र कार्यक्रम ल्याएका छन्, त्यसको विकल्पमा हाम्रो क्रान्तिकारी नीति र कार्यक्रम के ? - त्यो हामीले अघि सार्न सकेनौं । हाम्रो वामपन्थी आर्थिक कार्यक्रम के, सांस्कृतिक विकल्प के, राजनीतिक विकल्प के ? - सुस्पष्ट रूपमा हामीले अघि सार्न सकेनौं । हामीले यसरी स्पष्ट क्रान्तिकारी र कम्युनिष्ट विकल्प र क्रान्तिको खाका नै पेश गर्न सकेनौं । त्यसमाथि थप, हामी जुन व्यापक श्रमिक वर्गमा पुग्नु पर्ने हो, त्यहाँ पनि पुग्न सकेनौ । जति पुगेका थियौं, त्यो उपलब्धिलाई संरक्षण गर्दै, विगतका कमजोरी हटाउँदै, झन अगाडि बढ्नु पर्नेमा, पहिले भन्दा पनि झन पछाडि हट्ने प्रक्रियामा हामी छौं ।*

*यसरी हाम्रो आधारभूत समस्या के भएको छ भने हाम्रो देशका राष्ट्रिय विशेषताहरूलाई चिन्हित गर्न नसक्नु, त्यसलाई चिनेर सुस्पष्ट वामपन्थी विकल्प पेश गर्न नसक्नु । बदलिंदो परिस्थिति अनुसार मार्क्सवाद-लेनिनवादलाई स्वतन्त्र रूपले विकास गर्नुको सट्टामा बुर्जुवा वर्गबाट जुन विचारधारा, राजनीति र अर्थतन्त्र पेश भएको छ, त्यसबाट प्रभावित हुने, दिग्भ्रमित हुने उल्टो प्रक्रिया यहाँ हावी हुनु - हाम्रो आन्दोलनको आधारभूत समस्या हो । हाम्रो आन्दोलन ठीक दिशा लिएर अघि बढ्न नसक्नुका पछाडि यिनै कारण मूल रूपमा रहेका छन् ।*

*हाम्रो आन्दोलनको अर्को आधारभूत समस्या - क्रान्तिकारी राजनीतिक संस्कृतिको अभाव, दार्शनिक सहिष्णुताको अभाव हो भन्ने मलाई लाग्छ । भिन्न मतलाई पनि सुन्ने, सहन गर्ने र त्यसका राम्रा कुराहरु संश्लेषण गर्ने संस्कृति हामी कम्युनिष्टमा हुनु पर्ने । तर भिन्न मत हुनासाथ शत्रुतापूर्ण प्रहार गर्ने, निषेध गर्न खोज्ने, प्रतिक्रियावादी ठानेर व्यवहार गर्ने सर्वसत्तावादी संस्कृति वाम आन्दोलनकै अगुवाहरूमा विद्यमान छ । यो सबै पार्टीमा समेत विद्यमान छ, हाम्रो यहाँ । यो दार्शनिक असहिष्णुताले गर्दा थुप्रै राम्रा, आन्दोलनलाई योगदान दिएका कार्यकर्ताहरू आन्दोलनबाट पलायन भएका उदाहरण छन् ।*

*यी सबै आधारभूत समस्या मध्ये पनि मूल समस्या देशको विशेषता अनुसारको क्रान्तिकारी विकल्पको अभाव र उन्नत क्रान्तिकारी संस्कृतिको अभाव हो । किनकि अन्तर्राष्ट्रिय परिस्थिति अनुकूल भएर पनि आफ्नो देशका विशेषताहरूलाई, वस्तुगत परिस्थितिलाई केलाएर, तद्अनुसारको कार्यक्रम, रणनीति, कार्यनीतिहरू विकास गर्न नसकेको खण्डमा र एउटा उच्च स्तरको संस्कृतिले लैश भएर आन्दोलन हाँक्न नसकेको खण्डमा यसलाई अपेक्षित दिशामा लैजान सकिन्न ।*

*प्रश्न उठ्न सक्छ - उन्नत क्रान्तिकारी विकल्प र संस्कृति चाहिं किन भएन त ? यसको संबन्धमा मेरो जवाफ के हो भने - यहाँका क्रान्तिकारी वाम शक्तिहरू - क्रान्तिको संबन्धमा, जति गंभीर हुनु पर्ने हो, त्यति भएनन् । उद्देश्यमा गंभीरता भएन । त्यसैले गर्दा देशको अर्थतन्त्र, राजनीति, संस्कृति संबन्धमा जति गहनताका साथ अध्ययन, विश्लेषण हुनु पर्थ्यो, त्यो नै भएन । अनि कसरी आउँछ उन्नत क्रान्तिकारी विकल्प र संस्कृति ?* ∽ →





# मार्क्सवादी दर्शन सही तवरले ग्रहण र प्रयोग गर्न नसक्नु नै हाम्रो आधारभूत समस्या

**कमलप्रसाद चौलागाईं**

सांसद, संयुक्त जनमोर्चा, (रामेछाप जिल्लाबाट)

**क. चौलागाईं नेकपा (एकता केन्द्र) सित वैचारिक रूपले संवन्ध, चर्चित मध्यम स्तरीय कार्यकर्ता हुनुहुन्छ । ३८ वर्षीय क.चौलागाईंले आफ्नो राजनीतिक जीवन २०३१ सालदेखि विद्यार्थी आन्दोलनबाट शुरु गर्नु भएको थियो र २०३४ सालमा क. ऋषी देवकोटा आजादबाट पार्टी सदस्यता प्राप्त गर्नु भएको थियो । बाबु, दाजुभाइ सबै कांग्रेसी हुँदाहुँदै मार्क्सवादी साहित्यबाट प्रभावित भएर कम्युनिष्ट आन्दोलनमा प्रवेश गर्नु भएको उहाँले अर्थशास्त्रमा एम.ए. गर्नु भएको छ ।**

*मार्क्सवाद भनेको जड-सूत्रहरुको संकलन होइन, यो हाम्रो कार्यवाहीहरूको निम्ति मार्गदर्शन मात्रै हो । त्यो समस्यालाई बुझ्ने, विश्लेषण र व्याख्या गर्ने पद्धति हो । हाम्रो कम्युनिष्ट आन्दोलनको आधारभूत समस्या भनेको मार्क्सवादलाई यो रूपमा ग्रहण नगर्नु र गलत ढंगले बुझ्नु, प्रयोग गर्नुको समस्या हो ।*

*मार्क्सवादलाई हामीले बनीबनाऊ निष्कर्षहरूको संकलन र सूत्रहरूको ग्रन्थको रूपमा लिनु हुँदैन । यसलाई त हामीले संसारलाई, जीवन र जगतलाई बुझ्ने एउटा दृष्टिकोणका रूपमा ग्रहण गर्नु पर्छ । जीवन र जगतलाई बुझ्नको निम्ति मार्क्सवादले हामीलाई एउटा वैज्ञानिक पद्धति दिएको छ । त्यही पद्धतिलाई द्वन्दात्मक भौतिकवाद भनिन्छ । समाज इतिहासको बुझाइमा द्वन्दात्मक भौतिकवाद प्रयोग गर्ने पद्धतिका रूपमा ऐतिहासिक भौतिकवाद विकसित भएको छ । जीवन र जगतको हर समस्यालाई बुझ्ने, व्याख्या गर्ने त्यो पद्धतिलाई नै हामीले ठीक ढंगले ग्रहण र प्रयोग गर्न सकेनौं - समस्याको कडी नै यहाँ छ ।*

*यही कारण हो, । जसले गर्दा हाम्रो मूर्त वास्तविकतामा मार्क्सवादले दिएको द्वन्दात्मक भौतिकवाद प्रयोग गर्न सकेनौं । हामीले यहाँको आर्थिक सामाजिक संरचनाको सही विश्लेषण गर्न सकेनौं । सामाजिक आर्थिक संरचनाको जगन्य रूपमा रहेको आर्थिक उत्पादन प्रणालीको सही विश्लेषण गर्न सकेनौं । अझ मूर्त रूपमा भन्ने हो भने हामीले यहाँको वर्ग विश्लेषण नै गर्न सकेनौं । क्रान्तिकारी परिवर्तनका लागि अगुवाको रूपमा पेश हुनको निम्ति सबैभन्दा ठूलो अवरोध नै यही छ ।*

*त्यसैले, नेपालको कम्युनिष्ट आन्दोलनको आधारभुत समस्या भनेको मार्क्सवादी दर्शनको ग्रहणको समस्या हो, यसको बुझाई र कार्यान्वयनको समस्या हो । जीवन र जगतका समस्यालाई बुझ्ने, विश्लेषण गर्ने र त्यसलाई परिवर्तनको बाटोमा लागू गर्ने जुन पद्धति छ, त्यो मार्क्सवादी पद्धति हामीले ग्रहण नगर्नुको समस्या हो । त्यसैले नेपालको कम्युनिष्ट आन्दोलनको संकट भनेकै विचारधारात्मक संकट हो । हाम्रो मूर्त वास्तविकतामा आधारित - क्रान्तिको सिद्धान्तलाई नै हामीले निर्माण गर्न सकेनौं । क्रान्ति हाँक्न सक्ने किसिमको पार्टी नै हामीले निर्माण गर्न सकेनौं । पार्टीभित्रका समस्याहरू, पार्टी भन्दा बाहिरका समस्याहरू, हर ठाउँमा हामीले मार्क्सवादी पद्धति नै लागू गर्न सकेका छैनौं । पार्टी जुन ढंगले निर्माण हुनु पर्ने हो त्यसरी निर्माण नहुनु टुट्फुट र विभाजन हुनु, राष्ट्र र समाजले अपेक्षा गरेको किसिमले समाजलाई अगाडि बढाउन नसक्नु, यी सबैका पछाडि एउटै कारण देखिन्छ - मार्क्सवादलाई हामीले सही ढंगले बुझेर हाम्रो वस्तुगत परिस्थितिमा लागू गर्न नसक्नु । यही कारणले हामीले क्रान्तिलाई अपेक्षित दिशामा अघि बढाउन सकेनौं । त्यसैले, आन्दोलन ट्र्याक भन्दा बाहिर भएको छ ।*

*मार्क्सवादलाई सही तवरले ग्रहण गर्न पनि आवश्यक मात्रामा आवश्यक ज्ञानका आधारहरू हामीसित हुनु जरुरी हुन्छ, त्यो पनि हामीसित पर्याप्त मात्रामा भई दिएन । र यो बुझ्नको निम्ति जुन कष्टसाध्य प्रयत्न हामीले गर्नु पर्थ्यो, त्यो पनि हामीले गरेनौं । यी कारणले गर्दा मार्क्सवादी पद्धतिको सही ग्रहण गराई हामीबाट हुन सकेन । हाम्रो आधारभूत समस्या भनेकै यही हो ।*

*हामी अहिले पनि यो आधारभूत समस्या हल गर्न त्यति मेहेनत गरिरहेका छैनौं । समसामयिक र टापटिपे कुराहरूमा हाम्रो सारा मेहेनत र ध्यान गईरहेको छ । ध्यान केन्द्रित, शक्ति केन्द्रित, मेहेनत केन्द्रित गर्नु पर्ने कुरामा हाम्रो ध्यान, शक्ति र मेहेनत केन्द्रित भई राखेको छैन ।*

*त्यसैले यो आधारभूत समस्या हल गर्ने हो भने सर्वप्रथम मार्क्सवादी पद्धतिलाई सही तवरले ग्रहण गर्न कष्टसाध्य मेहेनत गर्नु पऱ्यो । त्यसपछि रुस, चीन वा अन्त कतैको नक्कल गरेर होइन, मार्क्सवादी पद्धति प्रयोग गरेर यहाँको समाजको चरित्र ठम्याउनु पऱ्यो, इतिहास ठम्याउनु पऱ्यो, र यहाँको वस्तुगत यथार्थ मुताविकको निष्कर्ष निकाल्नु पऱ्यो । जुत्ता अनुसार खुट्टा काट्ने होइन, खुट्टा अनुसार जुत्ता काट्नु पऱ्यो ।*

# देशको वस्तुगत परिस्थिति अनुसार सही रणनीति र कार्यनीति अप्नाउन नसक्नु नै हाम्रो आधारभूत समस्या



**श्यामकृष्ण कोजू**

ने.म.कि.पा,

हाल सभापति, जि.वि.स., भक्तपुर

**३८ वर्षीय क. श्यामकृष्ण कोजु, २०४६ सालको जन - आन्दोलन ताका- तात्कालीन ने.म.कि.पा.बाट संयुक्त बाममोर्चामा केन्द्रीय प्रतिनिधिका रूपमा चर्चित हुनुहुन्थ्यो ! २०३७ सालमा जनमत संग्रहपछि पार्टी प्रवेश गर्नु भएका उहाँ हाल पार्टीमा जिल्ला तहमा मात्र हुनुहुन्छ । उहाँ अहिले नेपाल क्रान्तिकारी किसान संघको केन्द्रिय अध्यक्ष हुनुहुन्छ र जि.वि.स. भक्तपुरका सभापति पनि ।**

*नेकपा को स्थापना कालदेखि अहिलेसम्मको इतिहास हेर्दा नेपाली कम्युनिष्ट आन्दोलनले एउटा सही कार्यदिशा लिएर हिंड्न नसकेको देखिन्छ । देशको वस्तुगत परिस्थिति अनुरूप सही रणनीति र कार्यनीति अप्नाउन नसक्नु नै आधारभूत समस्याको रुपमा देखिन्छ ।*

*वास्तवमा नेपाली कम्युनिष्ट आन्दोलन वामपन्थी अवसरवाद र दक्षिणपन्थी अवसरवाद, दुवैबाट मुक्त छैन । वर्ग-संघर्ष र जन-संघर्षका विभिन्न रूपहरूलाई सन्तुलित ढंगले प्रयोग गर्दै, किसान जन समुदायलाई सचेत पार्दै आन्दोलन अगाडि बढाउनु पर्नेमा संघर्षबाट नै विमुख हुने प्रवृत्ति कम्युनिष्ट आन्दोलनको प्रारंभदेखि नै देखियो । तराई र देशका विभिन्न भागमा किसान आन्दोलन जुन ढंगले अघि बढ्यो, त्यसलाई झन् झन् विकसित पार्दै लानु पर्नेमा किसान आन्दोलन नै फिर्ता लिने काम पनि भए । अर्कोतिर वर्ग संघर्षको नाममा व्यापक जनसमुदाय र किसानहरूलाई सचेत नपारीकन नै केही वीरहरूले क्रान्ति गर्ने र क्रान्तिकारी परिस्थिति भएको देख्ने नरोदवादी र व्यक्ति हत्याको राजनीतिक प्रवृत्ति पनि देखियो । यो वामपन्थी अवसरवादको उदाहरण हो ।*

*यसरी कम्युनिष्ट आन्दोलनले वस्तुगत परिस्थिति अनुसारको सही रणनीति र कार्यनीति अप्नाएर अघि बढेको देखिएन । संघर्षको तारो कसलाई बनाउने भन्ने कुरामा पनि अन्यौल नै भयो । अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनबारे पनि हाम्रो आन्दोलनमा सही दृष्टिकोण रहेन । देशको व्यापक जनतालाई क्रान्तिको लागि तयार नपारीकन, क्रान्तिकारी पार्टी नबनाईकन अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनको भरमा नेपालमा क्रान्ति गर्ने र समाजवाद ल्याउने चिन्तन पनि यहाँ हावी रहयो । अरू देशको क्रान्तिको अनुभवलाई यान्त्रिक रूपमा नक्कल गर्ने चिन्तन पद्धति यहाँ हावी रहयो ।*

*वास्तवमा हामीले अरू देशको क्रान्तिकारी अनुभवबाट सिक्नु पर्छ । तर हूवहू अन्ध नक्कल गर्ने होइन । तर यहाँ हूवहू नक्कल गर्ने कार्य भयो । यसले*

गर्दा आन्दोलन सफल भएन । बरु उल्टो यसले आन्दोलनलाई क्षति पुऱ्यायो ।

यसरी एउटा सशक्त पार्टी निर्माण गरेर देशको वस्तुगत परिस्थिति अनुसार एउटा स्पष्ट सैद्धान्तिक दृष्टिकोण र क्रान्तिकारी कार्य दिशा लिएर अघि बढ्न नसक्नु नै हाम्रो कम्युनिष्ट आन्दोलनको आधारभूत समस्या हो ।

पार्टीलाई सर्वहारावादी संस्कृतिले जुन ढंगले लैश गर्नु पर्ने हो, त्यो लैश गर्न नसक्नु पनि अर्को आधारभूत समस्या हो । वास्तवमा पार्टी भनेको समाजबाटै आएका मानिसबाट बन्दछ । समाजमा जे जति कमजोरी र खराबी हुन्छन्, त्यो ती मानिसहरू मार्फत पार्टीमा प्रवेश गर्छन् । त्यसैले पार्टीमा गोलबन्द भएका मानिसलाई पार्टी नेतृत्वले सर्वहारावादी संस्कृतिले लैश गरेको खण्डमा मात्र पार्टीले क्रान्तिकारी ढंगले काम गर्न सक्छ । जब पार्टीको नेतृत्व र कार्यकर्ता सर्वहारावादी संस्कृति र चिन्तनले लैश हुँदैनन्, पार्टीमा गैर- सर्वहारावादी प्रवृत्ति र व्यक्तिवादले कब्जा जमाउँछ । नेपाली कम्युनिष्ट आन्दोलनमा हामीले यही सर्वहारावादी संस्कृति र चिन्तनले आफूलाई लैश गर्न सकेनौं । हाम्रो जीवन शैली र जीवन पद्धतिलाई सर्वहारावादी ढंगले ढाल्न सकेनौं । यो पनि हाम्रो आन्दोलनको आधारभूत समस्या हो ।

अहिले संसारमा समाजवादले जुन धक्का खाएको छ, त्यसबाट हामीले पाठ सिक्नु पर्दछ । त्यो पाठ सिक्ने हो भने एकातिर, हामीले संशोधनवादी चिन्तनबाट नेपाली कम्युनिष्ट आन्दोलनलाई जोगाउनु पर्छ । अर्कोतिर, मार्क्सवाद, लेनिनवादलाई जडसूत्रका रूपमा ग्रहण गर्ने चिन्तन पद्धतिबाट पनि हामीले हाम्रो आन्दोलनलाई जोगाउनु पर्छ ।

मार्क्सवाद, लेनिनवाद भनेको गतिशील र वैज्ञानिक सिद्धान्त हो । मार्क्सवादलाई जडसूत्रका रूपमा ग्रहण गर्ने होइन, यसलाई हामीले हाम्रो देशको वस्तुगत परिस्थितिमा रचनात्मक ढंगले लागू गर्नु पर्छ । यसरी यो लागू गर्न नसक्नाको कारणले नै कम्युनिष्ट आन्दोलनभित्र उपरोक्त अनेकौं समस्याहरू आए । कम्युनिष्ट आन्दोलनले निकै नोक्सानी र असफलताहरू भोग्नु पऱ्यो ।

एउटा कम्युनिष्ट पार्टीको नेता वा कार्यकर्ताले भन्ने बेलामा मुक्तिको कुरा गर्ने, तर व्यवहारमा ऊ आफैंले शोषण गर्ने काम गऱ्यो भने जनताले उसलाई कसरी मुक्तिको नेता मान्छ ? उसको विचारलाई जनताले कसरी ग्रहण गर्छ ? त्यसैले क्रान्ति र सिद्धान्तको ठूला ठूला कुरा गर्ने हैन । थोरै भए पनि हामीले बोलेका कुरालाई व्यवहारमा लागू गरेर देखाउनु पर्छ ।


तपाईले कुनै नयाँ उद्योग स्थापना गर्ने विचार गर्नुभएको छ वा विद्यमान उद्योगलाई नै विविधिकरण, विस्तार एवं आधुनिकीकरण गर्ने मनशाय राख्नु भएको छ अथवा उद्योग संचालनका लागि चालु पूँजीको आवश्यकता परेको छ भने वित्तीय, प्राविधिक व्यवस्थापकिय सरसल्लाह एवं आर्थिक सहयोगका लागि यस निगममा सम्पर्क राख्नु हुन अनुरोध छ

हामी तपाईलाई सहयोग गर्न सदा तत्पर छौं।

**नेपाल औद्योगिक विकास निगम**

ने.औ.वि.नि. भवन
दरवार मार्ग, काठमाडौं
टेलिफोन नं. २२८३२२
पोष्ट वक्स नं. - १०

पश्चिमान्चल क्षेत्रीय कार्यालय : पोखरा, टेलिफोन नं. २००८३
मध्य पश्चिमान्चल क्षेत्रीय कार्यालय : नेपालगंज, टेलिफोन नं. २०२०३
पूर्वान्चल क्षेत्रीय कार्यालय : विराटनगर, टेलिफोन नं. २५३०४
सुदुर पश्चिमान्चल क्षेत्रीय कार्यालय : धनगढी, टेलिफोन नं. २१२०३




के तपाईलाई थाहा छ ?

## लेनिनको जन्मदिन र लेखनका संयोगहरु

आफ्नो जीवनमा सोभियत क्रान्तिको नेतृत्व दिने का. लेनिनले धेरै मार्क्सवादी साहित्य लेखन गरेर विश्वलाई नै वैचारिक नेतृत्व गर्नु भएको थियो । यस सम्बन्धमा उहाँको जन्मदिन २२ अप्रिल र उहाँको लेखन कार्यसंग सम्बन्धित अनौठा संयोगहरु यहाँ स्मरणीय देखिन्छन् ।

लेनिनले युवा अवस्थामा लेखन कार्य थाल्ने क्रममा आफ्नो २४ औं जन्म दिनमा *What The 'Friends of the People' Are and How They Fight The Social Democrats* नामक पुस्तिकाको लेखन कार्य सक्नु भएको थियो । त्यसको ठीक १० बर्ष पछाडि "एक कदम अगाडि, दुई कदम पछाडि" नामक किताव प्रेसमा गयो ।

सन् १९०९ को २२ अप्रिलमा उहाँ नबलिखित *Materialism and Empireo Criticism* पुस्तकको प्रकाशन व्यवस्था गर्न व्यस्त हुनु भयो । १९१३ को जन्मदिनतिर *Proveshcheniye* (ज्ञान उद्दीपन) नामक पत्रिकामा चर्चित लेख "मार्क्सवादका तीन स्रोत र तीन संघटकहरु " प्रकाशित भयो ।

अप्रिल २२, १९१७ को आँधीमय दिनमा उहाँले " हाम्रो क्रान्तिमा सर्वहाराहरुको कार्यभार" नामक लामो पम्प्लेट लेख्न भ्याउनुभयो , जुन पछि " अप्रिल थेसिस्" मा विस्तृत पारी टिप्पणी सहित छापिएको थियो । तर १९१८ को जन्मदिन तिर भने उहाँले कुनै किताव लेख्न सक्नु भएको, छपाउनु भएको आदि तथ्यहरु भन्दा फरक उहाँ "सोभियत सरकारका तत्कालीन कार्यभारहरु " को लेखनको मध्यतिर हुनहुन्थ्यो । त्यस्तै १९२० मा आफ्नो ५० औं जन्मदिनमा उहाँको आफ्नो महत्वपूर्ण पुस्तक "वामपन्थी भडकाव – साम्यवादको एक बालरोग" लेख्न भ्याउन काफी मेहनत गर्दै हुनुहुन्थ्यो । *

के तपाईलाई थाहा छ ?

**संसारमा १ करोडभन्दा बढी मानिसले बोल्ने भाषाहरु**

वोल्नेहरु (करोडमा)

| | स्थानीय रुपमा | जम्मा |
|---|---|---|
| म्याण्डारिन (चीनियाँ) | ८१.७ | ९०.७ |
| अंग्रेजी | ३१.६ | ४५.६ |
| हिन्दी | ३२.१ | ३८.३ |
| स्पेनीश | ३२.० | ३६.२ |
| रुसी | १७.३ | २९.३ |
| अरबेली | १७.८ | २०.८ |
| बंगाली | १८.० | १८.९ |
| जापानी | १२.५ | १२.६ |
| मलेय-इण्डोनेशियन | ४८.० | १४.८ |
| फ्रेन्च | ७.१ | १२.३ |
| जर्मनी | ९.८ | ११.९ |

स्रोत : The World Almanac, 1993

# “दाता”हरुको सक्कली नियत के हो ?



विश्वका ७७ प्रतिशत मानिसहरु दक्षिणमा बस्छन् । तर विश्वको १५ प्रतिशत आम्दानी मात्र उनीहरुको हातमा पर्छ । उत्तरमा फगत २३ प्रतिशत मानिस बस्छन् । तर विश्वको ८५ प्रतिशत आम्दानी उनीहरु हसुरिरहेछन् ।

अहिले उत्तरमा मन्दी छाईरहेछ । अमेरिका, बेलाइत, जर्मनी, जापान सबै मन्दीको चपेटामा परिरहेछन् । यो मन्दीको एउटा प्रमुख कारण हो- विश्वका अधिकांश मानिसको खासगरी दक्षिणका उसको सामान किन्ने क्रय-क्षमता घट्नु । दक्षिण नै उत्तरको सबैभन्दा ठूलो वस्तु-बजार हो । तर त्यहाँ गरीवि बढ्दो छ । त्यहाँका करीब १ अरब भन्दा बढी मानिसहरु निरपेक्ष गरीविको रेखामुनि बाँच्छन् । कुल जनसंख्या मध्ये पाँच भागको एक भाग मानिसहरु दिनदिनै भोकै सुत्छन् एक अरबभन्दा बढी युवाहरुले खर्चको अभावमा कहिल्यै स्कूलको मुख देख्न पाउँदैनन् । ओखतीमूलोको अभावमा प्रत्येक वर्ष १ करोड ४० लाख बालकहरु आफ्नो पाचौं जन्म दिन मनाउन नपाउँदै कालको मुखमा पर्छन् । पैसाको अभावमा करीब १ करोड ८० लाख पाँच वर्ष मुनिका बालकहरु गंभीर कुपोषणका शिकार भइरहेछन् । अनि कसरी किनून-उनीहरु उत्तरका चिल्ला, राम्रा तर महँगा सामानहरु ?

दक्षिणमा सवैभन्दा धेरै जनसंख्या छ । एशिया, अफ्रिका र ल्याटिन अमेरिकाको विशाल तर गरीब जनसंख्या उत्तरको लागि अत्यन्त सस्तो श्रमशक्ति भइरहेछ र उसको सामान किन्ने क्रेता पनि । विश्वका बहुमूल्य खनिज पदार्थ, र तेल दक्षिणमै छ । त्यो कसरी धुत्ने र एकलौटी पार्ने- उत्तरको मूल चासो यही भईरहेछ ।

दक्षिणको मूल कमजोरी गरीवि र पछौटेपन हो । यसलाई उत्तरका विकसित साम्राज्यवादी मुलुकहरुले आफू माथि उक्लने भऱ्याङ वनाइरहेछन् । यही भरेङ चढेर उनीहरु दक्षिणको सस्तो जनशक्ति र बहुमूल्य खनिज साधनहरु अति सस्तोमा हात पारिरहेछन् र त्यहाँको बजार एकलौटी पार्ने जमर्को गरिरहेछन् । यसको लागि उत्तरले प्रयोग गरीरहेको दिव्यास्त्र हो- पूँजी र प्रविधि !



**कसरी चुसिरहेछन् उत्तरका विकसित मुलुकहरुले दक्षिणका गरीव राष्ट्रहरुलाई ?**

## ऋणको पासो !

गएको दुई दशकमा दक्षिणका अविकसित मुलुकहरुको ऋण १३३ गुणा बढेको छ । १९७० मा यो १०० अरब अमेरिकी डलर थियो ! १९८० मा यो करीब ६५० अरब डलर पुग्यो । १९९० मा करीब १३५० अरब डलर पुग्यो । अझै यो द्रुत गतिले बढ्दैछ । विश्व बैंकका अनुसार अहिले तेस्रो विश्वका मुलुकहरुको विदेशी ऋण मात्रै १७०० अरब अमेरिकी डलर पुगिसकेको छ । अफ्रिकाको लामो अवधिको विदेशी ऋण त्यस महादेशको कूल गार्हस्थ्य उत्पादन एक वर्षमा जति हुन्छ, त्यति नै भई सकेको छ । ल्याटिन अमेरिकाको चाहिं कूल गार्हस्थ्य उत्पादनको ५० प्रतिशत ! यसको मतलब अफ्रिकाको एक वर्षको कूल उत्पादनको जम्मै मूल्य तिऱ्यो भने पनि उसले लिएको विदेशी ऋणको साँवा मात्र चुक्ता हुन्छ । त्यस्तै ल्याटिन अमेरिकाले जम्मा जम्मी गार्हस्थ्य उत्पादनको आधा त विदेशी ऋण तिर्न मात्र ठीक्क हुन्छ ।

दक्षिणका सवैजसो मुलुकहरु उत्तरका यी साम्राज्यवादी मुलुकहरुको ऋणको पासोमा वल्झिदै छन् । कोही नराम्ररी फँसी नै सके, कोही फँस्दैछन्, जसमध्ये नेपाल पनि एउटा हो । गएको तीन वर्षमा मात्र दक्षिणबाट २०० अरब अमेरिकी डलर- उत्तरका विकसित देशहरुमा ऋणको साँवा ब्याज चुक्ताको नाममा फर्केर गयो । १९८९ मा मात्र ५० देखि ६० अरब अमेरिकी डलर उत्तरमा फर्केर गयो । १९८३ देखि १९८९ सम्ममा जम्मा २४२ अमेरिकी डलर उत्तरका धनी ऋणदाता मुलुकहरुले दक्षिणका गरीब आसामी मुलुकहरुबाट ऋण वापत चुक्ता गरे । यो रकमराशी भनेको यस्तो महत्वपूर्ण राशी हो, जुन दक्षिणका अविकसित देशको विकासको लागि नितान्त जरुरी थियो ।

ऋणको पासोमा बल्झाउनका लागि उत्तरका यी "दाता" भनिएका साम्राज्यवादी मुलुकहरुले आफूले लिने ब्याजदरलाई उद्देश्यमूलक ढंगले पक्षपातपूर्ण बनाएका छन् । उदाहरणका लागि, उनीहरुले धनी देशलाई दिने ऋणमा भन्दा दक्षिणका गरीव देशहरुलाई दिने ऋणको ब्याजदर ४ गुणा बेसी छ । १९८० को दशकमा अविकसित मुलुकहरुले १७ प्रतिशत ब्याजदर तिरे, जब कि त्यही अवधिमा धनी राष्ट्रहरुले भने फगत ४ प्रतिशत मात्र तिरे ।

उनीहरुले अप्नाएको ऋणको पासोमा बल्झाउने अर्को उपाय हो- ऋणको शर्तका रुपमा आसामी राष्ट्रलाई अत्यन्त महंगा सल्लाहकार र प्राविधिज्ञ स्वीकार्न बाध्य गर्नु र ऋणको आधाआधी पैसा तलब-भत्ता आफ्नै देशमा फर्काउनु !

## व्यापारमा ठगी

यी उत्तरका विकसित मुलुकहरुले दक्षिणका मुलुकहरुमा पैदा हुने कच्चा पदार्थ र तयारी वस्तु दुवैमा निकै ठूलो पैमानामा ठगी गरीरहेछन् । उनीहरुको मूल लक्ष्य नै के भइरहेछ भने- हरतरहले सस्तोमा वस्तु प्राप्त गर्नु, चाहे दक्षिणका उत्पादक र श्रमिकहरु ठहरै किन नमरुन् ! यसरी उनहिरुको लक्ष्यको चरित्र नै साम्राज्यवादी छ ।

१९८९ देखि १९९१ को मध्य सम्ममा मात्र विकासोन्मुखमुलुकहरूलेनिर्यात गर्ने वस्तुहरुको मूल्य करीब २० प्रतिशतले घट्यो । चिया र कफीको मोल त, वास्तविक मूल्यमा हिसाव गर्दा १९५० यताको कुनै पनि समयको मोलभन्दा पनि कम पारियो ।

विकासोन्मुख मुलुकहरुले निर्माण गर्ने वस्तुहरु मध्ये तेलपछि कफी सवैभन्दा बढी विकाउ प्राथमिक उत्पादन हो । तर विगत दुई वर्षमा कफी निर्यात गरेर हुने आय आधा घटेको छ । यसबाट वर्षेनी ४ देखि ५ अरब डलर घाटा हुने गरेको छ । १९८० देखि ८७ सम्ममा कोकोवाको मोल एक टनको करीब २००० अमेरिकी डलर थियो । तर १९८० को दशकको अन्तमा यसको भाउ प्रति टन १००० अमेरिकी डलरको वरपर झऱ्यो । मलेशियाका रबर उत्पादक श्रमिकहरुको मासिक आम्दानी मूल्यमा आएको गिरावटको कारणबाट १९८८ देखि १९९० मा ३३ प्रतिशतले घट्यो । अझ पाम तेलका श्रमिकहरुको मासिक आम्दानी त ५० प्रतिशत ले घट्यो ।

मूल्यको यस्तो गिरावटबाट उत्पादकहरु त टाट पल्टने नै भए । यसको सबैभन्दा ठूलो असर त्यहाँ काम गर्ने श्रमिकहरुको जीवनमा परिरहेछ । करोडौंको संख्यामा मजदूरहरु कामबाट हात धुन

बाध्य भइरहेछन र वेरोजगार भईरहछन् ।

विकासोन्मुख मुलुकसित, यसरी, सस्तोमा सामान धुत्न उत्तरका विकसित मुलुकहरुले अप्नाइने जुक्ति हो- "विपद-विक्री !"

विकासोन्मुख मुलुकहरुलाई तुरुन्ता तुरुन्तै विदेशी विनीमयको जरुरत पर्छ र उनीहरुले पूँजीको अभावको कारणले आफ्ना सामानहरु धेरै समय सम्म स्टकमा राखी छोड्न सक्दैनन् । यही विपदलाई आधार बनाएर उनीहरुलाई सस्तोमा सामान वेच्न वाध्य गरिन्छ-जवकि उनीहरुले प्रष्टै देखिरहेका हुन्छन् कि बजार भाउ झन् झन् ओरालो लागिरहेछ । यस्तो विपद विक्रीले बजार भाउ झन् धेरै झार्दछ ।

खालि प्राथमिक उत्पादनको निर्यातमा मात्र होइन, तयारी वस्तुको मामलामा पनि उनीहरु विकासोन्मुख मुलुकहरुलाई ठगिरहेछन् । १९८० देखि १९९० को अवधिमा विकासोन्मुख मुलुकहरुको तयारी सामानको मूल्य फगत नाम मात्रले बढ्यो-१२ प्रतिशत ! तर यही अवधिमा उत्तरका विकसित मुलुकहरु मध्ये अमेरिका, वेलाइत, जापान, जर्मनी, क्यानाडा, इटाली, फ्रान्स जस्ता विकसित ७ मुलुकहरुको तयारी वस्तुको मूल्य भने ३५ प्रतिशतले बढ्यो । पक्षपात र ठगीको यो भन्दा ज्वलन्त उदाहरण अरु के हुन सक्छ ?

उत्तरका यी विकसित साम्राज्यवादी मुलुकहरु संसारभरी मुक्त बजार अर्थतन्त्रको प्रवक्ता बनिरहेछन तर उनीहरुकै मुलुकमा विकासोन्मुख मुलुकहरुले मुक्त बजारको सुविधा पाइरहेका छैनन् । उनीहरुले लिएको संरक्षणको नीतिले गर्दा विकासोन्मुख मुलुकहरुले एक वर्षमा १०० अरब अमेरिकी डलर त कृषि उत्पादनको निर्यात राजस्वमा मात्र गुमाउनु परिरहेछ । थप ५० अरव डलर टेक्सटाइलमा गुमाउनु परिरहेछ । ती मुलुकहरुले ल्याएको करको पर्खाल र गैर-करको पर्खालले गर्दा तेल उत्पादक बाहेक अरु विकासोन्मुख मुलुकहरुको विश्व व्यापार १९६८ मा १५.३ प्रतिशत भएकोमा १९८८ मा त्यो १२.९ प्रतिशतमा झर्न पुगेको छ । सस्तो श्रमले गर्दा विकासोन्मुख मुलुकहरुले टेक्सटाइल, लुगाफाटो, र जुत्ता जस्ता श्रममूलक बस्तुहरुको उत्पादनमा तुलनात्मक लाभ हासिल गर्छन । तर तिनै वस्तुको निर्यातमा-कोटा प्रणाली र आयात लाइसेन्स जस्तो गैर-करको पर्खाल ठड्याइएको छ । निर्यात वृद्धिमा सवैभन्दा ठूलो बाधक नै गैर-करको पर्खाल भएको छ । यसले गर्दा दक्षिणमा सवैभन्दा अविकसित देशहरुको विश्व-व्यापार विगत २० वर्षमा ०.८ प्रतिशतबाट घटेर ०.४ प्रतिशत हुन पुगेको छ ।

यसरी उत्तरका मुक्त बजारका प्रवक्ता मुलुकहरुको अमुक्त बजार नीतिले गर्दा दक्षिणका विकासोन्मुख मुलुकहरुले वर्षेनी ५०० अरव अमेरिकी डलरको नोक्सान खप्नु परिरहेछ । यो ५०० अरव डलर भनेको उनीहरुले धनी मुलुकबाट प्राप्त गर्ने विदेशी सहायताभन्दा १० गुणा वेसी रकम हो ।

## पूँजी र सहायता कहाँ बढी खनिईरहेछ ?

यसरी अहिले विकसित साम्राज्यवादी मुलुकहरुसित जुन विशाल धनराशी छ, त्यो दक्षिणका मुलुकहरुलाई ठगेर चुसेर जम्मा भएको धनराशि हो । यो वित्त-जाललाई उनीहरु अहिले यसरी प्रस्तुत गरिरहेछन्- मानौं उनीहरु सारै दयालु छन्, अविकसित र विकासोन्मुख मुलुकहरुको सुन्दर भविष्य र विकास उनीहरुकै कृपामा निर्भर छ ।

तर के साँच्चै यी "दाता" मानिएका विकसित साम्राज्यवादी राष्ट्रहरु-गरीव राष्ट्रको भलो चाहन्छन् ? के साँच्चै उनीहरु तिनीहरुको विकास चाहन्छन् ? एकछिन हामी उनीहरुको सहायता र पूँजीको लगानी कता कसरी प्रवाहित भइरहेछ, त्यो हेरौं र यसबारे निक्योल निकालौं ।

विश्वकै सवैभन्दा गरीव जनसंख्याको आधीक्य भएका क्षेत्रहरु मध्ये एउटा क्षेत्र दक्षिण एशिया हो । तर दक्षिण एशियामा- उनीहरुको सहायता राशी प्रतिव्यक्ति ५ अमेरिकी डलर छ । मध्यपूर्वमा दक्षिण एशिया भन्दा तीन गुणा वेसी प्रतिव्यक्ति आय छ । तर त्यहाँ सहायता राशी प्रतिव्यक्ति ५५ अमेरिकी डलर छ । विश्वकै सवभन्दा गरीब तीन चौथाइ जनसंख्या रहने १० वटा देशहरुमा खालि एक चौथाइ सहायता राशी मात्र जाने गरेको छ । तर विकासोन्मुख मुलुकहरु मध्ये सवैभन्दा धनी ४० प्रतिशत मलुकहरुमा भने सवैभन्दा गरीव ४० प्रतिशत मुलुकहरुमा जाने सहायता राशी भन्दा करीव दोब्वर सहायता राशी जाने गरेको छ ।

आधारभूत मानवीय आवश्यकता पूरा गर्ने सवालमा सवैभन्दा वेसी सहायता राशी केन्द्रित हुनु पर्ने, यदि उत्तरका "दाता" राष्ट्रहरुले वास्तवमा मानवीय विकासकै निम्ति सहायता गरेका हुन् भने । तर वास्तविकता के छ भने शिक्षा, आधारभूत स्वास्थ सेवा, शुद्ध पिउने पानी, परिवार नियोजन, पोषण कार्यक्रम जस्ता मानवहरुको आधारभूत आवश्यकताका कार्यक्रम तर्फ सवैभन्दा कम सहायता राशी प्रवाहित भएको छ- फगत ६.५ प्रतिशत मात्र !

उत्तरका बहुराष्ट्रिय कम्पनीहरुले आफ्नो लगानीको सवैभन्दा ठूलो भाग सवैभन्दा धनी विकासोन्मुख राष्ट्रहरुमा प्रवाहित गरेका छन् । उनीहरुको कुल लगानीको ८३ प्रतिशत त्यहीं केन्द्रित छ । १९८० देखि ८९ सम्ममा उत्तरबाट दक्षिणतर्फ प्रवाहित भएको औसत विदेशी लगानी १६ अरब अमेरिकी डलर थियो । त्यस मध्ये ७४ प्रतिशत फगत १० वटा धनी विकासोन्मुख राष्ट्रहरुमा प्रवाहित गरिएको थियो (जस्तो ब्राजिल १२%, सिंगापुर १२%, मेक्सिको ११%, चीन १०%, हङकङ ७%, मलेशिया ६%, इजिप्ट ६%, अर्जेण्टिना ४%, थाइलैण्ड ३%, र कोलम्विया ३%) तर उता ल्याटिन अमेरिकालाई प्रवाहित गरिएको लगानी भने घट्दै गईरहेछ । सव सहारा अफ्रिकाले अहिले ६% राशि मात्र पाउँछ र सवैभन्दा अविकसित राष्ट्रहरुले झन वर्षमा २% प्रतिशत राशी मात्रै !

यसले देखाएको छ- साम्राज्यवादी मुलुकहरुको लगानी र सहायता राशी गरीव राष्ट्रको भलाइ र विकासको दृष्टिकोणबाट प्रवाहित गरिएको छैन । लगानी र सहायताको पछाडि उनीहरुको साम्राज्यवादी स्वार्थ अर्थात बजार स्वार्थ, नाफा स्वार्थ र बहुमूल्य खनिज पदार्थ वा इन्धन एकलौटी पार्ने स्वार्थ प्रष्टै रुपमा देखिन्छ । सहायता र लगानी त्यता बढी प्रवाहित भई रहेको छैन, जहाँ यसको सख्त आवश्यकता छ- गरिबि, विकास र मानवीयताको दृष्टिकोणबाट त्यता बढी प्रवाहित भईरहेछ, जहाँ लिने कुरा धेरै छन्, र ठग्ने ठाउँ व्यापक छ ।

त्यसैले, यी उत्तरका विकसित मुलुकहरुले विकासोन्मुख मुलुकको भलाइ र विकास चाहन्छन भन्ने कुरा झूठो हो, उनीहरु सर्वप्रथम नाफा र फाइदा चाहन्छन् र त्यसको लागि हरेक देशमाथि प्रभुत्व ! प्रभुत्वको लागि उनीहरुसित येन केन प्रकारेण जम्मा भएको वित्त राशि वल्छीको कीरा जस्तो हो, जो एकचोटि माछाले खाए पछि घाँटीमा अड्किन्छ र माछा अन्ततः वल्छीवालाको शिकार हुन्छ ।

उत्तरका यी चुसाहा साम्राज्यवादी मुलुकहरुको ठगी, शोषण र उत्पीडनबाट बच्ने हो भने दक्षिणका सबै उत्पीडित मुलुकहरु एकतावद्ध हुनु जरुरी भएको छ । उनीहरुको मुख्य प्रयत्न कसरी आफ्नै खुट्टामा उभिएर विकास गर्ने भन्ने हुनुपर्छ । तर पूँजी र बजारको लागि संयुक्त स्रोत र उपाय जुटाउनु जरुरी छ । यूरोपेली मुलुकहरु यूरोपेली समुदाय बनाएर बजार र पूँजीको समस्या हल गर्न सक्छन् भने, अमेरिका क्यानाडा र मेक्सिकोसित मिलेर संयुक्त बजार खडा गर्न सक्छ भने, उत्पीडित मुलुकहरु मात्रै किन यस्तो गर्न सक्दैनन् । के असंलग्न राष्ट्रहरुको आन्दोलन सिंगै यस दिशा तर्फ उन्मुख हुनु पर्ने होइन ? सवैले सोच्नु जरुरी भएको छ ।

– दीपक प्रधान

- तथ्यांक स्रोत UNDP,
Human Development Report 1991, 1992

## उत्तर र दक्षिणका मानिसको जीवन स्थितिमा कति अन्तर छ ?

(यदि उत्तरका मानिसको जीवन स्थितिलाई १०० मान्ने हो भने)

| | उत्तरका विकसित मुलुकहरुको | दक्षिणका विकासोन्मुख मुलुकहरुको औसत |
|---|---|---|
| | १०० | |
| - मातृ मृत्यु दर | १०० | ६ |
| - परिवार नियोजन साधन प्रयोग | १०० | ५९ |
| - बाल कुपोषण | १०० | ७ |
| - एउटा डाक्टर प्रति जनसंख्या | १०० | १० |
| - महिला साक्षरता दर | १०० | ५५ |
| - उच्च शिक्षामा भर्ना | १०० | २२ |
| - वैज्ञानिक र प्राविधिकहरु | १०० | ११ |
| - रेडियो हुनेहरु | १०० | १७ |
| - पत्रपत्रिका पढ्न पाउनेहरु | १०० | १३ |
| - टेलिफोन हुनेहरु | १०० | ६ |
| - प्रौढ साक्षरता | १०० | ६१ |
| - प्राथमिक र माध्यमिक शिक्षामा भर्ना | १०० | ७४ |

तथ्यांक स्रोत: UNDP, Human Development Report, 1992.



## पारिजातबारे पारिजात स्वयं के भन्नु हुन्छ ?

# विष्णुकुमारी वाइवा कसरी पारिजात बनिन् ?

उहाँको जीवन-यात्रा र दृष्टिकोणबारेको चौतर्फी विषयमा उहाँसित लिइएको

**-विशेष-अन्तर्वार्ता**



**स**मग्र नेपाली साहित्यकै विशिष्ठ प्रतिभा तथा नेपाली प्रगतिवादी साहित्य क्षेत्रकी अग्रणी व्यक्तित्व पारिजातको निधनले नेपाली समाजमा अपुरणीय क्षति भएको छ। उहाँप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै हामी यस अंकमा पारिजातकै शब्दहरुबाट र समालोचक निनु चापागाईको मूल्यांकनबाट पाठकहरुलाई उहाँको बारेमा समग्र परिचय प्राप्त गर्न मद्दत मिलोस् भनी सामग्रीहरु प्रस्तुत गर्दछौं।

**एउटी सामान्य किशोरी विष्णुकुमारी वाइवा कसरी र कुन कुन मोड हुँदै जनतामाफ यति चर्चित र स्थापित प्रगतिशील साहित्यकार बन्न पुग्नुभयो ? उहाँको कठीन जीवन-यात्रामा कलेे उहाँलाई यहाँसम्म ल्याइपुऱ्यायो ?**

हामीले यहाँ "वेदना" साहित्यिक पत्रिकाले २०४४ कार्तिक-चैत्रमा प्रकाशित गरेको उहाँसंगको एक लामो र विशेष अन्तर्वार्ता समावेश गरेका छौं। यसबाट पारिजातको विचार, स्थिति एवं अन्तर-मनका थुप्रै कुराहरु प्रकाशमा आएका छन्। सम्पादक राजेन्द्रप्रसाद अधिकारीले लिनु भएको यस अन्तर्वार्तामा २०४४ साल तिरका कतिपय घटना सन्दर्भहरु पनि उल्लेख भएका छन्। तिनीहरुले पनिउहाँलाईबुझ्न नै सघाउ पुऱ्याउने छन् भन्ने हामीलाई लाग्दछ।

— मूल्यांकन

### ० पारिजातज्यू, जीवन के हो ?

*- समाज परिवर्तनको विभिन्न कालमा विभिन्न युगद्रष्टा, विभिन्न दार्शनिक, विभिन्न धर्म प्रवर्तक, तथा बैज्ञानिकहरूले आफ्ना-आफ्ना परिभाषा दिएर गएका भएतापनि यस कठीन प्रश्नको सरल प्रत्यूत्तर दिन मबाट संभव छैन। प्रकृतिमा रहेका लाखौं जीवधारीहरू मध्ये मान्छे जात (पृथ्वी बाहेक अरु ग्रह नक्षत्रहरुको संभावित प्रकृतिलाई छोडिकन) उच्च मस्तिष्कधारी र विकासशील सामाजिक प्राणी भएकोले मान्छेले मान्छेको जीवनको परिभाषा दिन सक्तैन, यसो पनि भन्न सकिन्न। यस अनन्त (Infinite) र अन्तहीन समय (Eternity) भित्र म जीवनलाई कसरी खोजूँ ? कुनै पनि बस्तुको रूप र आकार हुन्छ, जस्तो गरिकन विन्दु, रेखा र मान्छेको जीवन पनि तर अनन्त... मलाई सझंदा पनि कहाली लागेर आउँछ। यस अनन्तभित्रबाट एउटा जीवनलाई चोइट्याएर परिभाषित गर्नु, के म साँच्चै दुस्साहस गरुँ यस प्रश्नको जवाफ दिन ? कोही भन्छन्- जीवन मायाजाल हो, कोही भन्छन्, जीवन सपना हो, कोही भन्छन्- जीवन आज हो कि भोलि, कोही भन्छन्- जीवन बग्ने नदी हो, भैगो छोडिदिउ यी सबै। सामान्यतया: जन्मदेखि मृत्युसम्म ( त्यो अवधि चाहे लामो होस् अथवा छोटो) उमेर र अनुभूतिहरूसंग हेलिंदै, परिवर्तन हुँदै, विकसित हुँदै जाने एउटा निश्चित अवधिको नाउँ हो- जीवन। जीवन संधै गतिशील छ, जीवनमा विभिन्न अनुभवहरू हुन्छन् माया, प्रेम, घृणा, भोक, शोक, यौन,संगति, विसंगति, सह-अस्तित्व, आशा, निराशा र हुन्छ- परिस्थितिहरूसंग जुझ्दै बाँच्चै चाहने एउटा प्रवल जिजीविषा। एक हत्केलामा मृत्यु लिएर जन्मेका मान्छे जात बाँचुन्ज्याल यस मृत्यु विभिषिकाप्रति अचेत जस्तै रहन्छन्। जीवनसंग जिउनुको यो कस्तो अनुवंध, अनौठो छ। तपाईहरूले मलाई जीवन के हो भनी सोध्नु भएको छ, यसको मूल्य होइन, त्यसैले म यत्ति नै भन्न सक्छु।*

### ० त्यसोभए जीवनको मूल्य के हो त ?

*-जीवनप्रति अर्थपूर्ण दृष्टि राख्नु र आस्थावान हुनु नै जीवनको मूल्य हो।*

### ० अनि मृत्यु ?

*- जीवनको परिभाषा दिइसकेपछि अव मृत्युको परिभाषा दिन मलाई त्यति गाह्रो पर्ने छैन। कारण, जीवनको एक छेउ जन्म र अर्को छेउ मृत्यु हो। जन्म शुरुआत हो र मृत्यु अन्त। मर्नेलाई मृत्युबारे केही थाहा हुँदैन तर बाँच्नेहरूको निम्ति मर्नेहरूको मृत्यु स्वभावत: दु:खपूर्ण हुन्छ। कारण, मृत्यु यस भौतिक शरीरको अन्त हो। मर्नेको संझना र संस्मरणहरू बाँच्नेहरूको मन मस्तिष्कमा ज्यूँदै रहन्छन्। यसैले दु:खको सृजना हुन्छ। जीवनलाई जस्तै युगद्रष्टाहरूले मृत्युलाई पनि विभिन्न किसिमले हेरेका छन्। त्यो यहाँ उल्लेख गरिरहन नपर्ला। मृत्युलाई तीन प्रकारमा राख्न सकिन्छ- सामयिक, असामयिक र आकस्मिक। निसन्देह पछिल्ला दुई खाले मृत्यु दु:खपूर्ण हुन्छन्। जीवनको गतिशीलता एका-एक अथवा असामयिक रोकिनुले समाजमा विसंगति तथा निस्सारताको भाव उत्पन्न गराउँछ, त्यसैले सचेत युगद्रष्टाहरू मानव समाजलाई यस्ता भावहरूले दु:खित नपारोस् भनी जन्मप्रति भन्दा मृत्युप्रति बढी सम्वेदनशील, तार्किक र सापेक्ष रहेका पाइएका छन्। मृत्युप्रतिका यस्ता अवधारणाहरूले जीवनलाई सारपूर्ण र मूल्यवान बनाउन संकेत प्रदान गर्दछन्। प्रकृतिमा पदार्थको उत्थान र विनास अनिवार्य हुन्छ, फलस्वरूप जन्मसंग मृत्यु अनिवार्य छ। उत्थान विनाशसंग किन यसरी अनुवंधित छ ?- यसको प्रत्युत्तर फेरि उही अथाह अनन्त (Infinite) मा कसरी परिभाषित गर्ने ? पृथ्वी आफै पनि एकदिन आफूभित्रको तापक्रम सिद्धिएपछि आफैं पनि नष्ट हुन्छ। भनिन्छ- भौगोलिक हिसाबले आजसम्म पृथ्वीको माथिल्लो सतह ४० माइल जति कडा भइसकेको छ (Crust of the earth), त्यसभित्र पृथ्वी अझ पनि विगलित अग्निकै अवस्थामा छ। सबै Crust भइसकेपछि पृथ्वीको भित्री उर्जा सिद्धिन्छ र पृथ्वीको अन्त हुन्छ। अव छोटकरीमा,- मृत्यु मानव शरीरको भौतिक अन्त*

हो । अनुभूति र जीवनको अन्त । विशिष्ट जीवन बाँच्ने महामानवहरू इतिहासमा बाँच्छन् । वैज्ञानिक प्रविधिको विकास भइरहेकै छ, हेरौं अझै के के हुन्छ । अमेरिकाको *Tuft University* मा *Physics* बिषय लिएर *Ph. D.* गर्न जानु भएका मुकुन्दमणि अर्यालले केही वर्ष अघि बिदामा आउनु हुंदा मलाई भन्नु हुन्थ्यो "हामीले *Infinite* को परिभाषा लगाइसकेका छौं । म तपाईलाई यसको Radious खिंचेर देखाईदिन सक्छु ।" यति भन्नासाथ मैले अघि बोल्नदेखि उहाँलाई रोकिदिएँ । तपाईहरूले मलाई यस्तो गाह्रो प्रश्न सोधेर गुन लगाउनु भएको छ ।

**o तपाईको विचारमा साहित्य के हो ?**

- साहित्य मानव सभ्यताको सर्वोपरी र गरिमाशाली अभिव्यक्ति हो । साहित्य समाजको ऐना मात्र होइन, यो त्रिआयामिक पारदर्शी स्वरूप पनि हो । कुनै पनि देशको सभ्यताको मूल्यांकन गर्दा प्रथम यसको साहित्यको मूल्यांकन गर्नु पर्ने हुन्छ । साहित्य ऐतिहासिक अवधिको विभिन्न समाज परिवर्तनको कालमा वैचारिकता, रूप, विधा, शैली सबै पक्षमा परिवर्तन हुँदै जाने एउटा शृङ्खला हो ।

**o अनि सृजना नि ?**

- सृजना कला र साहित्यका विविध पक्षहरू हुन् । लिखित मात्र सृजना हुन्छ भन्ने होइन, सृजना अलिखित पनि हुन्छ ।

**o जीवन, मृत्यु, साहित्य र सृजना यी सबै बाँचिरहेको र भोगिरहेको युगमा व्यक्तिको अस्तित्वलाई कसरी परिभाषित गर्नु हुन्छ ?**

- यो प्रश्न आफैंमा अलि नमिल्दो छैन र ? कुनै पनि कालमा उक्त सबै प्रकृया त चलिरहेकै हुन्छन् । अं, समाज क्रमश: परिष्कृततातर्फ गइरहेको हुन्छ । ऐतिहासिक तथा द्वन्द्वात्मक भौतिकवादको सिद्धान्तअनुसार समाज आफैं पनि परिचालित भइरहेको हुन्छ । यसभित्र मान्छे जात पनि समाहित हुन्छ । मात्रात्मकदेखि गुणात्मक परिवर्तनमा फड्को हान्दा मान्छेको पनि प्रमुख भूमिका रहेको हुन्छ । यस परिवर्तनकारी प्रकृयामा व्यक्तिको अस्तित्व सार्वभौम र विशिष्ट दुवै प्रकारले परिभाषित हुनसक्छ ।

**o "आकांक्षा" "शिरीषको फूल", 'राल्फा आन्दोलन' हुँदै प्रगतिवादी लेखनसम्म आइपुगेको आफ्नो साहित्यिक यात्रालाई तपाई कसरी हेर्नु हुन्छ ?**

- शारीरिक र मानसिक दुवै किसिमका भोगाईहरूबाट हेर्ने हो भने मेरो जीवनलाई म एउटा विशिष्ट जीवन बाँच्नेहरूमा राख्न चाहन्छु । तपाईहरूले जति सजिलोसंग यो प्रश्न उठाउनु भएको छ, त्यसको विपरीत मेरो यस अवधिभरिको यात्रा दश खण्ड बढी जटील र घुमावदार छ । शायद यस महाकाव्यलाई म आत्मसंस्मरणहरूमा भर्दै जान सक्छु । छोटकरीमा के भन्न सकिन्छ भने "आकांक्षा" (कविता संगालो) वैचारिक तथा शैलीगत दुवै पक्षले अपरिपक्व कृति हो । उमेर र म बाँचेको त्यस समय हेरिकन त्यो स्वाभाविक छ । कविताभन्दा मलाई उपन्यास लेखनमा बढी रुचि थियो । स्नातकको शिक्षा लिंदासम्ममा मैले विशेष रसियाली, भारतीय र फ्रान्सेली उपन्यासहरूको प्रशस्त अध्ययन गरें । म नेपाली उपन्यास विधासंग पटक्कै सन्तुष्ट हुन सकिंन । मभित्र एउटा बेजोड उपन्यास लेख्ने महत्वाकांक्षाको राक्षसले शीर उठाउन थाल्यो र आइ.ए. देखि बी.ए. पास भइसक्दा जम्मा चारवटा उपन्यासका ठेली लेखें- "संघर्ष", "मानव अन्तर्यामी", "शारदा" र "वर पीपल" । चित्त नबुझेपछि सुकन्याको आँखा छलेर सबै जलाईदिएँ । महत्वाकांक्षाको त्यो राक्षस अझ प्रवल हुँदै गयो । यता एउटा बेजोड उपन्यास लेख्न नपाउँदै अर्को बेजोड राक्षस रोगले मलाई तीन वर्ष बिछ्यौनामा कैद गरिदियो । त्यसै राक्षस महत्वाकांक्षाको परिणति हो - "शिरीषको फूल" ।



पारिजात
जन्म : वि.सं. १९९४ लिंगिया चिया कमान, दार्जिलिङ
पिता : डा. के.एस. वाइबा
माता : अमृत मोक्तान
काठमाडौं आगमन : वि.सं. २०११
शिक्षा : स्नातक पूरा / स्नातकोत्तर अध्ययन ।
मदन पुरस्कार प्राप्त : २०२२ ("शिरीषको फूल" मा)
गंकी बसुन्धरा पुरस्कार प्राप्त : २०४९ साल
सर्वश्रेष्ठ पाण्डुलिपी पुरस्कार प्रप्त : २०५० "वैशालु वर्तमान" मा)
पछिल्लो समयमा संलग्नता : प्रगतिशील लेखक संघकी संस्थापक सदस्य, हाल राष्ट्रिय परिषद-सदस्य / मानार्थ अध्यक्ष, इसास / नेपाल मानव अधिकार संगठन केन्द्रीय उपाध्यक्ष / बन्दी सहायता नियोगकी अध्यक्ष / नेपाल तामाङ घेदुङ संघ एवं नारी सम्बन्धी विदेशस्थित विभिन्न संस्थाहरुसंग संलग्न आदि ।

मृत्यु : २०५० वैशाख ५ गते, विहान ४ बजे ।

उपन्यास शुरु गर्नु भन्दा पहिले मेरो सानो इच्छा थियो - गोर्खा सिपाहीलाई बदनाम गर्ने । त्यो किनभने मैले सानो छंदा गोरा सिपाहीहरुको आतंकको कथा थुप्रै सुनेकी थिएँ र दार्जिलिङमा त्यस्ता अप्रिय घटनाहरु घटिरहन्थे र मलाई पछि लाग्यो - यी बेफ्वाँकमा अर्काको निम्ति ज्यान गुमाउने गोर्खाहरु पनि त बदमास नै हुँदा हुन् । त्यसपछि मेरा दाइ श्री के.एस.लामा, उहांका साथी श्री जे.एम. मोक्तान, जो डेथ भ्यालीबाट भागेर बाँचेर आएका थिए र श्री बद्री नरसिंह त्यस्तै अनुभवी विश्वयुद्धका यी तीन भूतपूर्व सैनिकहरुसंग अन्तर्वार्ता लिएर काठमाडौंको तात्कालीन क्यानभासमा लेख्न थालेको उपन्यास चर्चित पनि भयो, पुरस्कृत पनि भयो ।

राल्फा, जसलाई हामी सन्तति भन्थ्यौं, जुट्ने काम अति साधारण तरीकाले भएको हो । गीतप्रेमी भएको नाताले गीतकै माध्यमबाट रायन र रामेशसंग चिनजान भयो र दिनदिनै चर्चित हुँदै गएको मेरो नाउँले मेरो सम्पर्क संसार पनि दिनदिनै विशाल हुँदै गयो । यसरी आए निनु, मंजुल, विमल र केही अरु पनि । हामीमा क्रमश: आत्मीयता बढ्दै गयो । विचार विमर्शको आदान-प्रदान पनि बढ्दै गयो । यो त समूहका कुरा भए । तर एकातिर मेरो व्यक्तिगत जीवन सहज थिएन । म मरुभूमिको पैदल यात्रा गरिरहेकी थिएँ, मेरो कुनै ओयसीस थिएन । मनस्थिति जता छाम्यो उतै रक्ताम्य, जीवन मेरो निम्ति कोठाको बिछ्यौनामा सुत्नु थियो । मेरो यस भीषण मानसिक यातनाको समक्ष मेरो बढ्दो लोकप्रियता मलाई उपहास गरिरहेको जोकर जस्तो लाग्थ्यो । प्रेमको वहाना, विवाहको संकल्प अनि पलायन, कामुक आँखाहरुको पोलाई, एक्लै बस्नु डर मर्दा, कतै कसैले एकाएक सकम्बरी तुल्याईदिने हो कि, कुनै ईर्ष्यालुले सुतिरहेको बेला छुरा धसेर गईदिने हो कि, क्षण-क्षणको यो डर, आर्थिक कष्ट, इर्ष्या, डाहा । खप्नै नसकेपछि म झन्झन् खुम्चिदै, सानो हुँदै राल्फाभित्र आफूलाई लुकाउँदै लगेर सोचें - म सुरक्षित हुँदैछु । तर राल्फाभित्र पनि म त्यति पारिजात सुखी थिइन । तनावको फाँसीमा झुण्डिएर बाँचिरहेकी थिएँ । यस्तो मानसिकता लिएर मैले कतिपय घोर विसंगत कविताहरु लेखें, कथाहरु लेखें । त्यति नै खेर थाहा भयो - मान्छेको जिजीविषा कति प्रवल हुन्छ भन्ने कुरा । विसंगति मान्छेको जीवनको अन्त्य होइन । मभित्रको लगातार द्वन्दले ममा समाजप्रति तीव्र विद्रोहको भाव जाग्न थाल्यो । आक्रोशमा मैले हलुका शान्तिको अनुभव गर्न थालें । ठीक यति नै खेर राल्फा सन्तति पनि लोकप्रियताको चुली नाघेर आपसी अन्तर्विरोधमा जेलिन थालेको थियो । समय हाम्रो अनुकुल थिएन । विशेष प्रगतिशील खेमाका बुद्धिजीवीहरुले हामीमा चाख लिन थाले । गोविन्द भट्ट, आनन्देव भट्ट, मदनमणि दीक्षित, कृष्णप्रसाद भण्डारी आदि । विद्रोह मुखमा यसरी आइपुगेपछि हामी बाटो खोज्न बाध्य थियौं तर वातावरण दिशाबोध गराईदिन सक्षम थिएन । अन्यौलको वातावरण त्यतिखेर पनि थियो । उक्त सबै अनुभूतिहरुको आधारमा म राल्फालाई आफ्नो साहित्यिक यात्राको एउटा प्रमुख खुड्किला ठान्दछु, जसमा टेकेरै मैले जनपक्षीय यात्रा पनि शुरु गरेकी छु । राल्फा नै एउटा यस्तो माध्यम रह्यो, जसले प्रगतिशीलतातर्फ अग्रसर हुन भनौं उन्मुख हुन आत्मगत र वस्तुगत दुवैतर्फबाट बाध्य तुल्याइदियो । २०२६ साल हिउँदमा गरेको विराटनगरको भ्रमणले मलाई अत्याइदिने स्थितिमा पुऱ्याइदिएको थियो । विशेष गरिकन "पंचामृत" का सम्पादकहरुसंग भएको व्यापक वादविवाद र छलफल । त्यहीं नै मैले देखिसकेकी थिएँ कि समूह (जनता) मा आफूलाई विभाजित पारेपछि मात्र यो मनस्थिति सही ठाउँमा पुग्न सक्छ, यसकारण विद्रोह हुनपर्छ, क्रान्ति हुनपर्छ । दु:खको कुरो, यसको अघि नै म भेलोर उपचारार्थ गएको बेला

पत्रिकाको माध्यमबाट चे ग्वेवारा, रजिस दब्रे र हर्बट मार्कुसबाट प्रभावित भइसकेकी थिएँ । यसरी व्यवहारवाद र उग्रवादबाट आउँदा म प्रगतिवादको हाराहारीमा बाटो बिराएको यात्री जस्तो भइरहेकी थिएँ । ऐन मौकामा कोही सहृदय प्रगतिवादी मार्गदर्शीहरुले मलाई यो बाटो हो भनी सही अध्ययनतर्फ संकेत गरिदिए । वर्गचरित्र मेरो जस्तो रहेको होस्, मैले समाजलाई सामाजिक अर्थ व्यवस्थाबाट हेर्न थालें । मेरो आफ्नै अन्तरविरोधले पनि मलाई यस स्थितिमा ल्याइ पुऱ्याइसकेको थियो । यसरी म प्रगतिवादप्रति प्रतिवद्ध भएँ । जीवनको यस टुङ्गोमा आइसकेपछि एकाएक मानसिक कष्टहरुको करिस्मामयी तरीकाले अन्त हुन्छ भन्ने होइन । संघर्ष, अन्तरविरोध प्रत्येक व्यक्तिको जीवनमा हुन्छ नै, तथापि सामाजिक विज्ञान अर्थात् वर्ग-संघर्षको ज्ञान हुन थालेपछि त्यति आश्वस्त हुन्छ, जसरी म भएकी छु ।

**० तपाईले आफ्ना पुराना केही कृतिहरुको पुनर्मूल्यांकनको माग गर्नुभएको छ – तपाईको भनाइलाई अझ स्पष्ट पारिदिनु हुन्थ्यो कि ?**

- पूराना कृतिहरु भन्नाले मैले "आदिम देश" र "सडक र प्रतिभा"का केही कथाहरुलाई लिएर भनेकी हुँ । कारण, प्रगतिशील समीक्षक र पाठकहरुले मलाई मात्र दुई चिरा पारेर हेर्छन् । एक जनविरोधी र दुई प्रगतिवादी । यस्तो हेराइ वैज्ञानिक हुँदैन । मेरो लेखन कसरी गतिमान भएर आएको छ, त्यसको मूल्यांकन नभईदिएकोमा मलाई गुनासो छ ।

**० कुनैबेला तपाईले "शिरीषको फूल" जलाइदिए पनि हुन्छ भन्नु भएको थियो भने, कुनैबेला मैले "शिरीषको फूल" लेखेर अपराधी काम त गरिनँ, पनि भन्नु भएको छ । यसबारे तपाईको स्पष्ट धारणा के रहेको छ ?**

- म आफै आज "शिरीषको फूल"लाई निस्सार र घोर परपीडक उपन्यास मान्दछु तर यही उपन्यास लेखेर मैले अपराधी काम गरें भनेकी छैन । "जन-सम्वाद"का देवी प्र. सुवेदीसंगको भेटवार्तामा "मैले साहित्यिक अपराध गरेकी छैन" यति भनेकी हुँ ।

**० आफ्ना रचनाहरुमा तपाई कुन कुनलाई उत्कृष्ट कृति मान्नु हुन्छ र किन ?**

- म यस प्रश्नको उत्तर दिन सक्तिनं । जुन कृति जति सहज तरीकाले र जति गहन र व्यापक रुपमा जन संप्रेषणशील हुन्छ, त्यही कृति उत्कृष्ट हुन्छ- यो मेरो धारणा, छनौट गर्ने काम तपाईहरुको ।

**० प्रगतिवादी नेपाली साहित्यको वर्तमान अवस्थाबारे तपाईको विचार ?**

- प्रतिगामी धारको अघि प्रगतिवादी साहित्यको धार स्पष्ट हुँदै गइरहेको तथ्यलाई स्वीकार्नु पर्छ । कविता विधा निकै अघि छ, कथा क्षेत्र पनि अब त भरपर्दो भने हुन्छ । नाटक, उपन्यास र समालोचना पछि परेका छन् । अरु व्यवहारिक समस्याहरुको निम्ति "वेदना" को गताङ्कमा प्रकाशित डी.आर. पोखरेलको (परिचर्चा) कलम पढ्ने सुझाव दिन्छु ।

**० विगतमा प्रगतिवादी साहित्यिक आन्दोलनमा एकताको आवश्यकता महसूस हुँदा हुँदै पनि एकता हुन नसकिरहेको स्थितिमा हालसालै सम्पन्न भएको प्र.ले.क. संघको प्रथम राष्ट्रिय सम्मेलन र प्र.ले. संघको भविष्यलाई तपाईले कसरी हेर्नु भएको छ ?**

- युगको एउटा निश्चित समयमा पुगेपछि एकताको आवश्यकता हुन्छ । आठ वर्षको कठीन संघर्षपछि, प्र.ले.क. गठन भयो, खुशीको कुरा । भविष्यको निम्ति शुभकामना चिताउँ, पदलोलुपता त्यागिदेऔं, सहयात्रीहरुलाई छिर्के हान्ने जस्तो जनविरोधी काम नगरौं । आज हाम्रो एकताले प्रतिपक्ष खेमा त्रसित भएको देखिन्छ, त्यसैले प्र.ले. संघका लेखकहरुले मोर्चाको मर्यादा र गरिमालाई आँच आउने केही काम नगरौं ।



**० प्रगतिशील र प्रगतिवादी शब्दलाई लिएर प्रगतिशील साहित्यकारहरुमा पनि अझै अर्थको स्पष्टता नभएको महशूस प्र.ले.क. संघको प्रथम राष्ट्रिय सम्मेलनमा पनि भएको थियो । यी शब्दहरुलाई तपाईले कसरी व्याख्या गर्नु भएको छ ?**

- मैले धेरै ठाउँमा धेरै भनिसकेकी छु - प्रगतिशील प्रक्रिया प्रकृतिमा निहित छ । कुनै पनि पदार्थ निरन्तर परिवर्तनशील छ, त्यस्तै साहित्य पनि । पहिलेको भन्दा पछिल्लो अवस्था केही परिष्कृत र उत्कृष्ट हुँदै जानु नै प्रगतिशीलता हो । यसरी मानव समाज पनि क्रमशः परिष्कृतता र उत्कृष्टता तर्फ अग्रसर हुँदै जान्छ । तर साहित्यमा "प्रगतिवाद" (Progressive) शब्द कार्ल मार्क्सको अभ्युदय पछि नै विश्व वाङमयमा प्रचलित भएको हो । यसमा दुई मत हुन सक्छ जस्तो मलाई लाग्दैन । जहाँ पल्टाए पनि प्रगतिवाद शब्द राजनीति र पार्टी - सापेक्ष भएको पाइएको छ । यहाँ एउटा उदाहरण सं. १९४७ मा अमेरिकाको राष्ट्रपतिको चुनावमा ए. वालेस नामक व्यक्ति प्रगतिवादी (*Progressive*) भनी उठेका थिए । तर उनी उठ्न पाएनन्, बरु गिरफ्तार भए । चुनाव कमिसनले उनलाई स्पष्ट भन्यो- तिम्रो नीति (*Policy*) *U.S.S.R* को युद्धनीति (*War Path*) मा आधारित छ । यस्ता धेरै उदाहरणहरु छन् । उन्नति चाहनेहरुलाई *Progressionist* भनेको पाइएको छ तर *Progressive* होइन । यथास्थितिको विरुद्ध लेखेर समाजलाई अघि बढाउने लेखक प्रगतिशील हुन्छन् । सामान्यतया हामी यस्ता लेखकलाई प्रगतिशील भन्छौं, तर प्रगतिवादी भने पछि *Party, Politics* र *Marxist Theory* संग सम्बन्धित हुनै पर्छ । मेले बुझेको यति हो ।

**० श्रष्टा पारिजात कथा, कविता र उपन्यास तीन वटै विधामा सुपरिचित र प्रतिष्ठित हस्ताक्षर हुनुहुन्छ । यी तीनै विधामा सृजनको दायित्वलाई कसरी संतुलित राख्नु भएको छ ? साहित्य सृजनाका तिनै विधाका तपाईका अनुभव तथा समस्याहरुलाई प्रष्टयाइदिनु हुन्थ्यो कि ?**

- विधागत यस दायित्वले मेरो उमेर र अनुभवमा प्रशस्त निर्भर गरेको छ तथापि कविता विधा भने भित्रैबाट फुटेर आउनु पर्छ । आएन भने यसले युगौंको अंतराल पनि लिइदिन सक्छ । मैले २०२६ सालमा अंतिम कविता लेखेपछि एकै चोटि २०३६ सालमा मात्र अर्को कविता यात्रा शुरु गर्न सकें । एक दशकको अंतराल पछि । जम्मा २१ वटा कविता यस बीचमा लेखिसकेकी छु । कथा विधा मेरो निम्ति पात्र, परिवेश र स्वभावशीलता हो । यो कुनै पनि समय लेख्न सकिन्छ -पात्र फेला परेदेखि । तर उपन्यासलाई केही तन्मयता, चिन्तन र लेख्दा एकान्त चाहिन्छ । सवैभन्दा सहज बग्ने विधा मेरो निम्ति निबन्ध हो । निबन्ध पछि लेख्न थालेको हुँ र सबभन्दा बढी यही ने लेखेकी छु ।

**० तपाईका कथा तथा उपन्यासका पात्रहरुले मध्यम वर्गको मात्र प्रतिनिधित्व गरेका छन् भन्ने आलोचकहरुको भनाइसंग तपाई कत्तिको सहमत हुनुहुन्छ ?**

- पूर्वाग्रह र पक्षपात नराखी आलोचना गरिदिए त वेशै हुन्थ्यो तर अध्ययन नै नगरी हावाको भरमा लेख्ने तथाकथित समालोचकहरुसंग मेरो सहमति, असहमतिको के अर्थ ? यस विषयलाई लिएर मैदानमा उत्रन् मेरो पनि

*मानहानीको प्रश्न हो ।*

**o तपाई रमेश, सुवानी, तोरी बारी सपना र बाटाहरुकी नायिका जस्ता पात्रहरुको चित्रणमा बढी सफल हुनु भएको र तपाईले उनीहरुलाई नै उपन्यासको केन्द्रबिन्दु बनाउनु भएको छ, तर बादुली, गोरीमाया, ऋुरी जस्ता पात्रहरुलाई आफ्ना रचनाका प्रधान पात्र बनाउन चाहि नसक्नु भएको देखिन्छ नि ?**

*- यो प्रश्न के तपाईहरुले घोत्लिएरै सोध्नु भएको हो ? परिस्थिति र पात्रहरुको भूमिकालाई बिर्सेर किन नायकनायिका- सचेत मात्र हुनु भएको ? फेरि कथाका पात्रहरुलाई किन उपेक्षा गर्नु भएको ?*

**o जनपक्षीय रचनामा स्वैर कल्पना र अति यथार्थको कस्तो भूमिका हुन्छ ?**

*- स्वैर कल्पना (Fantasy) मानिसको घनघोर कल्पनाशीलताको उपज हो । केही विश्व प्रसिद्ध स्वैर कल्पनाका रचनाहरुलाई यहाँ लिउँ, जसले समाजलाई मनोरन्जन भन्दा बढी केही दिन सकेका छैनन् । उदाहरणको निम्ति Sindabad The Sailor, Alladin's Lamp, Arabian Nights का कथाहरु, Alice In Wonderland, Gulliver's Travel आदि । १९८२ ताका प्रसिद्ध दक्षिण अमेरिकी उपन्यासकार Marquaze को स्पेनी भाषामा लेखिएको उपन्यासको अंग्रेजी अनुवाद One Hundred Years of Solitude best sell मा गएको थियो र पश्चिमा मुलुकहरुमा अति लोकप्रिय भएको थियो । यस उपन्यासमा प्रशस्त मनोरन्जन भए पनि केही वास्तविकताहरुलाई स्वीकार्न कर लाग्छ । म यस उपन्यासलाई वीसौं शताब्दीको बेजोड Fantasy ठान्दछु तथापि यो जनपक्षीय भने होइन । Aristotle को धारणालाई म स्वैर कल्पनाको राम्रो परिभाषा मान्दछु । उनी भन्छन्, साहित्यमा स्वैर कल्पना असंभाव्यदेखि संभाव्यतर्फ गई जीवनदायी सृजना हुनु पर्दछ तर अधिकांश स्वैर कल्पना यसको ठीक उल्टो संभाव्यदेखि असंभाव्यतर्फ गएका छन् । यो भनाइदेखि आज धेरै समय बितिसकेको छ, हामी उक्त धारणाप्रति सचेत भएर लेख्यौं भने स्वैर कल्पनालाई जीवनदायी र जनपक्षीय बनाउन सक्छौं । अति यथार्थवाद (Surrealism) को नातामा आजसम्म बढी प्रलाप नै लेखिएका छन् । मान्छेको अवचेतन मनका कुराहरुलाई स्वप्नामयी शैलीमा जथाभावी अभिव्यक्त गर्दा एक किसिमको प्रलाप बन्न सक्छ । यो अभिव्यक्ति साहित्य बन्न सक्ला तर जनपक्षीय भने होइन । साहित्यमा अति यथार्थवादलाई पटक्कै नबुझी अति यथार्थवादी कविता लेखें भन्ने कविहरु र त्यस्तै नबुझीकनै फलानो अति यथार्थवादी कवि हुन् भनी लेख्ने समालोचकहरुदेखि मलाई हाँसो उठ्छ, जसरी अति यथार्थवादी फ्रान्सेली चित्रकार Salvador Dally को घडी सेरिज चित्रकलाहरु हेर्दा हाँसो उठ्छ । अति यथार्थवाद धेरै जसो चित्रकलामा अभिव्यक्त भएको पाइन्छ ।*

**o प्रो. यदुनाथ खनालले गरिमा २०४३ चैत्रको अन्तर्वार्तामा "कहिले निस्कन्छ त राल्फा, आयमेली पद्धति र आजकाल के उत्साह भन्ने पत्रिका देख्छु । तर एउटा "इन्टलेक्चुअल पावर" प्रतिविम्वित हुने किसिमको कुनै आन्दोलन भएको देखेको छैन " भन्नु भएको छ । तपाई राल्फा आन्दोलन तथा उत्साह पत्रिकासंग पनि सम्वन्धित हुनु भएकोले यस भनाइ तपाईलाई कस्तो लाग्छ ?**

*- खनालजीसंग मेरो केही असहमति छ । "उत्साह"लाई राल्फा र आयमेली पद्धतिसंग दाँजेर हेर्न मिल्दैन । कारण, "उत्साह" राल्फा र आयामको धेरै पछि प्रगतिशील लेखकहरुको एउटा साझा मंचको रुपमा प्रकाशित हुन थालेको साहित्यिक पत्रिका मात्र हो, कुनै दर्शन तथा आन्दोलन होइन । राल्फाबारे माथि चर्चा भइसकेको छ । आयामका प्रमुख प्रवक्ता श्री इन्द्रबहादुर राई आयामेली हुनुभन्दा पहिले शैली पक्षका राम्रा कथाकार हुन् । आयामेली भइसकेपछि उनमा दुर्वोधता आएको हो, हाल फेरि उनका कथाहरुको शैलीगत स्तर ओर्लिएको छ र राम्रै छन् । श्री राई सबै दर्शनका ज्ञाता भइकन पनि प्रगतिवादको बाटोमा काँढा बिछ्याईरहन नबिर्सने घोर प्रतिकृयावादी विद्वान् हुन् । काँईला एउटा सशक्त कवि हुन्, वैचारिक पक्ष अस्पष्ट हुँदा हुँदै पनि । खनालजीले आयाम जस्तो कमजोर पक्षबाट कुन त्यस्तो "इन्टलेक्चुअल पावर" प्रतिविम्वित हुने आन्दोलनको अपेक्षा गर्नु भएको हो ? "उत्साह" अझ पनि कसीमा घोटिंइदैछ ।*




**पारिजातको वासस्थान (बालाजु, म्हेपी) रहेको कानपा वडा नं. १६ का वडाध्यक्ष श्री रामवीर मानन्धर र साथीहरुको सक्रियतामा पारिजातको निवासको प्रांगणमा उहाँ को अर्ध-कदको शालीक राखिने भएको छ । उहाँको शालीक तयार गर्ने काम युवा कलाकार बलराम भण्डारीले गर्नु हुनेछ ।**

**o केही शहर बाहिरका साहित्यकारहरुमा नेपाली साहित्य शहरमुखी भएको भन्ने भनाइ रहेको पाइएको छ- यसबारे तपाईको अनुभव ?**

*-यस भनाइमा सत्यता छ र यसो हुनु दुःखको कुरा पनि हो । धेरै जसो लेखकहरु शहरकै हुने गरेका र शहरप्रति नै आकर्षित रहने हुँदा यसो भएको हो । अब त यति सम्म भइसक्यो- काठमाडौंका पत्रिकाहरुमा नछापे लेखक चिन्नै गाह्रो पर्ने । यसो भएपछि साहित्य शहरमुखी हुन्छ नै । गाउँप्रति पनि सचेत हुनुपर्ने हो, बरु बढी नै ।*

## पारिजातका कृतिहरु

- २०१३ सालमा "धरती" पत्रिकामा प्रथम कविता प्रकाशित

१. आकांक्षा कविता संग्रह - २०१४
२. शिरीषको फुल - उपन्यास - २०२२
३. महत्ताहीन / उपन्यास - २०२५
४. आदिम देश - कथा संग्रह - २०२५
५. बैंसको मान्छे - उपन्यास - २०२९
६. तोरीबारी, बाटा र सपनाहरु - उपन्यास - २०३२
७. सडक र प्रतिभा - कथा संग्रह - २०३२
८. अन्तर्मुखी - उपन्यास - २०३५
९. उसले रोजेको बाटो - उपन्यास - २०३५ ("वेदना" मा प्रकाशित
१०. पर्खाल भित्र र पर्खाल बाहिर -उपन्यास - २०३५ (२०३२ मा लेखिएको, २०३५ मा प्रकाशित)
११. अनिंदो पहाडसंगै - उपन्यास - २०३९
१२. साल्गीको बलात्कृत आँसु - कथा संग्रह - २०४३
१३. धूपी, सल्ला र लालिगुराँसको फेदमा - २०४३
१४. पारिजातका कविताहरु - २०४४ (ईश्वर बरालद्वारा सम्पादित)
१५. एउटा चित्रमय शुरुवात - संस्मरण - २०४५
१६. परिभाषित आँखाहरु - उपन्यास - २०४६
१७. बोनी - उपन्यास - २०४८
१८. आधि आकाश - (महिला मुक्ति सम्बन्धी लेखहरु) - २०४८
१९. बधशाला आउँदा जाँदा -कथा संग्रह- २०४९
२०. वैशालु बर्तमान-कविता संग्रह प्रकाशोन्मुख

- फुटकर रचनाहरु कतिपय पत्रपत्रिकाहरुमा छरिएर रहेका ।

### विधागत रुपमा कृतिहरु

उपन्यास - १० वटा
कथा संग्रह - ४ वटा
कविता संग्रह - २ वटा
प्रकाशोन्मुख - १ वटा
स्मरण र लेख संगालो - ३
जम्मा - २० वटा

**o तपाईले बारम्वार पारिजातभित्र यौटी स्वास्नीमान्छे छे र उसलाई मैले कहिल्यै सुमसुम्याउन पाएकी छैन भन्ने गर्नु भएको छ - पारिजात भित्रकी त्यो स्वास्नीमान्छे को होला ? र तपाई पारिजात तथा तपाई भित्रकी स्वास्नीमान्छे बीच कस्तो सम्वन्ध रहेको छ, बताईदिनु हुन्छ कि ?**

*- मैले जीवनमा जे जति चाहनाहरु संगालेकी थिएं , कुनै पूरा हुन पाएनन् । मेरा थुप्रै*

आकांक्षाहरुको हत्या भएको छ । कुनै प्रकृतिले, कुनै परिस्थितिले, कुनै अभिभावकले र कुनै जान अनजान आफैंले । त्यसैले मलाई कहिलेकाँही लाग्छ, मेरो मनभित्र अभेद्य पर्खाल पछि कुनै स्वास्नीमान्छे अवश्यै छ, मेरै प्रतिरुप हो त्यो, त्यो रुष्ट छ, असंतुष्ट छे, जसलाई सुम्सुम्याउन म पाउँदिन । यतिका व्यस्तताहरु, कोलाहलहरु, संपर्कहरु बीच बिभाजित मेरो सही व्यक्तित्व नै आजको म सही पारिजात हुँ, मलाई त्यो भित्रकीसंग कुनै सरोकार नै छैन, तथापि म थाहा पाउँछु -मभित्र त्यो स्वास्नीमान्छे बिद्यमान छे । मैले रन-वन घुम्न पाईन, डुल्न पाईन, पकाउन पाईन, सिउन बुन्न पाईन भनी ऊ मसित ठुस्किरहेकी छे जस्तो लाग्छ- म आफै बुझ्दिन यो कस्तो अनुभव हो ? प्रसंगवश म यहाँ केही थप अनुभव पोख्न चाहन्छु । बी.ए. दोस्रो वर्षको छात्र रहँदा हस्तरेखा (*Palmistry*) पढ्ने धुन सवार भयो र म सारा कोर्स एकातिर थन्क्याएर हस्तरेखामा दत्तचित्त भएँ । एउटा गतिलो पुस्तक फेला पारेकी थिएँ । धर्सो कोर्नु, हिसाव गर्नु र साथीहरुको हातमा प्रयोग गर्नु नै मेरो दिनचर्या बन्न पुग्यो । पछि बाबुको कडा निषेधपछि यो रुचिलाई त्यागि दिन पर्‍यो । त्यसपछि मदन मेमोरियल स्कूलमा जागिर खाँदा एक दिन स्कूलको पुस्तकालयमा पी.सी. सरकारको *First Book of Hand tricks* फेला पारें । रुचि लाग्यो र त्यतैतिर लागें र केही प्रयोग गर्न पनि थालेकी थिएँ तर केमिकलहरु जुटाउन नपाउँदै बाबुलाई थाहा भयो र उनले त्यस्तै कडा निषेध लगाइदिए । चेस (*Chess*) प्रतिको प्रवल रुचिलाई त्यतिकै प्रवल इच्छा - शक्तिको प्रयोग गरेर किरिया न हालेको भए शायद मेरो जीवनको मोड आज यस्तो हुने थिएन । आज म अरुको दुःख र समस्याको भारी बिसाउने चौतारी र अरुहरुको तनाव र बोझ थन्क्याउने गोदाम जस्तो भएकी छु । संधैभरी म अरुको तनाव र समस्यामा अल्झिरहेकी हुन्छु, यस्तैमा काम अनि सृजना..... खै । म आफैलाई कति खेर सुमसुम्याऊँ ? कति खेर आफ्नो बिषयमा सोचूं ? सक्नु हुन्छ भने तपाईहरु अलि अलि शेयर किनिदिनुस् न- मेरा समस्या र तनावहरुको ।

**o कुनै अन्तर्वार्तामा एक जना नेपाली महिला कथाकारले पुरुष भएर जन्मिन नपाएकोमा निकै थकथकी अनुभव हुन्छ भनेर भन्नु भएको छ । तपाई पनि महिला हुनु भएकोले तपाईलाई पनि त्यस्तै लाग्छ कि ?**

- मेरो विचार यसको ठीक विपरीत छ । मेरो व्यक्तिगत अनुभवमा आमाको माया कस्तो हुन्छ, त्यो थाहा छैन र म आमा पनि भइनँ, त्यसैले मातृत्व पनि थाहा छैन तर मेरो हृदय वात्सल्यताले भरपुर छ । यसैकारण नारीलाई म प्रथम आमा जातमा राख्छु । अनुभूतिका आधारमा नारीहरु पुरुषहरु भन्दा धनी छन् , जस्तो गरिकन नारीले मात्र भोग्ने अनुभूति (*Efiminism*) रजस्वला, गर्भधारण, प्रजनन, प्रसववेदना, वात्सल्य आदिले गर्दा नारीको स्थान उच्चतम छ । नारी - प्रकृतिमा यही वात्सल्य, ममता र सह-अस्तित्वको भाव निहित रहेको हुँदा संधै नारीलाई लिएर प्रतिस्पर्धा राख्ने, झगडालु, इर्ष्यालु, वनमानुस जस्ता पुरुषलाई सह-अस्तित्वको संक्रमण गराएर आफ्नो ओढारमा नारीले नै भित्र्याए । पुरुषलाई सामाजिक बनाए, आफूले प्रकृतिबाट सिकेर श्रम गर्न सिकाए । जम्मामा, नारी नै हुन् असीम शक्ति र मायाको स्रोत, जसले मानव सभ्यताको पहिलो क्यानभासमा एउटा गरिमाशाली हस्ताक्षर कोरिदिइन् । म आफूलाई स्वास्नीमान्छे भएकोमा गौरवान्वित ठान्दछु ।

**o प्रेम र यौनलाई तपाईले कसरी हेर्नु भएको छ ?**

- प्रेम मानव मात्रमा हुने एउटा सार्वभौम अनुभूति हो । त्यसो त प्रेम अरु प्राणी जातिमा छैन भन्ने होइन । बाघ बघिनी जस्ता खुंखार र एकलकांटे प्राणी पनि वर्षको एक पल्ट उनीहरुको *Mating days* मा आठ नौ दिनसम्म नारिएर संगै घुमेको देख्न पाइन्छ । मान्छे जातमा त यो प्रेम बाह्रैकाल छ । प्रेमलाई लिएर समाज परिवर्तन प्रक्रियाको भित्री स्वरुप अझै संघर्षरत नै छ र मान्छेको सचेतनमा पनि विकासतर्फ नै छ , तथापि आजसम्म प्रेममा एकनिष्ठता आइसकेको छैन । परिणामस्वरुप यौन पनि एकनिष्ठ भएको छैन । यौन एकनिष्ठ हुन सक्छ, यो ठोकुवा गर्न सकिदैन । कारण, यौन, मान्छेको निम्ति भोक, तिर्खा र निद्रा जस्तै अनिवार्य हुन्छ । आपसमा प्रेम भावना भएपछि यौन संबन्ध हुनु, त्यो स्वाभाविक प्रक्रिया हो तर यौन सम्बन्धमा प्रेम हुनै पर्छ भन्ने कुनै जरुरी छैन । यौन सम्पर्क मान्छेले मौका हेरेर जो सुकैसंग जहाँकही पनि राख्न सक्छन् तर प्रेमको रुप यति सहज छैन । समाजवादतर्फ संक्रमण भएको समाज बाहेक अरु देशहरुमा रहेको वेश्यावृत्तिको व्यापक कारोवारले पनि यौन र मान्छेको सम्बन्ध कस्तो छ, स्पष्ट पार्छ । यस यौन सम्बन्धले गर्दा पुरुष →

# पारिजातको समग्र साहित्य-यात्राबारे समालोचक निनु चापागाईंसँगको कुराकानी



**o राल्फा आन्दोलनदेखि पारिजातसँग नीकट रहनु भएको र पछि पनि उहाँका कृतिहरूको अध्ययन गरिरहेको एउटा समीक्षकको हैसियतले पारिजातको समग्र साहित्य-यात्राप्रति तपाईको निचोड के रहेको छ ?**

- पारिजातसँग मेरो भेट २०२२ को बीचतिर भएको हो । त्यतिखेर पारिजातले आफ्नो जीवनका अत्यन्त कष्टप्रद दिनहरू गुजारेर "शिरीषको फूल" उपन्यास लेखिसक्नु भएको मात्र थियो । त्यतिखेर उहाँलाई गम्भीर रूपमा बुझेर, आकर्षित भएर म उहाँकहाँ पुगेको थिइँन । आकस्मिक रूपमा एक मित्रले मलाई उहाँकहाँ लिएर जानु भएको थियो । तर अहिले आएर पारिजातको सम्पूर्ण जीवनलाई केलाएर ल्याउँदा मलाई लागेको कुरा हो- पारिजात अत्यन्त संवेदनशील र प्रखर आत्मवलयुक्त व्यक्ति हुनुहन्थ्यो। उहाँ जे कुरामा लाग्नु हुन्थ्यो, त्यसमा भित्रैदेखि र पूर्ण रूपमा लाग्नु हुन्थ्यो । यस अतिरिक्त, पारिजात यस्तो व्यक्ति हुनुं हुन्थ्यो, जसमा "केही गरेर देखाउने" तीव्र महत्वाकांक्षा थियो र यस महत्वाकांक्षाले उहाँलाई ठूला ठूला विवादहरूमा पनि फसाएको छ । सानैदेखि उहाँमा रहेको यो महत्वाकांक्षा र पाठ्यक्रममा रहेको साहित्य प्रतिको अनुरागले नै उहाँलाई साहित्य क्षेत्रमा तान्यो भन्ने मलाई लाग्छ ।

पारिजातमा संस्कृति, शिष्टता, सौन्दर्यप्रति बढी नै रुची भएको मैले पाएको छु । नयाँ कुराप्रति उहाँको तीव्र आकर्षण रहेको पनि मैले देखेको छु । उहाँलाई राल्फा सम्म पुऱ्याउने काम मूल रूपमा उहाँको यही विशेषताले गरेका हो र "साहित्य सन्ध्या" लगायत मार्फत नयाँ पुस्ताका मित्रहरूसँग बढी पुग्ने उहाँको लगाव पनि यसैको उपज हो ।

सानैदेखि पारिजात विरोधी प्रकृतिको व्यक्ति हुनुहुन्थ्यो । बाबुले आफूलाई डाक्टर बनोस्, साहित्यकार नबनोस् भनी राख्नु भएको चाहनाको उहाँ विरुद्ध जानु भएको लगायतका थुप्रै घटनाहरूले यसको पुष्टी गरेका छन् । साथै उहाँ कसैसँग हार नमान्ने व्यक्ति पनि हुनुहुन्थ्यो । यो स्वभावले कहिलेकांही उहाँलाई हानी पुऱ्याउथ्यो र पनि उहाँ हार मान्नु हुन्न थियो ।

**o एउटा समालोचकको आँखाले तपाईले पारिजातलाई हेर्दा उहाँको साहित्यिक योगदानलाई कस्तो पाउनु भएको छ ?**

- पारिजातले झण्डै झण्डै ३६ वर्षको अवधि साहित्य साधनामा लगाउनु भएको छ । यस अवधिमा उहाँले बीस वटा कृतिहरू दिनु भएको छ।

कतिपय समालोचकहरूले पारिजातको →

# पारिजात: कसरी र कुन कुन मोड हुँदै अघि बढिन् ?



राल्फा- कालदेखि नै पारिजातसंग नीकट रहनु भएका निनु चापागाईंसंग विस्तृत कुराकानी

मूल्यांकन गर्दा मोटा मोटी दुई खण्डमा विभाजित गरेर हेर्ने गरेका छन् । एक, विसंगतिवादी अस्तित्ववादी पारिजात र दुई, प्रगतिवादी पारिजातको रूपमा । म यो स्थूल समीक्षा वा विभाजनको विपक्षमा छु । कसै-कसैले संक्रमणकालीन पारिजातको रूपमा राल्फाको अवधिलाई पनि लिने गरेका छन् । यो पनि पर्याप्त छ जस्तो मलाई लाग्दैन ।

पारिजातको लेखनको शुरुवात कविताबाटै भएको थियो । पहिलो कविता संग्रह २०१४ सालको "आकांक्षा" हो । यो समय भनेको पारिजातको बीस वर्षे युवती हुँदाको अवस्था थियो । यसमा भएका कविताहरूलाई म मोटामोटी रूपमा स्वच्छन्दतावादी (रोमान्सेली) र भावुक प्रकृतिका रचनाहरू मान्दछु ।

**० त्यसो भए तपाई पारिजातको लेखनका मोडहरूलाई कसरी विश्लेषण गर्नु हुन्छ त ?**

- पारिजातको साहित्य-यात्रालाई म मूलतः चार वटा अवधिहरूमा विभाजन गर्दछु र पछिल्लो अवधिमा उहाँमा केही वैचारिक विचलन आएको समेत अनुभव गर्दछु ।

मैले माथि उल्लेख गरेको कविता-संग्रह "आकांक्षा" मा अभिव्यक्त भएको रोमान्टिक प्रवृत्तिको अवधि उहाँको साहित्य-यात्राको पहिलो अवधि हो । यो प्रवृत्ति ईश्वर बरालले संपादन गर्नु भएको "पारिजातका केही कविताहरू" संग्रहका केही कविताहरूमा पनि पाइन्छ । यसरी पारिजात विरामी पर्नु भन्दा अघिका उहाँका कृतिहरू यही प्रकृतिका रहेका छन् । त्यसमा भावुकता छ, प्रेम-याचना छ, विरह वेदनाहरू छन् । कुनै युवकलाई संबोधन गरेर पोखिएका अभिव्यक्तिहरूकै सेरोफेरोमा यी कविताहरू छन् । ईश्वर बरालले यसलाई "नव्य रोमान्सेली" प्रवृत्ति भन्नु भएको छ । तर म यो भन्ने पक्षमा छैन । मूलतः यो स्वच्छन्दतावादी प्रवृत्ति अन्तर्गत नै पर्दछ र यसका विषयवस्तुहरू चाहिं ज्यादा प्रेमसँग सम्बन्धित थिए ।

पारिजातको लेखनको दोस्रो अवधि हो- २०१९, २०२० र २०२१ सालको अवधि । पारिजातले आफैंले यो समयलाई आफूले भोगेका सबैभन्दा कष्टप्रद दिनहरू भनी भन्नु भएको छ । उहाँ त्यतिखेर विरामी हुनुहुन्थ्यो । हुनत २०२२ पनि झण्डै झण्डै त्यस्तै अवधि हो तर २०२२ मा उहाँले "शिरीषको फूल" उपन्यास लेख्नु भयो । "रोगी प्रेमिकाको पत्र", "मृत्युको अँगालोमा", "नसोध यो घाउ", "मेरो पपलरको रूख", "संगै मेरौं", "उपयहीन साँझ" आदि उहाँका केही चर्चित कविताहरू, जसको चर्चा नेपालमा एउटा खेमा-विशेषले पटक पटक गर्ने गर्छ, पनि यसै अवधिमा लेखिएका थिए । उहाँको लेखनको यो प्रवृत्ति २०२५ सम्म पनि तानिन्छ । "आदिम देश" कथा-संग्रहका कथाहरू, "महत्ताहीन" उपन्यास पनि यसै प्रवृत्तिमा पर्दछन् ।

यो अवधिको उहाँको लेखन-प्रवृत्ति बुझ्न उहाँकै शब्दहरूले हामीलाई थप मद्दत गर्नेछन् । त्यतिखेरको आफ्नो स्थितिका बारेमा उहाँले भन्नु भएको छ - "उपचार गर्दा गर्दा नैतिक र आर्थिक रूपले सबैतिरबाट निरुपाय भएकी म अथवा भनौं, उपचारको कुनै विकल्प नपाएकी मैले जीवनलाई त्यसरी नै लिईदिएँ ।... चरम पीडित क्षण ....यातना खप्न नसकेर क्रमशः पालायन हुँदै जान्छु- निरर्थकता अर्थहीनता र विसंगतितिर । मेरो निम्ति तयार थियो- एउटा जीवनहीन कालो गुफा, जहाँ मलाई कुण्ठाको गाँस छ र उड्नलाईअनास्थाका आवरणहरू । मलाई मान्छेहरूको माया लाग्न छोड्छ र आफ्नै पनि । म आफ्नो जीवनलाई अभिशाप ठान्नु थाल्छु ।.... हात र गोडाका जोर्नीहरू खुम्चिएर एक ठाउँ भएका छन्, अब कसैले उठाइदिनु पर्छ सुताइदिनु पर्छ । म एक ठाउँ भएका छन्, अब कसैले उठाइदिनु पर्छ सताइदिनु पर्छ । म सम्पूर्ण रुपमा परजीवी भैसकेको छु ।..... रात भने तन्द्रा अवस्थामा वित्छ, सुत्नुको भान नै हुँदैन मलाई ।...... सोच्छु यस्तै त हो नि जीवन ।...... आशा, संघर्ष र विश्वास जस्ता मानवीय मूल्यहरू एक गर्दै मेरो अघि मर्न थाल्दछन् ।" (आत्मसंस्मरण संग्रह "यौटा चित्रमय शुरुवात"बाट )

माथि उल्लेख गरिएका "शिरीषको फूल" लगायतका रचनाहरूमा पारिजातले यिनै मानसिकताहरुलाई भित्रैदेखि अभिव्यक्ति दिनु भएको छ ।

मानवमूल्य र जीवनमूल्यसंगबाट म पलायन भएको हुँ भनी पारिजात आफैले भन्नु भई पछि नकार्नु भएका अस्तित्ववादी सोचहरू उहाँको "शिरीषको फूल" उपन्यासमा हावी भयो । यही पलायनको मूल्यलाई नै उहाँले यस उपन्यासमा स्थापित गर्नु भएको छ । यसकारण नै हो- पछि गएर उहाँले भन्नु भयो- "शिरीषको फूल"लाई च्यातिदिए हुन्छ, यो निस्सार र घोर परपीडक उपन्यास हो ।

**० केही समालोचकहरुले त पारिजातको यही "शिरीषको फूल"वाला मोडलाई नै पारिजातको सम्पूर्ण बीज भनेर अगाडि ल्याउने गरेका छन् नि ।**

- हो एक थरिहरू पारिजातको बारेमा उहाँको यही लेखन- प्रवृत्तिलाई नै मात्र सम्पूर्ण को रूपमा व्याख्या गरी जोततोडले प्रचार-प्रसार गर्दैछन् ।

म यसवारे भन्न चाहन्छु- यो पारिजातको अवमूल्यन गर्ने काम हो ।

पारिजात आफैंले भन्नुभएको छ - "जीवनीक्रममा आइलाग्ने अर्थहीनता निराशा, कुण्ठा,

---

हैकमवाला समाजमा वेश्यावृत्ति जस्तो, पुरुषलाई क्षणिक शारीरिक सुख दिएर थकित हुने पेशा गर्नु महिलाप्रति अपमानजनक र शोषणपूर्ण नीति हो । वात्सल्यले गर्दा नारीमा कामुकता कम हुन्छ, र पनि नारीले चाहेमा उनीहरुलाई यो सुविधा छैन । अमेरिकामा र यूरोपका केही देशहरुमा पुरुषहरु वेश्यावृत्ति गर्छन्, जसलाई *Male* Prostitute भनिन्छ । मेरो भनाइ महिलाले यौन तृप्तिको सुविधा पाउनु पर्छ भन्ने होइन । वेश्यावृत्तिको क्रमशः उन्मूलन भई समाज शिष्ट र सौम्य स्थितितिर प्रवृत्त होस्-यही चाहन्छु ।

**० तपाई पूर्णतया लेखनमै अश्रित हुनुहुन्छ भन्ने हामीलाई लागेको छ । पेशागत लेखनको विकास नभैसकेको हाम्रो आजको अवस्थामा तपाईले आफ्नो कठिनाईलाई कसरी झेल्नु भएको छ ?**

- खै पेशा पनि के भन्नु ? पेशा भए त केही आउँछ, यहाँ त अधिकांश श्रम जन सेवामा नै गएको छ । कहिलेकाहीं आउँछ अलि अलि, त्यो पनि न्यूनतम । यस गरीव देशमा गरीवको पक्षमा लेख्ने लेखकको के हैसियत हुन्छ र , सोच्छु -म जस्तो अरु पनि त होलान् । पैसा एक मुष्ट आएको बेला वासी होला जस्तो हुन्छ, एक्लै खाने बानी छैन । खाँचोमा परेका प्रियजनहरुको भाग छुट्याएरै खाने गरेकी छु । ऐयाशी जीवनको सपना त कहिल्यै देखिएन तर हामी एक वर्गको सुविधापूर्ण जीवनको ग्यारेण्टीको निम्ति प्रतिवद्ध छौं । श्रम गर्नेहरुले सुविधापूर्ण जीवन बाँच्न पाउनुपर्छ तर आज पर्यन्त केही असुविधा र अप्ठ्यारामा नै बाँचिरहेकी छु । कसो कसो बानी परेछ क्यारे । एउटा इमान्दार प्रकाशक भेट्टाए केही सुविधा त हुन्थ्यो होला । मानसिक अस्मिता मेरो जीवनको अनमोल वस्तु हो ।

प्रेम तथा मानसिक तनावहरूदेखि मुक्त भई, त्यस्तै परिस्थितिदेखि उब्जिएका विद्रोह र आकांक्षालाई सही धारामा लगाई जीवनको सही मूल्य र सही बाटो पहिल्याउने क्रममा म प्रगतिशील लेखनतर्फ अग्रसर भएकी हुँ" । ("साल्गीको वालात्कृत आँसु" को भूमिकामा उध्दृत)

पारिजातको जीवनको सही मूल्य र सही बाटो पहिल्याउने यही क्रम र यस क्रममा उहाँले जुन चीजहरू दिनु भयो, तिनीहरूलाई ढाकछोप गर्नको निम्ति नै एकतर्फी बढाई-चढाई प्रचार गर्ने यो प्रयत्न भइरहेको छ भन्ने मलाई लाग्छ ।

पारिजात भन्न नपाई पारिजातको "शिरीषको फूल", उपन्यास वा "आदिम देश" का केही कथाहरू (जस्तै, "मैले नजन्माएको छोरो", "बीसौं शताब्दी एउटा गल्लीमा" आदि)लाई मात्र बढाईचढाई अगाडि ल्याउनुको पछाडि पारिजातले देखाउन खोज्नु भएको जीवन मूल्य र समाजिक मूल्यहरूलाई छोपछाप पार्ने यही उद्देश्यका साथै साहित्य-कलाको सामाजिक उपादेयतालाई महत्व नदिने सोच पनि रहेको छ । समाजको परिस्कार र परिवर्तनका लागि साहित्यको भूमिका हुन्छ भन्ने कुरालाई लुकाउन खोज्ने र सारंशमा भन्ने हो भने, यथास्थितिलाई जोगाइराख्न खोज्ने राजनीतिको एउटा अभिन्न अंग हो यो ।

**० अब तेस्रो चरणको कुरातिर लागौं । यस चरणको ब्याप्ति र विशेषता के के हुन् ?**

- मलाई लाग्छ यो तेस्रो चरण पाँच-छ वर्षको अवधिको चरण हो । मोटामोटी रूपमा २०२२ देखि २०२९ सम्मको समय-खण्ड । यो राल्फाकालीन अवधि हो । यसलाई संक्रमणकालीन अवधि पनि भन्न सकिन्छ ।

यो अवधिमा पारिजात यथार्थप्रति केही मात्रामा उन्मुख हुनु भएको छ । तीव्र आक्रोश छ, तीव्र विद्रोह छ तर त्यो विद्रोह र आक्रोश व्यक्तिगत छ । विद्रोह र आक्रोशले कुन दिशा लिने भन्ने सचेतता छैन । इतिहास, सामाजिक मूल्य र परंपरामाथि अराजक किसिमको आक्रमण छ, प्रहार छ ।

हो, यहाँ हाम्रो इतिहास भूठमा आधारित भएर लेखिएको छ, हाम्रो परंपरा भनेर सामन्ती परंपरालाई स्थापित गर्न खोजिएको छ, र स्थापित गर्न खोजिएका सामाजिक मूल्य र मान्यता भनेका पनि सामन्ती मूल्य र मान्यता नै हुन् । त्यसैले पारिजातमा यिनीहरूप्रति विरोध र विद्रोह जन्मनु सान्दर्भिक नै थियो । तर ती सामाजिक मूल्य-मान्यता र परंपराका राम्रा पक्षहरू र नराम्रा पक्षहरू केलाउनु पर्थ्यो । नकेलाईकन गरिएको विरोध हुनाले त्यो बेठीक थियो ।

पारिजातको यो अवधिको सबैभन्दा राम्रो अभिव्यक्ति दिने कृति "बैंसको मान्छे" ( २०२९) उपन्यास नै हो । यसमा भन्नु पर्ने थप कुरा के छ भने- यसमा विद्रोह त छ तर अस्तित्ववादी चिन्तनको तुस पनि निखिइसकेको भने छैन । यसमा निम्न वर्गप्रति सहानुभूति पनि छ तर सामाजिक संरचनामा अमूल परिवर्तन ल्याउन संगठित जनशक्तिको आवश्यकता- बोध भने छैन । व्यक्तिगत विद्रोह, आक्रोश एवं व्यक्तिगत व्यक्तिहत्याको उग्रता पनि यसमा छ ।

यही अवधिका उहाँका केही कथाहरू पनि छन् । "सडक र प्रतिभा" कथा संग्रह (२०३२) का कथाहरूले पारिजातको संक्रमण कालको यो झलकलाई अरू राम्ररी प्रस्तुत गर्दछन् । यसमा केही विसंगतिवादी मोडका कथाहरू पनि छन् र "सिटिहलको बूढो ज्यामीसित", "वर्क-शपभित्र", "संघारनेर" जस्ता उहाँको प्रगतिशील आन्दोलनभित्र प्रवेश गर्ने ताकाका शुरुका कथाहरू पनि छन् । यसैबाट नै पारिजातको प्रवेश प्रगतिशील आन्दोलनभित्र हुन्छ । उहाँ स्वयंले राल्फाकालीन अवधिलाई आफूलाई प्रगतिशील लेखनतर्फ उन्मुख गराउने वस्तुगत र आत्मगत स्थिति सृजना गरिएको एउटा महत्वपूर्ण मोड मान्नु भएको छ ।

यो मोडमा उहाँ आइपुग्नको निम्ति उहाँभित्रको व्यक्तिगत द्वन्दले पनि काम गरेको छ । उहाँ थला पर्ने गरी विरामी हुनु भयो, निस्सारता र निराशाको चरम सीमामा पुग्नु भयो पनि । तर उहाँले बुझ्न थाल्नु भयो - निराशा त जीवनको



महिला आन्दोलनकी नेतृ

अन्त होइन रहेछ । यथार्थप्रति उहाँ भन्दा बढी समर्पित साथीहरूसँगको सम्पर्क, उनीहरूमा भएको नयाँपन र उहाँले आफैभित्रबाट सिकेको द्वन्दको पाठ, यिनै कुराहरूले उहाँलाई प्रगतिशील लेखनतर्फ उन्मुख गराएको हो भन्ने मलाई लाग्छ ।

**० चौथो चरण अर्थात् प्रगतिशील लेखन क्षेत्रमा पारिजातको प्रवेशको प्रष्ट अभिव्यक्ति चाहिं उहाँको कुन रचनाले दिन्छ ?**

- प्रकाशनको हिसाबले भन्नु पर्दा यसको अभिव्यक्ति "तोरीबारी बाटा र सपनाहरू" (उपन्यास २०३२) ले दिन्छ । तर योभन्दा अगाडि "पर्खालभित्र र पर्खाल बाहिर" लेखिएको थियो भन्ने मलाई लाग्छ, यद्यपि त्यो प्रकाशित भएको थियो २०३५ सालमा ।

प्रकाशनको हिसाबले नै कुरा गर्ने हो भने पनि "तोरीबारी बाटा र सपनाहरू"लाई प्रगतिवादी चेतले अभिप्रेरित रचना भनेर मैले किन मानेको हुँ भने त्यसमा मानव सभ्यता र संस्कृतिको विकासको एक मात्र स्रोत श्रमजीवी जनता हो, र यो वर्ग नै संस्कृति र सभ्यताको अगुवा र मालिक हुनुपर्छ भन्ने नयाँ बोध छ, निम्न-वर्गप्रति प्रेम र सहानुभूति छ । त्यसमा यथार्थलाई प्राथमिक रूपमा राखेर जीवनका समस्याहरूलाई खोतल्ने प्रयास गरिएको छ । जातिभेद र यसको कारक तत्व धर्मको पनि त्यसमा विरोध छ । नारी समस्याको समाधान वर्गीय समस्याको समाधान नभै हुन सक्दैन भन्ने चेत त्यसमा छ । साथै त्यसमा सबै समस्याको समाधानार्थ समाजमा आमूल परिवर्तनको आवश्यकता-बोध पनि छ । सामाजिक यथार्थलाई जति बढी गहन रूपमा राखेर पुष्टी गर्नु पर्थ्यो, त्यति नभए पनि यो रचना एउटा राम्रो रचना हो । 'शैली' 'शैली' 'शैली' भनेर माग गर्ने एक थरिहरूले "शिरीषको फूल" मै मात्र राम्रो शैली रहेको दावी गर्ने गर्छन् । तर यथार्थ के हो भने - "शिरीषको फूल"को शैलीभन्दा "तोरीबारी बाटा र सपनाहरू" को शैली कम स्तरको छैन । यात्रा क्रममा पात्रहरू आउने जाने उपन्यासको ढाँचा र भाषिक मिठास एवं गम्भीर कुराहरूलाई पनि रोचक् शब्द

## यथार्थप्रति इमान्दार मानिस आखिर मार्क्सवादी बन्छ नै !



...द्रप्रसाद मिश्रको स्मृति सभा...

पारिजातको मृत्युपछि उहाँको स्मृति र सम्मानमा राजधानी र देशका अन्य क्षेत्रमा पनि विभिन्न साहित्यिक, गैर-साहित्यिक संस्थाहरुले श्रद्धाञ्जली सभाहरुको आयोजना गरे । राजधानीमा प्रगतिशील लेखक संघले गत बैशाख १८ गते राष्ट्रिय सभा गृहको हलमा आयोजना गरेको कार्यक्रम सम्भवतः यिनीहरुमध्ये विशेष थियो । किनभने, यस कार्यक्रममा पारिजात सम्बन्धी स्मृतिहरु मात्र प्रस्तुत नगरी उहाँको कृतित्वको मूल्यांकन समेत गरिएको थियो । यसमा उहाँकी बहिनी सुकन्याले पारिजात सम्बन्धी भावपूर्ण स्मरणहरु सुनाउनु भएको थियो । सायमा रायन, रामचन्द्र भट्टराईका स्मृतिका अतिरिक्त साहित्यकारहरु / समालोचकहरु, डा. तुलसी भट्टराई, कृष्णचन्द्रसिंह प्रधान, निनु चापागाईं, खगेन्द्र संग्रौला र गोविन्द भट्टले पारिजातको कृतित्वको बारेमा अलग अलग समीक्षा गर्नु भएको थियो ।

पारिजातको "शिरीषको फूल" उपन्यास बहुतै प्रसंशित भैरहेको बेला विगतमा "शिरीषको फूल कि कागजको फूल ?" शीर्षकमा चर्चित समालोचना लेखी स्वयं पारिजात र अरुहरुलाई गंभीरतापूर्वक सोच्न प्रेरित गर्नुहुने वामपन्थी विद्वान गोविन्द भट्टले त्यस दिनको यस कार्यक्रममा भन्नुभएका केही कुराहरु निकै उल्लेखनीय छन् । उहाँले पारिजातको सन्दर्भ उठाउँदै आत्मविश्वासपूर्वक भन्नुभएको थियो - "यथार्थप्रति इमान्दार जो कोही मानिस पनि आज नभए भोलि, भोलि नभए पर्सि, पर्सि नभए केही समयपछि नै किन नहोस् - आखिर मार्क्सवादको नजीक आइपुग्छ नै । पारिजातमा यही कुरा लागू भएको थियो ।" ◆

संयोजनबाट व्यक्त गर्ने शैली यसका प्रमुख विशेषता हुन् ।

त्यसैले "शिरीषको फूल"लाई मात्र शैलीको दृष्टिकोणले उत्कृष्ट भन्नेहरूले पारिजातलाई समग्रमा पढ्दै नपढी पूर्वाग्रहको आधारमा धारणा बनाएका छन् र प्रचार-प्रसार गरेका छन् भन्ने मलाई लाग्दछ । "पर्खालभित्र र पर्खाल बाहिर" पारिजातको आफ्नै ढर्रा र नेपाली साहित्यकै ढर्राको हिसाबले पनि एउटा नवीनतम उपन्यास हो । यथार्थसँग जोडिंदा जोडिंदै पनि पात्रमूखी भई नेपालमा देखा परेको वाम-आन्दोलनका दुई धाराहरूलाई प्रतिविम्बित गर्ने यस उपन्यासले उग्रवाद र क्रान्तिकारी चरित्रको द्वन्दलाई राम्ररी प्रस्तुत गरेको छ- केही कमी-कमजोरी रहँदा रहँदै पनि ।

**० अब यसपछिको चौथो चरण वा प्रवृत्तिको विकास क्रम कसरी अघि बढेको तपाईले पाउनु भएको छ त ?**

- उहाँका रचनाहरू "उसले रोजेको बाटो", "अन्तरमुखी", "अनिंदो पहाडसँगै", "साल्गीको बलात्कृत आँसु", "परिभाषित आँखाहरू", "बोनी" र "बधशाला जाँदा आउँदा" र स्मरणहरू एवम् "आधी आकाश" आदिले पारिजातको यो चौथो चरणको प्रतिनिधित्व गर्दछन्, जसमध्ये म "परिभाषित आँखाहरू" र "बोनी" उपन्यासलाई भने यही स्तरमा राख्न सक्दिनं ।

**० यस चरणको मूल स्वरूप कस्तो रहेको छ र यसको प्रतिनिधि रचना तपाई कुन कृतिलाई मान्नु हुन्छ ?**

- यस चरणको प्रतिनिधि रचना र पारिजातका समग्र कृतिहरूमध्ये नै पनि उत्कृष्ट रचनाको रूपमा म "अनिंदो पहाडसँगै"लाई मान्दछु । पारिजातका कृतिहरूमा कमजोरीहरू छैनन् भनेर म मान्दिन, तथापि उहाँका कृतिहरूमध्ये उत्कृष्ट रचना यही नै हो ।

"अनिंदो पहाडसँगै" उपन्यास के कारणले पनि उत्कृष्ट छ भने, यो व्यक्तिवादी आक्रोश र विद्रोहभन्दा माथि उठेको छ । सामाजिक वर्गहरू र तिनीहरू बीचका द्वन्दहरूलाई बढी राम्ररी प्रस्तुत गरिएको र श्रमजीवी वर्गको विजयमाथि आशावादिता र पूर्ण विश्वास राखिएको यस रचनामा नेपालका पहाड, तराई र उपत्यकाको जन जीवनका मर्म र पीडाहरूलाई सामाजिक सन्दर्भहरूसँग गाँसेर हेर्ने प्रयत्न गरिएको छ ।

यो उपन्यास एउटा ऐतिहासिक अभिलेख पनि भएकोले यो अरु महत्वपूर्ण छ । २०३५/३६ को आन्दोलनलाई यसले समग्रमा ओगटेको छ । नेपालको त्यतिखेरको विद्यार्थी आन्दोलन र यसले लिएको राजनैतिक स्वरूप, ठाउँ ठाउँका जन-संघर्षहरू, जनमत-संग्रह, पंचायतको विजयको घोषणा र त्यसपछिका दमनहरू आदिको चित्र सहित यसमा तात्कालीन राजनीतिक कार्यदिशा सिंगै आएको छ । पारिजातका उपन्यासहरू मध्येमा यस उपन्यासले नै सबैभन्दा बढी सामाजिक परिवेशलाई संगेटेको छ । मलाई लाग्छ- पारिजातको लेखन-यात्रामा मात्र हैन नेपालको प्रगतिवादी आन्दोलनकै पनि उत्कृष्ट पात्रहरूको सृजना यस उपन्यासमा भएको छ । पात्रहरूमध्ये



...राजिता पारिजातको लाश...

पनि नायिका सुवानी नेपाली प्रगतिशील आन्दोलनकै उत्कृष्ट पात्र हो भन्ने मलाई लाग्छ ।

यसपछिको उहाँको उत्कृष्ट रचना "साल्गीको बलात्कृत आँसु" कथा-संग्रह हो । २०३१ देखि २०४२/४३ सम्मका कथाहरूलाई संगेटेर संग्रहित यस कृतिमा रहेका १५ वटा कथाहरूमा उहाँले नेपाली जनजीवनका विविध सन्दर्भहरूलाई संगेटेर मर्मस्पर्शी रूपमा अभिव्यक्ति दिनु भएको छ । वर्तमान सामाजिक व्यवस्था ठीक छैन, यसबाट मुक्त नभै सुन्दर भविष्यको सृजना गर्न सकिन्न भन्ने कुराको छाप छोड्ने यी कथाहरू पारिजातका यस अघि र पछि दुवै समयावधिका कथाहरू भन्दा उत्कृष्ट छन् । यिनलाई पारिजातका प्रतिनिधि कथा भन्न सकिन्छ ।

० उपन्यास "परिभाषित आँखाहरू" र "बोनी" बारे तपाई केही थप टिप्पणी गर्न चाहँदै हुनुहुन्थ्यो ।

- मैले संभवत: "वेदना" मा कतै लेखी पनि सकेको हुँ कि २०४३ पछाडि केही समययता पारिजातमा केही विचलन आउँदैछ भनेर । के का आधारमा यसो भनिएको हो भनी मित्रहरूले चर्चा पनि चलाउनु भयो । यसबारे मलाई लागेको मूलभूत कुरो के हो भने- उहाँको कमाउ-पुत्र-पुस्तकहरूप्रति एवं संपत्ति-संबन्धप्रतिको मोह, अनि आफ्ना पुराना कृतिहरूको पुनर्मूल्याङ्कन गरिनु पर्छ भन्ने प्रवल र तीव्र इच्छा एवं आन्दोलनबाट अलिकति पर भागिसकेपछि रचनाहरूमा खालि 'कस्तो छ ?' मा बेशी सीमित राख्ने, तर "'कस्तो हुनुपर्छ ?' भन्ने कुरामा त्यति ध्यान नदिने प्रवृत्ति आदिलाई देखेर यसो भन्नु परेको हो । समाजमा व्याप्त हुँदै गएको अमानवीयकरणलाई उल्लेख गर्नु भन्दा अमानवीयकरणतिर नै प्रगतिशील पात्रहरूलाई लैजाने प्रवृत्ति, जो खासगरी "परिभाषित आँखाहरू"मा देखिन्छ, त्यसकारणले पनि उहाँमा केही विचलन आएको छ र त्यो केही खस्केको छ भन्ने मलाई लागेको हो ।

"बोनी" मा त पारिजात आफैं फस्नु भयो भन्ने मलाई लाग्छ । समाजमा माथिल्लो वर्गमा रहेको भ्रष्टताले किशोर-किशोरीहरूमा पार्ने गलत प्रभावका विरूद्ध र त्यस प्रभावबाट नायिका बोनीलाई बाहिर उतार्न उहाँ शुरुमा यस उपन्यासमा अभिमुख हुनु भएको छ तर पछि गएपछि नायिकालाई उहाँले अगाडि ल्याउन पनि सक्नु भएन र आफैं अन्यौलमा फस्न पुग्नुभयो । यसमा अरू असंगतिहरू पनि छन् ।

"परिभाषित आँखाहरू" की पात्र बिज्जीलाई जुन रूप प्रस्तुत गरियो र त्यसको अन्तको जुन रूप रह्यो, त्यो ठीक ढंगले भएको मलाई लाग्दैन । यो कुरा पारिजात स्वयंले पनि स्वीकार्नु भयो कि भन्ने चाहिं मलाई लाग्छ ।

यस उपन्यासबारे "जनमत" पत्रिकामा दिएको अन्तवार्तामा उहाँले "प्रस्तुती राम्रो भएन भन्ने त समालोचकहरूको आ-आफ्नो दृष्टिकोण हो तर पात्र, घटना, समसामयिक समझलाई हेर्दा मैले धेरै अशोभनीय चीज लेखें जस्तो लाग्दैन ।"

अर्थात्, मैले राम्रै गरें भन्ने समझमा उहाँ हुनु हुन्थेन । यसको अर्थ मलाई के लाग्छ भने- यसबाट उहाँले पनि आफ्नो आत्म-मूल्यांकन गर्नु भएको बुझिन्छ ।

० जम्माजम्मीमा भन्नु पर्दा नेपाली साहित्यमा पारिजातको योगदानबारे तपाईको धारणा के छ ?

- समग्रमा हेर्ने हो भने पारिजात नेपाली साहित्यको अनुपम प्रतिभा हुनुहुन्थ्यो र प्रगतिशील साहित्यिक आन्दोलनको २०३० पछिको उहाँ एउटा अग्रणी र मूर्धन्य हस्ताक्षर हुनुहुन्थ्यो । उहाँकै सेरोफेरोभित्र अरू साहित्यकारहरूले हुर्कने मौका पाए, खासगरी २०३६ पछाडि ।

पारिजातको बारेमा मैले भन्नु पर्ने जरुरी एउटा कुरा छ, त्यो हो- जतिखेर उहाँले कम्युनिष्ट पार्टीको सदस्यता ग्रहण गर्नु भयो र महिला-मुक्ति आन्दोलनको उहाँ अग्र पंक्तिमा आउनु भयो, त्यसै गरी जन जीवनसँग भिज्ने कामहरू बढी भए, त्यतिखेर नै पारिजातमा उर्जा ज्यादा आएको मलाई लाग्छ ।

पारिजातमा केही कमी कमजोरीहरू छन् तर तिनीहरू उहाँको देनको तुलनामा नगण्य छन् ।



१६ वर्षकी पारिजात



रल्फावादी प्रगतिवादी संक्रमण : २०३२ वाराणसी

अमेरिकाको कम्युनिष्ट सफाया-अभियान

# कम्बोडियामा खमेर रुजलाई सिध्याउन कस्तो षडयन्त्र हुँदैछ ?

**किन चुनाव वहिष्कार गर्दैछ- खमेर रुज ?**
**किन हतियार सुम्पन मानिरहेको छैन ?**



संयुक्त राष्ट्र संघको आयोजनामा यही जेठ १० देखि १४ गतेसम्म कम्बोडियामा विधान सभाको चुनाव हुँदैछ । पश्चिमका संचार माध्यमहरु विश्व जनमत तयार पार्न बेस्सरी हल्ला मच्चाउँदैछन् - त्यहाँको सबैभन्दा शक्तिशाली कम्युनिष्ट समूह-खमेर रुजले त्यो चुनावलाई बहिष्कार गर्दैछ, त्यसले हतियार नसुम्पेर पेरीसको शान्ति संझौता तोड्यो, त्यसलाई अब आर्थिक नाकाबन्दी लाउनु पर्छ, त्यसलाई अब स्वाहा पार्नु पर्छ, किनकि त्यसले संयुक्त राष्ट्र संघको सेनालाई समेत मार्दै छ ।

यसरी कम्बोडियामा विधान सभाको चुनावको धुवाँयुक्त पर्दाभित्र एउटा विभत्स घटना घट्दैछ - अमेरिकाको अगुवाइमा कम्युनिष्ट सफाया- अभियान । सारा विश्व जनमत नै अमेरिका विरुद्ध खडा भएकाले - अमेरिका जुन कुरा गर्न १९७५ मा विफल भयो, ऊ त्यो कार्य अब संयुक्त राष्ट्र संघलाई ढाल बनाएर गर्दैछ ।

त्यतिखेर सोभियत संघ कम्बोडियाको साथमा थियो । त्यो अहिले टुक्रिएको छ र त्यसको मूल घटक रुस अहिले अमेरिकाको पाल्तु कुकूर सरह भएको छ । जतातिर घुक् भन्यो उतैतिर घुक्दैछ । खमेर रुजको सबैभन्दा आडिलो र नजिकको मित्र थियो- चीन । त्यो पनि अहिले आफ्नो सिद्धान्त, लक्ष्य र नैतिकतालाई अमेरिकासित डलरमा विक्री गर्दैछ र अमेरिकाको लहै लहैमा लागेर खमेर रुजलाई निशस्त्र हुन र पेरीस संझौता मान्न दबाव दिंदैछ । उता केही उत्तर कोरिया, क्यूबा जस्ता साना राष्ट्र छाडेर, पूरै संयुक्त राष्ट्र संघ अमेरिकाको साम्राज्यवादी महत्वाकांक्षाको औजार बन्न पुगेको छ । यसरी, खमेर रुज अहिले विश्वव्यापी रुपमा एक्लिन पुगेको छ र एक्लै अस्तित्वको लडाईं लड्दै छ ।

७ जनवरी १९७९ मा, पाँच वर्ष पनि राम्ररी शासन चलाउन नपाउँदै, भियतनामी आक्रमणबाट सत्ताच्यूत भएपछि, कम्बोडियाको कम्युनिष्ट पार्टीले जनतामा कम्युनिष्ट शब्द नै अप्रिय भयो भन्ने भयले पार्टीको नाम नै फेऱ्यो - डेमोक्रेटिक कम्पुचिया पार्टी ।

त्यसपछि संसारभरिका कम्युनिष्टहरुको शंका उब्जियो - कतै खमेर रुजले साम्यवादको लक्ष्य त छाडेन ? र कम्युनिष्ट जगत् खमेर रुजप्रति बेसरोकार बन्न थाल्यो । उता खमेर रुजले विगतको गल्तिको आलोचनासहित विश्व जनमत तयार पार्ने र विश्व सम्पर्क कायम गर्ने अत्यन्त महत्वपूर्ण कार्यमा ध्यानै दिएन । नतिजा भयो - अहिलेको नितान्त एक्लोपन । उता अमेरिका कम्युनिष्ट भएकैले र पूंजीवाद पन्थी नभएकैले खमेर रुजलाई खतम पार्न खोज्दैछ । यता सारा कम्युनिष्ट संसार खमेर रुज सक्कली कम्युनिष्ट नै होइन भनेर चुपचाप तमासे बन्दैछ । यसरी विश्व परिस्थिति पनि खमेर रुज सफाया-अभियानको निम्ति अनुकूल बन्दैछ ।

तर वास्तविकता के हो ? किन विधान सभाको चुनाव वहिष्कार गर्दैछ - खमेर रुज ? किन ऊ हतियार सुम्पन मानिरहेको छैन ? किन ऊ पेरिस शान्ति संझौताको पालना गरिरहेको छैन, जसमा उखूदैले हस्ताक्षर गरेको थियो ?

## के थियो पेरीस शान्ति संझौतामा ?

१९७९ मा तात्कालीन सोभियत उत्प्रेरणामा २ लाख भियतनामी सेनाको आक्रमणपछि कम्बोडियामा लगातार गृहयुद्ध मच्चिंदै आएको थियो । एकातिर हुन सेनको भियतनामी कठपुतली सरकार र अर्कातिर खमेर रुज, राजकुमार नरोदम सिंहानुखको जत्था र सोनसानको खमेर पिपुल्स नेशनल फ्रण्टको बीचको संयुक्त मोर्चा । सोभियत संघको पतनपछि यो गृह युद्धलाई थेग्न भियतनाम समर्थ रहेन । फलस्वरुप १३ वर्षको गृहयुद्ध पछि फ्रान्स र इन्डोनेशियाको सह-अध्यक्षतामा २३ अक्टोबर १९९१ मा पेरीसमा एउटा संझौता भयो - युद्धरत समूहहरुबीच । यसैलाई पेरीस संझौता भन्दछन् ।

पेरीस संझौतामा चार वटा सवालमा सहमति भएको थियो । एउटा, निर्वाचित सरकार नआएसम्म, संक्रमणकालीन अवधिको लागि कम्बोडियाको सर्वोच्च वैधानिक अंग र अधिकार स्रोत - सर्वोच्च राष्ट्रिय परिषद् हुने, जसमा हस्ताक्षर गर्ने चारै पार्टीका प्रतिनिधि हुन्छन् । यसलाई कार्यकारी सहयोग गर्न संयुक्त राष्ट्र संघद्वारा गठित UN Transitional Authority in Combodia (UNTAC) (संक्रमणकालीन अवधिको निम्ति कम्बोडियामा संयुक्त राष्ट्र संघीय प्राधिकार) ले कार्य गर्ने । दोस्रो, कम्बोडियाबाट भियतनामी फौज लगायत संपूर्ण विदेशी फौज फिर्ता गर्ने, त्यो फिर्ता भएको छ- छैन निरीक्षण गर्ने र आफ्नो नियन्त्रणमा देशलाई लिने । तेस्रो, पहिलेको सरकारसंग रहेको रक्षा, परराष्ट्र, वित्त, संचार र सार्वजनिक सुरक्षा जस्ता पाँच पक्षमा UNTAC ले प्रत्यक्ष नियन्त्रण कायम गर्ने । चौथो, चारै पक्षको सैन्य शक्तिमा ७० प्रतिशत कटौति गर्ने ।

यही संझौतालाई पालना गराउन संयुक्त राष्ट्र संघले २० हजार शान्ति सेना सहित महासचिव बुत्रोस बुत्रोस घालीका विशेष दूतका रुपमा जापानी कूटनीतिज्ञ यासूसी आकासीको नेतृत्वमा - सबैभन्दा महंगो - २८० करोड डलर खर्चिलो शान्ति टोली पठायो ।

## किन चुनाव वहिस्कार गर्देछ-खमेर रुज ?

तर यसैबीच अमेरिकाले गजबको कूटनैतिक चाल चल्यो - खमेर रुजलाई मात्र



हुन सेन सरकारको हमलामा मरेका खमेर रुज गुरिल्ला

निःशस्त्र पार्ने र एक्ल्याउने, बाँकीलाई खमेर रुजबाट फुटाउने र पक्षमा लिने । यसरी कम्बोडियामा आफ्नो प्रभुत्व कायम गर्ने । यसको लागि उसले रुस मार्फत भियतनामलाई हातमा लियो ।

फलस्वरुप; पैरीस संझौता बमोजिम सर्वोच्च राष्ट्रिय परिषद् गठन त भयो । तर त्यसको हातमा वास्तविक सत्ता आएन । सत्ताको बागडोर भियतनामको कठपुतली सरकार हुन्सेन कै हातमा रहिरह्यो । खमेररुज प्रतिनिधि ख्यू शाम्फान - सर्वोच्च राष्ट्रिय परिषदका सहभागी हुन राजधानी न्होमपेन्ह आउँदा "अलोकप्रिय" भनी उहाँलाई रगतपच्छे हुने गरी पिटियो । संचार माध्यम मार्फत् खमेर रुज विरोधी प्रचार तीव्र पारियो, स्वयं कम्बोडियामा र संसारभरि ।

संझौता अनुसार कम्बोडियाबाट भियतनामी फौज फर्किनु पर्ने थियो । फर्केको नाटक त रचियो, तर नागरिक भेषमा हज्जारौं भियतनामी सेना कम्बोडियामा नै रहीरहे । कम्बोडियामा भियतनामी सेनाले भूमिगत सैनिक संरचना निर्माण गरेको तथ्य पनि फेला पऱ्यो । कैयन सैनिकहरु सैनिक सल्लाहकारका रुपमा रहिरहे । यी सबै कुराको प्रमाण UNTAC आफैले फेला पाऱ्यो । तर उसले यसको विरोध गरेन । ऊ स्वयम अमेरिकाको कठपुतली बन्यो ।

UNTAC ले पेरीस संझौता अनुसार रक्षा, परराष्ट्र, वित्त, संचार र सार्वजनिक सुरक्षामाथि प्रत्यक्ष नियन्त्रण कायम गर्नु पर्थ्यो । तर उसले फगत मन्त्रालयमा UNTAC को झण्डा फहराउनु बाहेक यी प्रशासनिक निकायमा प्रत्यक्ष नियन्त्रण कायम गर्ने कार्य गरेन । ती प्रशासनिक निकायहरुमा नीति निर्देशन र नियन्त्रण- कठपुतली हुनसेन सरकारकै रहिरह्यो । विपक्षी पार्टीका सदस्यहरु र कठपुतली सरकार विरोधी जन समुदायलाई आफ्नो सेना र गुप्तचर लगाएर जथाभावी गिरफ्तार गर्ने र हत्या गर्ने अभियान नै चल्यो । राज्य- आतङ्क यति चर्को भयो कि थुप्रै भियतनामीहरुको नाम मतदाता नामावलीमा चढेको UNTAC ले थाहा पायो । तर हत्या र गिरफ्तारीको डरले UNTAC ले खटाएका




खमेर रुज नियन्त्रित क्षेत्र

चुनाव अधिकृतहरु चूप लाग्न बाध्य छन् ।

यही कारणले खमेर रुजले आफ्नो हात हतियार UNTAC लाई सुम्पेर निशस्त्र हुन मानेन । निशस्त्र हुनुको अर्थ हुन्थ्यो- कठपुतली सरकारसमक्ष आत्म समर्पण । गत साल नै उसले माग गरेको थियो- भियतनामी फौज पूर्ण रुपमा फर्काउनु पर्छ , सर्वोच्च राष्ट्रिय परिषदलाई सर्वाधिकार संपन्न वैधानिक सरकार बनाउन भियतनाम कठपुतली हुन सेन सरकारलाई विघटन गर्नु पर्छ, संपूर्ण सत्ता परिषदलाई हस्तान्तरण गर्नु पर्छ, परिषदले UNTAC को सहयोगमा तटस्थ प्रशासन चलाउनु पर्छ,

स्वतन्त्र निर्वाचन संपन्न गराउन परिषद्मा संलग्न ४ पार्टी, UNTAC र पेरीस सम्झौताका समर्थक राष्ट्रका प्रतिनिधि सामेल एको प्रशासनीक परामर्श समिति गठन गर्नुपर्छ । तर अमेरीकाको →



# खमेर रुजको इतिहास

- क. हो ची मिन्हको नेतृत्वमा रहेको हिन्द-चीन कम्युनिष्ट पार्टीभित्र ४० को दशकदेखि नै सक्रिय / उक्त पार्टी भियतनाम, कम्पुचिया र लाओसमा विभाजित भएपछि १९५१ मा गठित कम्पुचियन पिपुल्स रिभोल्यूशनरी पार्टीभित्र भूमिगत रुपमा माओ विचारधाराको हतियार लिई संघर्षरत ।

- त्यस पार्टीको नाम १९६० को सेप्टेम्बर ३० मा नोम्ह पेन्ह मै भूमिगत रुपमा सम्पन्न दोस्रो कांग्रेसले परिवर्तन गरी कम्पुचियाली कम्युनिष्ट पार्टी (Kanapak Kumunist Kampuchea - PCK) नामाकरण / १४ किसान प्रतिनिधिहरु र ७ शहरीया काम हेर्ने प्रतिनिधि कम्युनिष्टहरु सहभागी उक्त कांग्रेसले राष्ट्रिय जनवादी क्रान्तिको आधारभूत रणनीति सम्बन्धी दिशा, पार्टीको संविधान र केन्द्रीय कमिटीको चुनाव सम्बन्धी निर्णय गऱ्यो ।

- विद्यार्थी, बुद्धिजीवी, मजदूर, किसान र बौद्ध भिक्षुहरुको १९६३ मा सम्पूर्ण अमेरिकी सहायता बहिष्कारको संघर्ष /

- १९६४ देखि गाउँ गाउँमा किसान संघर्षको थालनी, १९६५, १९६६ र १९६७ मा शक्तिशाली किसान आन्दोलन / १९५५ देखि संगठित गरिएका मजदूरहरुलाई पनि आन्दोलनमा समावेश /

- जनवादी क्रान्तिमा हतियार बन्द क्रान्तिकारी संघर्षलाई संघर्षको प्रमुख तरीकाको रुपमा लिई संसदीय संघर्षलाई कार्यनीतिक प्रश्नको रुपमा लिई असेम्बलीमा पनि संघर्षको थालनी /

- १९६४ मै अमेरिकी साम्राज्यवाद र लोन नोल सरकारको विरोधमा विशाल प्रदर्शन /

- १९६७ मा बातमबाँग प्रान्तको समलौतमा हतियार बन्द जनविद्रोह / त्यसै वर्षको मध्यतिरबाट कम्युनिष्ट पार्टीले क्रान्तिको रक्षार्थ, क्रान्तिकारी शक्तिहरुको विकास गर्न र सुदृढ बनाउन सशस्त्र संघर्षको शुरुवात । १९६८ देखि घोषित रुपमै शुरु भएको संघर्षले १९६९ सम्ममा देशव्यापी रुप लियो /

- १९७० भित्र समर्थन दिने आधार, छापामार आधार र छापामार क्षेत्रहरुको निर्माण / ४ हजार नियमित सेना र ५० हजार छापामार सैनिक विस्तार गर्न सफल /

- लोननोलद्वारा सैनिक बिद्रोह गरी अमेरिकी साम्राज्यवादको कठपुतली सरकार गठन गरेपछि सम्पूर्ण राष्ट्रिय जनवादी शक्तिहरुलाई एकजूट गरी कडा प्रहार /

- १९७५ को अप्रिल १७ मा अमेरिकी साम्राज्यवाद र त्यसका मतियार लोननोल सरकारलाई हराई जनवादी क्रान्ति सम्पन्न / पिछडिएको कृषि प्रधान देशलाई जनवादीकरण गर्ने क्रम शुरु /

- क. हो ची मिन्हको मृत्यु पश्चात् आएको रुस समर्थक भियतनामी नेतृत्वले १९७७ देखि नै कम्बोडियामाथि आक्रमण गर्ने क्रममा ७ जनवरी १९७९ भित्र कम्बोडियामाथि पूर्ण आधिपत्य, जनवादी कम्पुचिया सरकारद्वारा भीषण प्रतिरोध / हेंङसामरिनको सरकार स्थापना /

- १९८१ को डिसेम्बरमा कम्पुचियाली कम्युनिष्ट पार्टी विघटन । डेमोक्रेटिक कम्पुचिया पार्टी नामाकरण गरी अन्य प्रतिरोधी छापामार समूहहरु अमेरिका समर्थक सोन सानको खमेर सेराई र चीन समर्थक सिंहानुकका सैनिकहरुसंग मिली संयोजित रुपमा आक्रमण /

- १९८५ मा जनवादी कम्पुचियाका प्रधानमन्त्री क. पोलपोट खमेर रुजको कमाण्डर पदबाट औपचारिक रुपमा हटी पार्टीका उपाध्यक्ष सोन सेनलाई नियुक्त / ० सिंहानुकको अध्यक्षतामा २२ जुन, १९८२ मा ३ प्रतिरोधी समूहहरु सम्मिलित भई गठित जनवादी कम्पुचियाको संयुक्त सरकार सिंहानुकको ढुलमुलपनले गर्दा कयौं पटक संकटमा परे पनि खमेर रुजको कुशलताले गर्दा चलिरहृयो /

- प्रतिरोधी छापामारहरुको आक्रमण र वैदेशिक दबाबका कारण भियतनामी सैनिकहरु १९८९ को सेप्टेम्बर २० देखि फिर्ता /

- १९९० को जून ६ मा टोकियोमा संयुक्त सरकारका अध्यक्ष सिंहानुक र नोम्ह पेन्ह सरकारबीच सम्पन्न वार्ताले चारै समूहको प्रतिनिधित्व हुने सुप्रिम नेशनल काउन्सिल गठन /

- १९९२ को डिसेम्बरमा खमेर रुजले पुनः आफ्नो डेमोक्राटिक कम्पुचिया पार्टी नामलाई फेरेर नेशनल युनियन फ्रन्ट अफ कम्बोडिया पार्टी ख्यू साम्फानको अध्यक्षतामा गठन / *



वायाँ बाट दायाँ: हुन सेन, नरोदम सिंहानुक, तारो नाकायामा, सोन सान र ख्यू साम्फान

दवावमा *UNTAC* ले यो प्रस्ताव मानेन। उल्टो **खमेर** रुजलाई मात्र हात हतियार सुम्पन्न एकतर्फी दवाव दिन थाल्यो। **खमेर** रुज नियन्त्रित क्षेत्रमा बलपूर्वक पस्ने धम्की समेत दिन थाल्यो।

यसै परिप्रेक्षमा विधान सभाको चुनाव निष्पक्ष हुनै सक्दैन भन्ने ठम्याइ राखेर खमेर रुजले चीनको दवावको वावजुद चुनाव वहिष्कार गर्ने निर्णय गरेको थियो। यो निर्णय वेठीक र अन्यायपूर्ण देखिन्न। तर पनि अहिले **पश्चिमाली** प्रचार अभियानको कारणले सारा संसार खमेर रुजबारे बेसरोकार भएको छ। हतियार सुम्पौं र चुनावमा जाउँ, पूरै अमेरीका र भियतनामको पाउमा आत्म समर्पण हुन जाने। देश घुमी फिरी फेरि पनि उपनिवेश हुन जाने। त्यसो नगरौं, पेरीस संभौता उल्लंघन गऱ्यो भनेर चारैतिरको आक्रमण एक्लै व्होर्नु पर्ने- यो धर्म संकटको स्थितिमा खमेर रुज खडा भएको छ। तथापि ऊ अहिलेसम्म दृढ छ- खमेर रुजले हतियार सुम्पने छैन- र यस्तो नाटकीय चुनावमा भाग लिने छैन। उसले भनिरहेकोछ- पेरीस संभौताको उल्लंघनकर्ता ऊ होइन, *UNTAC* आफै हो।

## अहिलेको स्थिति

अहिले खमेर रुज पेरीस संभौताको कार्यान्वयनको लागि पेकिङमा वार्ता गर्ने प्रस्ताव राख्दैछ। तर अमेरिकाको निर्देशनमा चलिरहेको *UNTAC* वार्ताको पक्षमा छैन। "पेकिङमा गएर **खमेर** रुजको गफ सुन्ने हामीलाई फुर्सद छैन"- ऊ अहिले यस्तो भनिरहेछ।

*UNTAC* अहिले **खमेर** रुजका नियन्त्रणमा भएका क्षेत्रहरु- **बाटम्बाङ** पुसटि, कोम्पोङ शोम, सिइन रियाम, काम्पोट, काम्पोङ स्प्यू-मा जवर्दस्ती पस्ने, खमेर रुजका रणनैतिक महत्वका सूचनाहरु बटुलेर हुन सेन सरकारलाई दिइदिने काम गरिरहेछ। खमेर रुजको सैनिक विभागका अनुसार *UNTAC* अहिले खमेर रुजमाथि **न्होम** पेन्ह सरकारको आक्रमणमा गाइड र ढालको भूमिका खेल्दै छ।

खमेर रुजले पेरीस संभौता पालन भएको खण्डमा-चुनावमा भाग लिन गत मंसिरमा *National Union Front of Combodia* नाम गरेको नयाँ पार्टी गठन गरेको थियो। तर पेरीस संभौताका शर्तहरु *UNTAC* ले पालना नै नगरेकोले ऊ अहिले चुनाव वहिस्कार गर्न कृत संकल्प छ। **न्होम** पेन्ह सरकारले, **खमेर** रुजका अनुसार, १० लाख भन्दा बढी भियतनामी नागरिकहरुलाई कम्बोडियाको नागरिकता लिन लगाउँदैछ। *UNTAC* ले यसमा कुनै आपत्ति नगरेको-खमेर रुजको आरोप छ।

अहिले कम्बोडियामा जनताको जीवन भयावह र गिर्दो भएको कुरा *UNTAC* आफैले आफ्नो रिपोर्टमा स्वीकार गरेको छ। आफ्नो ६ पेजको आन्तरिक रिपोर्टमा *UNTAC* ले स्वीकार गरेको छ- "भ्रष्टाचार, भूमि विवाद, र कम्वोडियाली राज्यको प्रशासनिक निकायबाट हुने उत्पीडनबाट संरक्षण दिने जस्ता व्यक्तिका अधिकारहरुको संरक्षण र सम्वर्द्धन गर्ने मामलामा *UNTAC* ले आशै गर्न नसकिने मूर्खतापूर्ण काम गरिरहेको र कम्बोडियाली राज्यका अधिकारीहरुसँग गठवन्धन गरिरहेको तथ्य बाहिर देखिईरहेको छ........ । साधारण जनता *UNTAC* देखि रिसाएका छन्.......... । राष्ट्रमा स्थायित्व ल्याउने *UNTAC* को क्षमतामाथि कम्बोडियालीहरुको विश्वास अत्यन्त तीब्र गतिले घट्दै छ।" रिपोर्टको आत्म स्वीकारोक्ति आफैंले देखाएको छ- *UNTAC* को काम माथि *UNTAC* आफै सन्तुष्ट छैन। उ आफ्नै कामको अपराध बोधले ग्रस्त भएको यो स्वीकारोक्तिले प्रष्टै देखाएको छ।

अहिले, अमेरीका, वेलायत र फ्रान्स खमेर रुजलाई आर्थिक प्रतिवन्ध समेत लगाएर भुकाउन उद्यत छन्। चारैतिरबाट एक्लो परेको खमेर रुजलाई अनुकूल मौकामा-यसै पटक धाराशायी पार्ने उनीहरुको दाउ छ।

थाई व्यापारी र सैनिक अधिकारीको कम्बोडियासंग हुने करोडौंको पत्थर र टिम्वरको व्यापार-स्वार्थका कारणले आर्थिक नाकाबन्दी सफल हुने लक्षण देखिएको छैन। तर यही चुनावअघि यसैको निहुँमा खमेर रुजलाई चारैतिरबाट घेरेर सिध्याउने प्रयत्न भने अमेरिकाले गरी छाड्ने निश्चित छ। यसको लागि भियतनामलाई हात लिने काम उसले गरिसकेको छ। भर्खरै विश्व बैंकले *UNDP* सित मिलेर भियतनाममा ३० अरव अमेरिकी डलर लगानी गर्ने संभौतामा हस्ताक्षर गर्नु यसको प्रष्ट लक्षण हो। अन्यथा हिजोसम्म भियतनामलाई स्वाहा पार्न वम वर्षाउने अमेरिका आज किन त्यही भियतनामलाई पैसाको नांग्लो फिंजाउँदैछ?

यस स्थितिमा विश्वका सबै सत्य र न्यायका पक्षधर देश र शक्तिले खमेर रुजको पक्षमा र उसमाथि अमेरिका र यसका तावेदारहरुबाट हुन लागेको अन्यायको विरुद्धमा सशक्त र एकताबद्ध आवाज उठाउन जरुरी भएको छ। खमेर रुज कम्युनिष्ट हो कि होइन- अहिलेको विवादको विषय यो होइन र हुनु हुँदैन। ऊ अहिले सरासर साम्राज्यवादी उत्पीडन र अन्यायको शीकार भईरहेको छ कि छैन र उसको अस्तित्व र आवाज न्यायपूर्ण छ की छैन? अहिले मूल सवाल यो हनुपर्छ। एउटा उत्पीडित तर न्यायको लागि संघर्षरत शक्तिको हैशियतले उसको लागि आवाज उठाउन जरुरी छ। अन्यथा, ऊ लक्ष्यच्यूत पूँजीपन्थी र अन्यायकारी शक्ति भएको भए अमेरिका उसलाई सिध्याउन किन यति उद्यत हुन्थ्यो?

खमेर रुजले आफ्नो यान्त्रिक चिन्तनको कारणले गरेको विगतको वायाँ गल्तीको इमान्दारीपूर्वक समीक्षा गर्नु जरुरी छ, जसको कारणले ऊ जनताबाट कट्यो र सत्ताच्यूत भयो। संसारका सबै उत्पीडित राष्ट्रहरु श्रमीक वर्गसित घनिष्ठ सम्बन्ध राख्नमा उसले प्राथमिकता दिनु जरुरी छ, जुन नहुनाले नै ऊ विश्वमा अहिले नितान्त एक्लो भएको छ। ⫽

**- राजेन्द्र महर्जन**



## बेलोरुसमा कम्युनिष्ट पार्टीको एकीकरण

पूर्व सोभियत संघको स्वतन्त्र गणराज्य बेलोरुसको संसद र सरकारमा समेत प्रमुख आधिपत्य जमाइरहेका कम्युनिष्टहरुले फागुनको तेस्रो हप्तामा भएको विस्तारित भेलाद्वारा **पार्टी अफ कम्युनिष्ट अफ बेलोरुस** र **कम्युनिष्ट पार्टी अफ बेलोरुस**बीच पार्टी एकीकरण गर्ने निर्णय गरेका छन्।

बेलोरुसको राजधानी मिन्स्कमा भएको यस भेलाले चैत्रको अन्ततिर **एकीकृत बेलोरुस कम्युनिष्ट पार्टी**को विशेष एकता महाधिवेशन गरेर नयाँ नेतृत्व चुन्ने निर्णय पनि गरेको छ।

१९९१ को अगष्ट कू पछि प्रतिवन्धित सोभियत कम्युनिष्ट पार्टीका सदस्य- कम्युनिष्टहरुले आफ्नो पार्टीको नाममा सामान्य परिवर्तन गरेर **"पार्टी अफ कम्युनिष्ट अफ बेलोरुस"** को नाममा पुन: संगठित र संघर्षशील रहँदै आएका थिए र गत महीना प्रतिवन्ध फुकुवा भएपछि खुला रुपमा तिनीहरुले यो भेला गरेका हुन्। स्मरणीय छ, उक्त पार्टीले आफूलाई सोभियत संघको कम्युनिष्ट पार्टी (*CPSU*) को उत्तराधिकारी घोषित गरी त्यस्को जफत सम्पतिमाथि पनि दावी गरेको छ।

मस्कोमा बेलोरुस, युक्रेन र रुसी कम्युनिष्टहरुको माघमा सम्पन्न भेलाबाट कम्युनिष्ट पार्टी र समाजवादको पुनर्स्थापना गर्ने निर्णय भएपछि यसरी बेलोरुसमा पनि पार्टी एकीकरण अभियान चलेको हो। एकीकरणले विगतका कटु अनुभवबाट पाठ सिक्दै कम्युनिष्ट पार्टीलाई सही मार्गमा लैजान केही भूमिका खेल्ने विश्वास गरिएको छ। ⫽

# के प्रगतिशील हो र के प्रतिगामी ?



## प्रज्ञानरत्नका विचारहरुमाथिको प्रतिकृया

- खगेन्द्र संग्रौला

के सुन्दर हो र के कुरुप हो ? के उदाउँदो हो र के अस्ताउँदो हो ? के प्रगतिशील हो र के प्रतिगामी ? वर्गीय समाजमा यी र यस्ता प्रश्नहरुका उत्तर आ-आफ्नो वर्ग स्वार्थमा आधारित हुने गर्छन् । कसले कस्तो उत्तर दिन्छ, सो कुराले को कुन वर्गको स्वार्थ साध्न डट्टेको छ भन्ने कुरा बुझिन्छ । "मूल्यांकन" मासिकको फागुन अंकमा प्रज्ञानरत्नको एउटा लेख छापिएको छ, जसमा यिनै प्रश्नहरुबारे तर्कवितर्क गरिएको छ । लेखको शीर्षक छ - "कुन कुरालाई प्रगतिशील भन्ने, कुनलाई प्रतिगामी ?" सो लेखमा हालको पूँजीवादी बहुदलीय व्यवस्थालाई प्रगतिशील सिद्ध गर्न लेखकले दरो चालले घुँडा धस्नु भएको छ । र, यो व्यवस्था प्रतिगामी हो भन्नेहरुलाई उहाँले अवैज्ञानिक सोचाइ भएका मनोगतवादी भनी ठाडो ठोकुवा पनि गर्नुभएको छ । मेरो विचारमा प्रज्ञानरत्नजीको ठहर र उहाँले गरेको ठोकुवा बियाँलो नगरीकन ध्यान दिन लायकको छ । त्यसैले यसतर्फ जानिफकारहरुको ध्यान खिच्ने मनसायले म यहाँ एकाध कुरा अघि सार्छु ।

के प्रगतिशील हो र के प्रतिगामी हो भनी ठहर गर्ने मापदण्ड के हो ? यस सम्बन्धमा लेखक प्रज्ञानरत्नले आफ्नो लेखमा सक्कली मापदण्ड थापना गर्नुभएको छ । त्यो के हो भने- कुन बस्तु प्रगतिशील हो र कुन होइन भनी ठहर गर्नुपर्दा त्यसलाई तुलनात्मक दृष्टिले हेर्नुपर्छ, समय सापेक्ष ढंगले बुझ्नुपर्छ र ऐतिहासिक सन्दर्भमा केलाउनु पर्छ । तर अमिल्दो कुरा के छ भन्ने हालको बहुदलीय व्यवस्थाको प्रकृति ठहर गर्दा लेखकले आफैले अघि सार्नु भएको मापदण्डलाई मिच्नुभएको छ ।

के वर्तमान पूँजीवादी बहुदलीय व्यवस्था प्रगतिशील हो ? प्रज्ञानरत्नका विचारमा - हो । के को दाँजोमा प्रगतिशील हो ? निरंकुश पंचायत व्यवस्थाको दाँजोमा । कसरी ? कसरी भने वर्तमानको व्यवस्थालाई केवल विगतको व्यवस्थासँग दाँजेर प्रगतिशील वा प्रतिगामी ठहर गर्न सकिन्छ, भविष्यको व्यवस्थासँग दाँजेर होइन । भविष्यको उन्नत व्यवस्थासँग दाँजेर यसलाई प्रतिगामी ठान्नु भनेको, प्रज्ञानरत्नका विचारमा, अवैज्ञानिक र मनोगतवादी चिन्तन हो । बस्, प्रज्ञानरत्नको जम्मा तर्क यत्ति हो र उहाँको जब्बर ठहर यही हो ।

अब यस तर्क र यस ठहरबारे हामी पनि तर्कवितर्क गरौं ।

समयले कुनै स्थिर विन्दुमा अड्केर थकाइ मार्दैन । समय अटुट रुपले गतिमान रहन्छ । र, समयसँगै समाज पनि क्रमशः अघि बढ्छ । सोही अनुसार बस्तुला¯ई हेर्ने हाम्रो दृष्टिको¯ण पनि एक अवस्थाबाट अर्को अवस्थातर्फ लम्केको खण्डमा मात्र हाम्रो सोचा¯ई समय सापेक्ष रहन्छ । तर वर्तमान व्यवस्था प्रगतिशील हो भनी ठोकुवा गर्दा प्रज्ञानरत्नको चिन्तन चाहिं पंचायत कालभित्रै कतै अड्केको बुझिन्छ । वर्तमान व्यवस्थालाई प्रगतिशील भनी ठोकुवा गर्दा लेखकले यस व्यवस्थाको वर्ग प्रकृति, यसको यथास्थिति प्रेम र विगत तीन वर्षमा यस व्यवस्थाले गरेका अन्याय र अत्याचार, हिंसा र हत्याका अनेकौं घटनाहरुलाई विर्सनु भएको छ । र, हामीलाई वस्तुलाई समय सापेक्ष ढंगले हेर्नुपर्छ भनी अर्ती दिएर आफूले चाहिं आफ्नै अर्तीलाई कुल्चिदिनु भएको छ ।

के हालको वहुदलीय व्यवस्थालाई विगतको पंचायतसँग दाँजेर, प्रगतिशील भन्न मिल्ला ? यस प्रश्नको उत्तर ठहर गर्नुपर्दा हामीले अन्तरिम कालदेखि हालसम्मका यसका कार्यकलापहरुलाई केलाउनु पर्छ । जन-आन्दोलनका हत्याराहरुलाई वर्तमान व्यवस्थाले फुक्काफाल छाडिदियो । के त्यो यसकोप्रगतिशील कदम हो ? निर्वाचनमा यसलेपैसा, पौंजा र भूठकोसहारा लियौं । के त्यो यसको प्रगतिशील कदम हो ? निर्वाचनमा यसले पैसा, पौंजा र भूठको सहारा लियो । के त्यो यसको प्रगतिशील चरित्र हो ? अर्थव्यवस्थामा निजीकरण र अराजकताको अभियान चलाएर यसले जनहित र राष्ट्रिय हितमाथि बज्र प्रहार गर्‍यो । के त्यो यसको प्रगतिशील नीति हो ? खुला होडबाजीको नाउँमा यसले इनेगिनेका हुनेखानेलाई झन्झन् धनी र नहुने सहस्र गरीबलाई झनझन् हरिकंगाल बनाउने बाटो समात्यो । के त्यो यसको प्रगतिशीलताको दसी हो ? समाजलाई कमारो बनाइराख्ने थोत्रो शैक्षिक र सांस्कृतिक नीतिलाई यसले ज्यूँका त्यूँ काँध थाप्यो । के त्यो यसको प्रगतिशील पक्ष हो ? पश्चिमा छाडा र हिंसामुखी सांस्कृतिलाई यसले ज्यान छाडेर फिंजाउँदो छ । के त्यो यसको प्रगतिशील काम हो ? राष्ट्रिय सम्पदा र राष्ट्रिय हितलाई यसले विदेशी मालिकका पाउमा अर्पिन ब्रल गरिरहेछ । के त्यो यसको प्रगतिशील पराक्रम हो ? भिन्न मत राख्ने नागरिक र दलहरुलाई आफ्ना बलबुताले भ्याएसम्म यसले पक्षपात, दमन र हत्या समेत गर्ने उद्योग गरिरहेछ । के त्यो उद्योग गराइ यसको प्रगतिशील कार्य हो ? हिसाब गर्ने हो भने सके पंचायतले ३० वर्षमा गरेका हत्यालाई यसले ३ वर्षमै माथ गरिसक्यो । के त्यो हत्या गराइ यस व्यवस्थाको प्रगतिशील विशेषता हो ? जन-आन्दोलनपछि बनेको संविधानले नेपाली जनताको परिवर्तन र प्रगतिको बाटोमा अनेकन काँडे तारका बारहरु ठोकेकै छ । के यो बार ठोकाइ प्रगतिशील हो ? होइन भने कुन दसी प्रमाणका आधारमा यसलाई प्रगतिशील मान्ने ? प्रज्ञानरत्नजी भन्नुहुन्छ - पंचायतको दाँजोमा यसलाई प्रगतिशील मान्नै पर्छ ।

साँचो हो, हुकुमी पंचायतशाही विरोधी जुद्धमा पूँजीवादी बहुदलीय व्यवस्था तुलनात्मक रुपले प्रगतिशील थियो । त्यो नेपाली समाजको भविष्यको व्यवस्था थियो । उनन्चास दिनको ढुंगामूढाले थला परेर पंचायत सत्ताबाट खस्यो । र, पूँजीवादी बहुदल बहाली भयो । तर जन-आन्दोलनसँग पंचायतको चिन्तन र चरीत्रलाई मासेर नयाँ चिन्तन र चरीत्रको निर्माण गर्नसक्ने तागत पुगेन । त्यसैले पंचायतको मासिन नसकेको प्रतिगामी चिन्तन र चरीत्र बहुदलभित्रै गाभियो । हालको बहुदलीय व्यवस्था भनेको खोल वहुदल हो, गुदी चाहिं उही पंचायत हो । पंचायती सेना, पंचायती प्रहरी र पंचायती नोकरशाहीमाथि खडा भएको वर्तमान बहुदलीय व्यवस्था सार रुपमा पंचायतकै निरन्तरता हो । जब पंचायती संस्कार नै बहुदलीय व्यवस्थाको जरो कुरो भइसकेको छ भने प्रज्ञानरत्नजीले कुन पंचायतसँग दाँजेर यस

**प्रज्ञानरत्नजीको ठहर र उहाँले गरेको ठोकुवा बियाँलो नगरीकन ध्यान दिन लायकको छ**





**जन आन्दोलनसंग पंचायती चिन्तन र चरित्रलाई मासेर नयाँ चिन्तन र चरित्र निर्माण गर्ने ताकत पुगेन ।**

व्यवस्थालाई प्रगतिशील सिद्ध गर्न खोज्नु भएको होला ?

प्रज्ञानरत्नजी भन्नुहोला - पंचायतमा हेरी हाल लेख्ने बोल्ने, सभा-जुलूस गर्ने होलो थिति छ नि । ठीकै हो । सत्ताधारीले सुन्नु नपर्ने गरी अहिले लेख्ने-बोल्ने छूट छ । सत्ताधारीले पूरा गर्नु नपर्ने गरी जनतालाई माग र गुनासा अघि सार्ने हक छ । सत्ताधारीले लाठी र गोली ठोक्न पाउने गरी जनतालाई सभा गर्ने र जुलूस निकाल्ने अधिकार छ । जनपक्षका आकाक्षा र सूचना जति सत्ताले रद्दीको टोकरीमा फाल्न पाउने गरी जनतालाई सूचना प्रवाहित गर्ने र सुसूचित हुने हक छ । भोकालाई भोकले मर्न पाउने गरी भोक लाग्यो भन्ने हक छ । विपक्षी दलहरुलाई सत्ताको उपेक्षा र तिरस्कारको डंगुरमुनि पुरिने गरी रोष्ट्रम दख्खल गर्ने र नारा उराल्ने हक छ । आदरणीय मनमोहन अधिकारीलाई लाठी खाने र संझना दाहाललाई गोली खाने हक छ । एमालेलाई छ सूत्रीय थाङ्नामा सुताइने हक छ, एकता केन्द्रलाई चैत्र २४ गते गोलीले दागिने हक छ, मसाललाई पैताला पोलिने हक छ, रोहित समूहलाई राष्ट्रिय हैसियत नपाउने हक छ । भिन्न मतका नागरिकहरुलाई सत्ताधारी दलको गुलाम नभए वापत बेरोजगार भिखारी बन्न पाउने हक छ । यस्ता हकहरुको अनन्त सूची हाम्रा नाकै अघिल्तिर छ भन्देखिन् यसै व्यवस्थाको बुद्धिदाता पंचायतसँग दाँजेर कुन सद्‌गुणहरुका आधारमा वर्तमान व्यवस्थालाई प्रगतिशील भन्न सकिएला ?

प्रज्ञानरत्नजी फेरि भन्नुहोला - गिरिजा राजको मनपरीतन्त्रलाई संसदीय व्यवस्थाको पर्याय ठान्न मिल्ला र ? मलाई लाग्छ, खसोखास मिल्छ । प्रधानमन्त्री गिरिजा व्यक्ति होइन, प्रतिनिधि हुन् । गिरिजाको शासन भनेको नेपाली कांग्रेसको शासन हो । नेपाली कांग्रेसको शासन भनेको नेपाली समाजको समग्र शोषक वर्गको शासन हो । उसोभए वामपन्थीहरुले गिरिजालाई नकारेर अर्को कुनै कांग्रेसी प्रधानमन्त्री बनोस् भनी यो विधि घुँडा घस्नाको अर्थ चाहिं के हो त ? यसको अर्थ गिरिजाको सट्टा भर्ती हुने अर्को कांग्रेसी प्रधानमन्त्रीको शासन र प्रशासन नेपाली जनताका निम्ति होलो-खुकुलो भइहाल्ला भन्ने होइन । त्यो आर्को कांग्रेसीले अर्थनीति र संस्कृतिका फाँटमा जननीति अँगालेर जनताको भलो गर्ने पाइला चाल्ला भन्ने पनि होइन । उसो भए वामपन्थीहरुको संघर्ष निस्सार हो त ? कुरा त्यसो पनि होइन । साँच्चै भन्ने हो भने यो संघर्ष संसदीय व्यवस्थाले गरिआएका भ्रष्टाचार र दुराचारको पोल खोल्दै यसका विरुद्ध जनतालाई जगाउने जुक्ति मात्र हो । गिरिजाको सट्टा अर्को कांग्रेस प्रधानमन्त्री बन्दा कांग्रेसी राजको शोषण र दमन नीति फेरिएला भनी आशा गर्नु अराजनैतिक विचार हो । पूँजीवादी बहुदलीय व्यवस्थामुनिको सक्कली शासन भनेको हालको गिरिजा शासन नै हो । नेपाली कांग्रेसका सक्कली र सग्ला नेता भनेका गिरिजा कोइराला नै हुन् । गिरिजा राजको हठवाद र ढाँट नीति, भ्रष्टाचार र हिंसाचार, शोषण र दमन, विदेशभक्ति र आर्थिक-साँस्कृतिक छाडावाद नेपाली कांग्रेसको ठेट वैचारिक र चारित्रिक विशेषता नै हो । यो नेपाली कांग्रेसको मात्र होइन पूँजीवादी वहुदलीय व्यवस्थाकै मूलभूत विशेषता हो ।

उसो भए हालको व्यवस्था अन्तर्गत वामपन्थी सरकार बन्यो भने पनि थिति सप्रँदैन त ? मेरा विचारमा शासन चलाउनेको नाउँ फेरिदैमा शासनको प्रकृति फेरिँदैन । मूल कुरा त सामाजिक संरचना हो । खाद्यजीविका र सुखसुविधाका, ज्ञानविज्ञान र संस्कृतिका साधनहरुमाथि समाजका मुठ्ठीभर ठालूहरुको एकलौटी हक जमेको अन्यायी रीतिथिति नफेरिउन्जेल सत्ताका गद्दामा जो बसे पनि सार कुरा फेरिदैन । पूँजीवादी बहुदलीय शासनमा आम जनताको कस्तो दुर्गति हुन्छ भन्ने कुरा बुझ्न भारतीय समाजलाई हेरे पुग्छ । त्यस्तो व्यवस्था अन्तर्गत वामपन्थीको हालहुकुमको दुर्गति बुझ्न पश्चिम बंगालको हविगत हेरे पुग्छ । तसर्थ, गिरिजा राजको अन्याय र अत्याचार व्यक्ति गिरिजाको नीजी विशेषता होइन । यो त संसदीय व्यवस्थाकै ठेट विशेषता हो । गिरिजा त शोषणकारी र अन्यायी व्यवस्थाका निमित्त-नायक मात्र हुन् । अनि गिरिजा राजसंगको नेपाली जनताको टक्कर व्यक्ति विशेषसितको टक्कर मात्र होइन । यो त पूँजीवादी वहुदलीय व्यवस्थासंगकै टक्कर हो । त्यसैले जन-आकांक्षा विरुद्ध खडा भइसकेको यो व्यवस्था कसरी प्रगतिशील भयो ?

अनि पंचायतको दाँजोमा ? माथि भनिसकियो - हालको पूँजीवादी वहुदलीय व्यवस्थाको पेटभित्र पंचायत आफ्ना सारा विकृतिहरुसहित घुसिसकेको छ । दाँज्नका लागि हालको व्यस्थाबाहिर पंचायतको अस्तित्व नै बाँकी छैन । अब पंचायतलाई पंचायतैसँग दाँजेर कसरी प्रगतिशील भन्न मिल्ला ?

विगत जन-आन्दोलनताका खूनी पंचायत सत्तामा थियो । शोषणकारी र मानवद्वेषी यथास्थितिलाई जोगाउन जन-आन्दोलनमाथि त्यसले बन्दुक र तोप चलायो । उसबेला वहुदलीय व्यवस्थाको नारा यथास्थिति विरोधी नारा थियो । र, पंचको दाँजोमा कांग्रेस परिवर्तनकामी तत्व थियो । पूँजीवादी वहुदललाई तुलनात्मक हिसाबले प्रगतिशील ठान्नु त्यसताका समय सापेक्ष दृष्टिकोण थियो । तर जब पंचायत फालियो र त्यसको सट्टामा पूँजीवादी वहुदलीय व्यवस्था भर्ती भयो, त्यस क्षणदेखि नै यो नयाँ यथास्थितिको रक्षकको दर्जामा पनि भर्ती भइहाल्यो । यस व्यवस्थाको मूल चौकिदार नेपाली कांग्रेस बन्यो । अनि सामाजिक परिवर्तन र प्रगति विरुद्ध यसले उनै पंचायती लाठा र बन्दुक उठायो । तथ्य यति टड्कारो हुँदाहुँदै पनि प्रज्ञानरत्नजी भन्नुहुन्छ - पंचायतको दाँजोमा पूँजीवादी वहुदलीय व्यवस्था प्रगतिशील हो । यो त हिजो गर्ने कुरा थियो । आज फेरिएको परिस्थितिमा हिजोका बासी कुरा गर्दा प्रज्ञानरत्नको चिन्तन समयको गतिक्रमबाट पाखा परेको छ ।

अब प्रश्न गरौं-के वर्तमान व्यवस्थाको चरीत्र ठहर गर्न यसलाई विगतको व्यवस्थासँग मात्र दाँज्न सकिन्छ ? कुरा, त्यसो होइन । प्रतिक्रियावादी अतीतसँग दाँजेर होइन बरु प्रगतिशील भविष्यसंग दाँजेर मात्र यसको चरीत्र ठहर गर्न सकिन्छ । के त्यसो गर्न इतिहासको नियमले मिल्छ ? किन मिल्दैन ? भविष्यको व्यवस्थासँग दाँजेर पंचायतलाई प्रतिगामी व्यवस्था भनिएको थियो, हैन ? त्यसैगरी समय सापेक्ष्य दृष्टिबाट भविष्यको प्रगतिशील व्यवस्थाको दाँजोमा हालको यथास्थितिवादी व्यवस्था प्रतिगामी व्यवस्था भएन र ? परिवर्तन र प्रगति विरुद्ध यसले खडा गरेका अनेकन बार-बन्देज विरुद्ध जुध्ने विचार र आदर्श मात्र आजको प्रगतिशील होइन र ? प्रगतिशील व्यवस्था यही हो भने अनेकन कष्ट र वलिदानको वाजी थापेर जनवाद भन्दै नेपाली कम्युनिष्टहरु र नेपाली जनता के का निम्ति जुधिरहेका होलान् ?

भूत, वर्तमान र भविष्य प्रज्ञानरत्नले ठान्नु भएझैं समयका तीन वटा अलग-अलग टापू होइनन् । समयको प्रत्येक पलसँग भूत, वर्तमान र

**पूँजीवादी वहुदलीय व्यवस्थामुनिको सक्कली शासन भनेको गिरिजा-शासन नै हो । त्यस्तो व्यवस्था अन्तरगत वामपन्थीको हाल-हुकुमको दुर्गति बुझ्न पश्चिम-वंगालको हविगत हेरेपुग्छ**



भविष्य गाँसिएको हुन्छ । वर्तमानलाई भूततिर धकेल्दै समयको प्रत्येक पल भविष्यतिर लम्कन्छ । वर्तमानको प्रत्येक वस्तुमा भविष्यको अंश हुन्छ । समाजको हकमा पनि यो कुरा उत्तिकै साँचो हो । प्रत्येक समाजभित्र जीवनमुखी र मृत्युमुखी तत्व माझ अटुट द्वन्द चलिरहन्छ । यस द्वन्दमा जे जीवनमुखी छ, त्यसैलाई मात्र प्रगतिशील भनिन्छ । भविष्यको उन्नत व्यवस्थासँग दाँजेर वर्तमान पूँजीवादी व्यवस्थालाई प्रतिगामी भन्न मिल्दैन भन्ने प्रज्ञानरत्नजीसँग हामी सोधौं - वर्तमान, सामाजिक संघर्षमा कम्युनिष्ट पार्टी भावी उन्नत व्यवस्थाको भ्रुण हो भने वर्तमान व्यवस्थाको जीवन जगतप्रतिको दृष्टिकोणलाई कम्युनिष्ट पार्टीको जीवन-जगतप्रतिको दृष्टिकोणसँग दाँज्न मिल्ला कि नमिल्ला ? यस्तो दँजाइलाई भविष्यको उन्नत व्यवस्थासँग वर्तमानको प्रतिगामी व्यवस्थाको दँजाइ भन्न मिल्ला कि नमिल्ला ? के भविष्य र भविष्यको व्यवस्था भनेको सात डाँडापारिको कुनै विरानो वस्तु हो ? वर्तमान समाजको जीवनमुखी तत्व नै भावी उन्नत व्यवस्थाको वारिसे होइन र ?

कुनै अतीतमुखी बुर्ज्वाका दृष्टिमा आजको संसदीय यथास्थितिवाद नै प्रगतिशीलता हो । कारण, उसको निम्ति भविष्यको गर्भमा यो भन्दा उत्तम व्यवस्था छैन । उसका निम्ति त भूस्वर्ग प्राप्त भइसक्यो, त्यसको भोगचलन गर्न मात्र बाँकी छ । भविष्यको उन्नत व्यवस्थाका निम्ति गरिने प्रत्येक न्यायपूर्ण संघर्षमा उसले उग्रवाद मात्र देख्छ । त्यो उसको प्रतिगामी दृष्टिकोणको परिचायक हो । तर एक मार्क्सवादीका दृष्टिमा उन्नत भविष्य पनि छ, जसलाई हातपार्न ऊ लड्छ । यस्तो लडाईमा उसले सगर्व घोषणा गर्छ - भावी उन्नत व्यवस्थाको दाँजोमा संसदीय व्यवस्था प्रतिगामी व्यवस्था हो । यसलाई निषेध गरेर मात्र त्यसलाई खडा गर्न सकिन्छ ।

द्वन्दात्मक चिन्तन प्रणालीका कुरा गरे पनि प्रज्ञानरत्नको वर्तमान व्यवस्थालाई हेर्ने दृष्टिकोण द्वन्दवाद विरोधी छ । कारण, अतीतको चौतारीमा बसेर वर्तमानबारे निस्कर्ष निकाल्नु अवैज्ञानिक र मनोगतवादी सोचाइ हो । यस सोचाईको जरोमा एक जव्वर पूर्वाग्रहले बास गरेझै लाग्छ । कसैले कतै भनेछ, "गएको जन-आन्दोलनबाट आएको वहुदलीय व्यवस्था प्रतिगामी थियो किनकिं त्यो साम्राज्यवादको समर्थनबाट आएको थियो ।" यो कसले, कहिले, कुन सन्दर्भमा, कहाँ भनेको हो प्रज्ञानरत्नको लेखबाट कुरा खुल्दैन । तर यसो भन्नेलाई गलत सिद्ध नगरी नछाड्ने आग्रहले नै प्रज्ञानरत्नलाई अतीतमुखी र प्रतिगामी दृष्टिकोणको सहारा लिन वाध्य तुल्याएको हुनुपर्छ । यो दृष्टिकोण गलत मात्र नभई हानिकारक पनि छ । यसले वर्तमान व्यवस्थाको प्रतिगामी प्रकृतिबारे भ्रम पैदा गर्छ र क्रान्तिकारी आन्दोलनको जोशमा बरफ-पानी खन्याउँछ । के प्रज्ञानरत्नको आसय त्यसो गर्नु हुँदो हो र ? ///




म त्यस्तै बाह्र-तेह्र वर्षको छँदा मेरा बाले हाम्रो घरमा थुप्रै पाहुनालाई निम्त्याएका थिए । पाहुनाहरुकै अगाडि बा र मेरा वीचमा एउटा विवाद शुरु भयो । मेरा बाले सारा मानिसहरुको सामुन्नेमा मलाई अल्छी र बेकामे भनेर मेरो बदानाम गरे ।

मलाई औधी झोंक चलेर आयो । बालाई सराप्दै म घरबाट हिडें । आमा मेरो पछि पछि दगुर्दै आइन् र उनले मलाई फर्काउन फकाई-फुल्याई गर्न थालिन् । बाले पनि फकाई फुल्याई गरे र उत्तिखेरै हप्की र दप्की-गर्दै उनले मलाई फर्किहाल भनेर पनि भने ।

म एउटा पोखरीको किनारमा पुगें र बालाई मेरो नजीकमा खाज्यौ भने म पोखरीमा हाम्फाल्छु भनेर धम्की दिएँ ।

यो स्थितिमा गृहयुद्ध टुंग्याउनको लागि मागहरु अघि सारिए र जवाफी मागहरु पनि अघि सारिए । बाले मलाई तँ माफी माग् र मेरो शिर उठाउनको लागि भुईमा मुन्टो झुका भनेर भने । उनले पिट्दिन भनेर बाचा गरेको खण्डमा एउटा घुंडो टेकेर मुन्टोले भुई छुन म राजी भएँ ।

गृहयुद्ध यसरी टुंगियो । अनि यस घटनाबाट मैले के कुरा सिकें भने खला विद्रोह गरेर मैले आफ्नो अधिकारको रक्षा गर्न खोजको खण्डमा बा अलि मत्थर हुँदा रहेछन्, तर मैले लाछी भएर उनको अगाडि घुँडा टेकेको खण्डमा उनले मलाई झन् झन् हप्कीदप्की गर्दै पिट्ने गर्दारहेछन् ।

यस घटनाबारे यसो गम्दा मलाई कस्तो लाग्छ भने, आखिरमा बाको कठोरताले उनलाई पराजित गरिदियो । मैले उनलाई घृणा गर्न सिकें र उनको विरुद्ध हामीले साँच्चिकैको संयुक्त मोर्चा खडा गर्‍यौं । साथ-साथै सके यस कुराबाट मलाई फाइदा पनि भयो । यसले मलाई आफ्नो काममा मिहेनती बनायो, उनले मेरो कुरा काट्ने ठाउँ नै नपाउन् भनेर म बडो होशियारीसाथ आफ्नो हिसाब किताब मिलाउन थालें । ★

(चीनको आकाशमा रातो तारा / एड्गर स्नोबाट साभार)

**केवल दिनको रु. १०।- जम्मा गर्नु भई निम्न लिखित फाईदा उठाउनु होस् ।**

**१. सदस्य भएको मिति देखि २४ महिनाभित्र विरामी भएमा अस्पतालमा लाग्ने औषधी खर्च निशुल्क पाउनु हुने छ ।**
**२.केही गरी सदस्यको मृत्यु भएमा परिवारले पूरा रकम फिर्ता पाउनु हुनेछ ।**
**३. सदस्य भएको मिति देखि ३ महिना पछि साना-तिना व्यापार गर्न साना-तिना उद्योग गर्न वा छोरा-छोरीहरुको व्यवहार गर्नको लागि सापटी पाउनु हुने छ ।**

अन्य जानकारीको लागि सम्पर्क राख्नुहोस् ।

**हिमालय ढिकुरी कार्यक्रम नेपाल,**

ताहाचल, नेपाल फोन २७०५८६ ।

## मूल्यांकनको सूचना

- मूल्यांकन विचार-अन्तर्क्रियामुखी पत्रिका हुनाले संपादक मण्डलको सामूहिक प्रतिकृयादेखि बाहेक यसमा प्रकाशित सबै लेख-रचनाप्रति सवन्धित लेखकको व्यक्तिगत जिम्मेवारी हुनेछ। संपादक-मण्डलको विचारउपर पनि विचार-अन्तर्क्रियालाई स्वागत गरिने छ।
- मूल्यांकनका लागि सल्लाहं-सुझाव, प्रतिकृया एव लेख-रचनाहरू पठाउनु हुन समस्त वौद्धिक व्यक्ति व्यक्तित्वहरूसँग हामी हार्दिक अनुरोध पर्दछौ।
- हल्का र आधारहीन प्रचारबाजी हैन, तथ्यपूर्ण र जिम्मेवार विचार-आदान-प्रदान मूल्यांकनको अभिष्ट भएकोले रचनाहरूमा समाविष्ट तथ्यहरूका स्रोतहरू खुलाएर पठाई सहयोग गर्नु भएमा आभारी हुने थियौं।
- अस्वीकृत लेख रचनाहरू फिर्ता गर्न प्रायः संभव नहुने हुनाले प्रतिलिपि आफूसँग राख्न नभुल्नु होला। लेख-रचनाको सामान्य संपादनको अधिकार सपादक मण्डललाई रहने छ। तीन अंकसम्म प्रकाशित नभएको रचना अस्वीकृत भएको ठहरिने छ।
- बैचारिक बहस र छलफलमा शिष्टतापूर्ण भाषा प्रयोग होस् भनी लेखक, विचारकहरूसँग विशेष अनुरोध गर्दछौं।





# के बोट विरुवाहरू पनि मान्छेले जस्तै अनुभूति गर्न सक्छन् ?

- रामरिझन यादव -

## विरुवालाई संगीत सुनाउँदा ज्यादा अन्न फल्यो !

बोट विरुवाहरु पनि हिंडडुल गर्छन भन्ने कुरा नपत्याउनेहरुलाई रुख पनि मानव जस्तै संवेदनशील र समझदार हुन्छ तथा चोर-हत्याराहरुलाई सजिलैसँग पत्ता लगाउन सक्छन भनेपछि झन आश्चर्य लाग्न सक्छ । यो कुरा विज्ञानमूलक ज्ञानबाट अवगत कैयौं व्यक्तिहरुका लागि पनि नौलो हुन सक्छ । विरुवाहरु मानव झैं सुखको समय सुख तथा दुःखको समय दुःख अनुभव गर्छन् । यहाँसम्म कि मानव जस्तै ऊ पनि संगीतप्रेमी हुन्छ । संगीतको प्रभावले वोट विरुवाहरुलाई अत्यन्तै संवेदनशील बनाईदिन्छ । फलस्वरुप, ढीलो फुल्ने फूल चाँडो फुल्छ तथा कैयौं गुणा बढी फसल उत्पादित हुन्छ । स्मरणीय छ, आज भन्दा ९० वर्ष पहिले भारतका प्रख्यात वैज्ञानिक सर जगदीशचन्द्र वसुले रुख विरुवाहरुको ज्यान हुन्छ भन्ने कुरा आफ्ना विभिन्न प्रयोगहरुद्वारा सिद्ध गरीसकेपछि सारा संसार चकित भएको थियो । त्यस वेलादेखि अहिलेसम्म विरुवाको जीवन, व्यवहार, क्रियाकलाप तथा गतिविधिबारे संसारका विभिन्न राष्ट्रका वैज्ञानिकहरुले अध्ययन, मनन, चिन्तन अनुसन्धान एवं अन्वेषण गरेका छन्, जसको सकारात्मक परिणाम निस्केको पाइएको छ ।

त्यसैले आधुनिक वनस्पति विज्ञान (Botany) का जनक कार्ल वान लिनियसका अनुसार "केही गतिविधिबाहेक वोट विरुवाहरु मानिसभन्दा कुनै पनि अर्थमा कम छैनन्" । अहिलेसम्म वैज्ञानिकहरुले जे जति खोज गरेका छन, त्यसअनुसार मूल्याङ्कन गर्ने हो भने लिनियसको उपरोक्त भनाइ आफैं स्पष्ट हुन्छ । यहाँसम्म कि विरुवा र मानिसबीचको सम्पर्क कायम गर्नलाई एउटा सम्पर्क भाषाको आवश्यकता रहेको महशूस गर्दै वैज्ञानिकहरुले रात दिन यस क्षेत्रमा कार्य गरिरहेका छन् । त्यो दिन अब टाढा छैन, जुन दिन विरुवा र मानव एक अर्काको सुख दुःखका सहभागी बन्ने छन् ।

सन् १९६६ मा अमेरिकाका प्रशिद्ध वैज्ञानिक क्ल्यू वेक्स्टरले वोट विरुवाका अनुभूति सम्बन्धी विभिन्न प्रयोगहरु गर्नु भएको थियो । एक दिन वेक्स्टरले ड्रकेना मेसेजियाना नाम गरेको विरुवाको एउटा हाँगालाई पोलिग्राफसँग जोड्नु भयो र विरुवाको जरामा पानी हाल्नुका साथै गैल्वेनोमिटरमा अलिकति विद्युतीय तरंग प्रवाहित गर्नुभयो । एक पछि गैल्वेनोमिटरको सुई घुम्न थाल्यो । वास्तवमा यो विरुवाको सुखद स्थितिको अनुभूतिको सूचक थियो । उहाँले विरुवालाई दुःख दिने विचार गर्नुभयो । तुरुन्तै विरुवाको एउटा पातलाई उम्लिदै गरेको कफीमा हाल्नुभयो । तर त्यसको कुनै प्रभाव परेन । त्यसपछि वेक्स्टरले विरुवाको एउटा शाखालाई जलाउन सोच्नु भएकै थियो कि गैल्वेनोमिटरको सूई स्थिर र शान्त रहेको पाइयो । यद्यपि वेक्स्टरले विरुवालाई जलाउनै पर्छ भन्ने विचार राखेका थिएनन् । यसरी वेक्स्टरको मनको कुरा कसरी विरुवाले अनुभव गऱ्यो भन्ने खोजले नै वनस्पति जगतमा अहिले वैज्ञानिकहरुको लागि उत्प्रेरकको काम गऱ्यो ।

यो सफलताले वेक्स्टरलाई अत्यन्तै ठूलो उत्साह प्रदान गऱ्यो । उहाँले विभिन्न प्रयोग गर्नुभयो र सबैमा के पाउनु भयो भने विरुवाहरू पनि मानिस जस्तै अनुभव गर्ने र संवेदनशील हुन्छन् । एक दिन वेक्स्टरले एउटा विरुवालाई पोलिग्राफसँग जोड्नु भयो र त्यसको सम्बन्ध एउटा मानिससँग गाँसेपछि विचित्र किसिमको परिणाम निस्कियो । मानिसलाई प्रश्न सोधियो । प्रश्नको उत्तर ठीक छ भने गैल्बेनोभिटरमा सुई स्थिर र शान्त देखिन्थ्यो । गल्ति उत्तर आउने वित्तिकै सुई घुम्न थाल्थ्यो । यसबाट वेक्स्टर के निष्कर्षमा पुग्नु भयो भने, विरुवाले मानिसको भावनालाई अदृश्य तरंगद्वारा समात्न सक्छन् । वोट विरुवाहरुसँग पनि त्यस्तो कुनै अंग छ, जसले मानिसको मस्तिस्कको कुरालाई बुझ्न सहयोग पुऱ्याइरहेको हुन्छ ।

एक अर्को प्रयोगमा वेक्स्टरले हत्यारालाई समेत समात्नु भयो । एक दिन वेक्स्टरले केही विरुवा आफ्नो घरमा राख्नु भयो र ६ जना व्यक्तिको बीचमा एउटा चिट्ठा लगाउनु भयो । चिट्ठामा एक जना व्यक्तिले घरमा राखिएको एउटा विरुवालाई नष्ट गर्नुपर्ने थियो । चिट्ठा परेपछि सबै व्यक्ति एक एक गरी घरमा गए तर

## सौर्यशक्तिबाट बज्ने रेडियो

चीनको वेइगतु टि.भी. हरित आयोजनाले सौर्य शक्तिद्वारा बजाइने रेडियोहरुको उत्पादन गर्ने भएको छ । यसरी निर्माण हुने रेडियोले गाउँस्तरको विकासको लागि टेवा पुऱ्याउने मात्र नभएर व्याट्रीबाट हुने प्रदुषण कम गराउन समेत मद्दत गर्नेछ ।

यस प्रविधिको विकासमा संलग्न डा. के स्टेफेनका अनुसार अहिलेसम्म बनेको सौर्य शक्तिबाट बज्ने रेडियोको तुलनामा एक विशेष किसिमको सरकिट विकासको कारण उक्त रेडियो निकै प्रभावकारी हुनेछ । सबभन्दा अचम्मको कुरा त के छ भने, आजकाल प्रयोगमा रहेका व्याट्रीमा जति शक्ति संचय हुन्छ त्यो भन्दा ८० गुणा बढी शक्ति त्यसको निर्माणमा लाग्दछ र व्याट्री सकिएपछि फ्याल्दा त्यसमा रहेका धातुहरु जमीनमा पुरिन जाँदा त्यसले पूरै जमीनलाई नोक्सान पुऱ्याउछ ।

पहिले पहिले उत्पादन भएका सौर्यशक्तिद्वारा बज्ने रेडियोहरु एकदम महंगो पर्ने र प्रचण्ड घामविना बजाउन सकिदैनथ्यो तर वेइगतु टि.भि. कम्पनीले रेडियोको सरकिटको ढाँचा विशिष्ट ढंगले तयार गरेको छ । जसको कारणले एकदमै कम प्रकाशमा अथवा झ्यालसंगै वा वेलुकी बालिने टुकीको प्रकाशमा समेत बजाउन सकिन्छ । डा. स्टेफेनका अनुसार यी नयाँ रेडियोहरुको मूल्य पहिले बनेका सौर्य रेडियोको तुलनामा निकै कम मूल्य पर्ने छ । किनकि यसको निर्माण चीनमा हुने र अन्य देशको दाजोमा चीनमा ज्यालादारी निकै सस्तो छ ।

परिक्षणको रुपमा बनाइएका १०० वटा सौर्य रेडियोहरु २५ अमेरिकी डलर प्रति गोटाका दरले बिक्रि पनि भै सकेको र पछि ठूलो संख्यामा निर्माण भैसकेपछि प्रति रेडियो १७ अमेरिकी डलर पर्न सक्ने कुरा पनि डा. स्टेफेन बताउनु हुन्छ । संभवत, हामीकहाँ पनि यो सौर्य रेडियोले चाँडै नै बजार लिनेछ ।

-प्रियदर्शन मानन्धर

स्रोतः विज्ञान लेखमाला / रोनाष्ट

जसको चिट्ठामा विरुवालाई नष्ट गर्न लेखिएको थियो, त्यसले मात्र त्यो काम गऱ्यो । यो कुरा कसैलाई थाहा थिएन । भोलिपल्ट यी सबै व्यक्तिहरुलाई घरमा राखेका विरुवाहरुसमक्ष एक-एक गरी ल्याइयो । एकदेखि पाँचसम्म मानिसहरू विरुवाको नजिक हुँदै पार भए । जतिखेर छैठौं व्यक्ति आयो, गैल्वेनोमिटरमा सुइ जोडले घुम्न थाल्यो । उही व्यक्तिले विरुवा नष्ट गरेको थियो, जसलाई हेरेर अन्य विरुवाहरु डराएका थिए । फलस्वरुप, गैल्वेनोमिटरमा सुइ घुम्न थालेको थियो ।

त्यस्तै, वेक्स्टरले प्रयोग गरीरहेको कोठामा एक जना केनेडियन महिला आइन् । उनी पनि यसै सम्बन्धका प्रयोग गर्ने गर्थिन् । महिलाको प्रवेशले गेल्वेनोमिटरको सुइ घुम्न थाल्यो । वेक्स्टरले महिलालाई सोध्नु भयो - के तपाई बोट-विरुवालाई कुनै हानी पुऱ्याउने बारे सोचिरहनु भएको छ ? महिलाले आफूले त विरुवाहरूलाई सुकाएर प्रयोग गरेको कुरा बताइन् ।

सन् १९७० अक्टुवर ५ को "प्राभ्दा"मा एक जना रुसी वैज्ञानिकले विरुवाको संवेदनशील शक्तिको बारेमा एउटा रिपोर्ट प्रकाशित गर्नुभयो । रिपोर्टमा भनिएको थियो कि बोट विरुवाहरू एक अर्कोसँग कुराकानी गर्छन् । "प्राभ्दा"का पत्रकार चर्टेकोवले कृषि वैज्ञानिक अकादमी मास्कोमा



आफ्नो प्रयोग गर्दै डा. जगदीस चन्द्र वसु

विरुवाको सम्बन्धमा भैरहेको प्रयोग हेर्नु भयो र रिपोर्टमा विरुवाहरूले आफ्नो दुर्भाग्य स्वीकार गरेर मौन दुःख सहन गर्छन भन्ने कुरा लेख्नु भयो । एउटा प्रयोगमा देखाइयो कि भरखरै उम्रिन लागेको विरुवाको जरालाई उम्लिरहेको पानीमा राख्दा उसको दुःखद स्थिति अत्यन्तै संवेदनशील यन्त्रमा स्पष्ट रुपले देखियो ।

त्यस्तै, कृषि विज्ञानका मास्कोका प्रसिद्ध वैज्ञानिक प्रो. इसीदोरीवीचले आफ्नो प्रयोगमा विरुवामाथि चर्को प्रकाश दिए । पछि विरुवा थाकेको जस्तो देखियो । क्लोरोफोर्म दिने वित्तिकै विरुवा बेहोश भयो । त्यसको जैविक क्षमता समेत समाप्त भयो । प्रो. इसीदोरिवीच विरुवामा एउटा विशेष प्रकारको नाडी-संस्थान हुन्छ, जसले संवेदना-संदेश आदान-प्रदान गर्छन भन्ने निष्कर्षमा पुग्नु भयो ।

प्रसिद्ध रुसी मनोवैज्ञानिक वि.एन.पुस्कीनले एउटा पत्रिकामा "फूल मलाई जवाफ देऊ" भन्ने शीर्षकमा आफ्नो प्रयोग प्रकाशित गर्नुभयो । आफ्नो प्रयोगमा पुस्कीनले एउटा अत्यन्तै सुन्दर केटीलाई सम्मोहित गर्नुभयो । सम्मोहित केटी तथा विरुवाको भाषामा गहिरो सम्बन्ध हुन्छ भन्ने विश्वास पुस्कीनको थियो । पुस्कीनले विरुवालाई पोलीग्राफसँग जोड्नु भयो र केटीलाई सोध्नु भयो - के तिमी दुनियाँकी सबैभन्दा सुन्दर युवती हौ ? युवती खुशी भइन् । विरुवाले तुरुन्तै उनको भावना बुझ्यो, जसको परिणाम स्पष्ट रूपले पोलीग्राफमा देखियो । त्यसपछि ती युवतीसँग थुप्रै प्रश्नहरू सोधिए । प्रश्नको अधिकताले गर्दा युवतीमा तनावको स्थितिको सृजना भयो र युवतीले गल्ति उत्तर दिन थालिन् । विरुवाले तुरुन्तै त्यो कुरा अनुभव गऱ्यो र ग्राफमा गल्ती उत्तर अंकित हुन थाल्यो । पुस्कीनले विरुवा र मानिसको स्नायु-प्रणालीमा कुनै न कुनै सम्बन्ध भएको कुरा व्यक्त गर्नुभयो । शायद, यही कारणले होला विरुवाहरूले मानिसभित्रको कुरालाई तुरुन्तै समात्न सक्छन् ।

यस सम्बन्धमा भारतका विश्व प्रसिद्ध वैज्ञानिक डा. जगदीशचन्द्र वसुले आफ्ना विभिन्न प्रयोगहरुद्वारा विरुवामा ज्यान रहेको कुरा सबैभन्दा पहिले सिद्ध गरेर देखाउनु भएको थियो । उहाँले मानिसजस्तै वोट विरुवाहरुलाई पनि चोट, विष तथा दुःखको प्रभाव पर्ने कुरा बताउनुभयो । वसुले केही विरुवालाई रक्सी खुवाउनु भयो । विरुवाहरू वेहोश भए । वेहोसिको प्रभाव ग्राफमा स्पष्ट रूपले अंकित भएको पाइयो । त्यस्तै विरुवाहरूले कार्वनडाईअक्साइड बढी मन पराए पनि त्यसको बढी मात्राले विरुवाको ज्यान लिन सक्ने प्रयोग पनि गरेर वसुले देखाउनु भयो । साथै उहाँ, मरेको विरुवालाई अक्सिजनको सहायताले जीवित पार्न पनि सफल हुनु भयो ।

सर वसुले वोट विरुवाहरूको संकुचन प्रक्रिया पत्ता लगाउन एउटा उपकरण (Appratus) बनाउनु भयो, जसलाई अप्टीकल पल्स रेकर्डर (Optical Pulse Recorder) भनिन्छ । यस यन्त्रको सहायताले विरुवाहरूको आन्तरिक गतिविधिहरूलाई एक करोड गुणा अधिक पारेर देखाउन सकिन्थ्यो । साथै यसले भ्यागुता, छेपारो, फलफूल तथा सब्जी, र विरुवाको व्यवहारमा समेत समानता प्रदर्शित गर्न सक्थ्यो । वसुको यस प्रकारको खोजले नै विरुवाहरुमा पनि जीव जन्तुहरूमा जस्तै ज्यान हुन्छ भन्ने कुरा देखाउन सफल भएको थियो ।

त्यस्तै एक जना अर्का भारतीय वैज्ञानिक प्रो.टी. एन. सिंहले वोट विरुवाहरूमाथि संगीत (Music) को प्रभावको गहिरो अध्ययन गर्नुभयो । आफ्नो प्रयोगको सिलसिलामा प्रो. सिंहले केही वोट विरुवाहरुलाई नियमित प्रतिदिन २५ मिनटसम्म भ्वायलिन सुनाउनु भयो । एक सातासम्म यी विरुवाहरूमा साधारण विरुवा जस्तै वृद्धि भयो । तत्पश्चात संगीतको प्रभावमा रहेका विरुवाहरूमा २०% बढी वृद्धि भयो र ७०% पात लागेको देखियो । आफ्नो यस सफलताले प्रो. सिंहले मद्रास र पण्डिचरीको धानको खेतीमा लाउडस्पीकर लगाएर "राम चारु केशी" प्रसारित गर्नुभयो । यस प्रयोगले धानको फसल ७०% बढी उत्पादन दिएको पाइयो । सुर्तिको खेतीमा पनि यस प्रकारको प्रयोगले राम्रो परिणाम देखायो ।

प्रो. सिंहको प्रयोगबाट प्रेरित भएर क्यानडाका पीटर वोल्टन तथा इलिनायका जर्ज ई. →

## ज्योतिष विज्ञानमा सन् १९९२ मा के के वैज्ञानिक उपलब्धीहरू भए ?

पाठकहरूमा विज्ञानका अत्याधुनिक उपलब्धी र आविष्कारहरूको जानकारी होस् भन्ने उद्देश्यले हामीले गएको अंकदेखि विज्ञान क्षेत्रमा भएका सबैभन्दा पछिल्ला उपलब्धिहरूको संक्षिप्त विवरण दिन थालेका छौं । यस पटक प्रस्तुत छ - सन् १९९२ मा ज्योतिष विज्ञान (Astronomy) क्षेत्रमा भएका अत्याधुनिक उपलब्धि र आविष्कारहरूको एक छोटो रिपोर्ट

-"मूल्याङ्कन"

### ब्रम्हाण्ड कसरी उत्पत्ति भयो ?

Cosmic Back ground Explorer (COBE) मा कार्यरत अमेरिकी वैज्ञानिक जर्ज स्मुटले अन्तरिक्षमा त्यस्ता फराकिला छाल जस्ता खुम्चाहटहरू पत्ता लगाएको दाबी गरेका छन्, जुन ब्रम्हाण्ड कसरी उत्पति भयो भन्ने कुराको पहिलो प्रमाण हो । यो छाल "ठूलो विष्फोट" "(Big Bang)" को परिणाम हो भन्ने



वैज्ञानिकहरू को भनाइ छ । आज भन्दा १५ अरब वर्ष पहिले यस्तो "ठूलो विष्फोट" भयो र यस्ता छालहरू सिर्जना भए भन्ने वैज्ञानिकहरूको भनाइ छ ।

### ब्रम्हाण्ड लगातार फैलिँदैछ ।

हब्बल अन्तरीक्ष दूरदर्शक यन्त्रले संकलन गरेको तथ्याङ्क अनुसार यदि अन्तरीक्षमा exotic forms of matter प्रशस्त मात्रामा नहुने हो भने ब्रम्हाण्डको विस्तारलाई रोक्ने पर्याप्त वस्तु संसारमा छैनन् । यदि यो कुरा साँचो हो भने, ब्रम्हाण्ड विस्तारको कुनै अन्तनै छैन । यो अन्तहीन तबरले फैलिरहनेछ । त्यस दूरदर्शनले संकलन गरेको तथ्याङ्कले के पनि देखाएको छ भने यो ब्रम्हाण्ड १५ अरब वर्ष पुरानो छ ।

### सूर्यको उर्जाको स्रोत-हाइड्रोजन

वैज्ञानिक निरीक्षणले के सिद्धान्तलाई पुष्टि गरेको छ भने सूर्यको प्राथमिक उर्जाको स्रोत हाइड्रोजन संयोग (Fusion) हो । २ वटा हाइड्रोजन न्यूक्लिइ एउटा हेलियम न्यूक्लियसमा संयोग हुँदा जुन आणविक प्रतिक्रिया हुन्छ, त्यसैद्वारा सूर्यको प्रकाशको धेरैजसो भाग निस्कन्छ ।

स्रोत: The World Almanac, 1993 अमेरिका ।



# चिया मजदूरहरु

# वसन्तभित्र रुन विवश जिन्दगीहरु चिया बगानमा

## खोई प्रजातन्त्र आएको ?

शिरीषका रुखहरुको छहारीभित्र हरियाली थपेर सधैं मुस्कुराइरहने दमकको हिमालय चिया बगान अचेल कलमी काटिएकोले उराठ देखिन्छ । चियावारीको पुच्छारमा फुसको छाना र बाँसका भाटाहरुद्वारा बनाइएका २०/२५ वटा झुप्राहरु रहेको मजदूर- बस्ति छेउ लालबहादुर गुरुङको कटेरो पनि छ । अलि परतिरका झुप्रो घरको आँगनमा हालै अवकाश प्राप्त कुष्ठरोगी नरजीत बूढा सधैं दाम्लो बाटिरहन्छन् । सधैंझैं आज पनि केहीं असक्त र नवविवाहिता महिलाहरु भाँडाकुडा सफा गरिरहेका थिए भने छेउको गल्लीमा ससाना केटाकेटीहरु धूलो उडाउँदै खेलिरहेका थिए ।

लालबहादुर गुरुङ बगान खोलिएकै सालदेखि हालसम्म कार्यरत छन् । उनी हक्की र हँसिलो पाराका पाका मजदूर हुन् । आफ्नो पुर्ख्यौली थलो लिखूखोला, रामेछाप बताउने गुरुङ आफू शुरुमा आउँदा डेढ रुपियाँमा काम थालेको कुरा सुनाउँछन् । उनको परिवारमा श्रीमती सहित तीन छोरा, तीन छोरी छन् । शोषकहरुले ड्याकेको ड्याकेयै पारेकोले मधेश झरेका रे उनी । उनकी श्रीमती मनमाया गुरुङलाई पनि आफूसँगै पहाडबाटै झारेका रहेछन् ।

भाउजूलाई मागेर ल्याउनु भयो कि भगाएर ल्याउनु भयो त दाइ भनी सोध्दा उनी तत्कालीन परम्पराको उल्लेख गर्दै भन्छन्- "खोइ नानी ! हाम्रो जमानामा अहिलेको जस्तो लभ-सभ गर्न जान्दैथ्यौं । त्यसबेला केटी घिस्याएर ल्याउने चलन थियो । मैले पनि घिस्याएर ल्याएको ।"

अनि त्यसरी जबरजस्ती घिस्याएर ल्याउँदा भाउजू रिसाउनु भएन त भन्दा उनी हाँस्दै भन्छन् - रिसाएर के गर्नु, जमाना नै त्यस्तै । एक छिन त रिसाईहोली नि, अलि पछि त खुशी नभई भएन । यी ६/६ जनाको बाबु-आमा भइहालियो । अहिलेसम्म राम्रै छ भनौं !

यस्ता मजदूर वस्तिहरुमा टि.वि. टाइफाइड, कुष्ठ रोग जस्ता रोगहरु लाग्दा पनि उपचार नपाएर कतिपय मजदूरहरु त्यसै खाटमा लडिरहेका भेटिन्छन् । बिरामी परे चिया कम्पनीको तर्फबाट उपचारको व्यवस्था छैन । एउटै कलको पानीबाट आठ घरले काम चलाउनु पर्ने हुन्छ । अधिकांश मजदूरहरु रातोदिन काममा व्यस्त रहन्छन् । वैशाखदेखि मंसीर महिनासम्म पात टिप्ने गरिन्छ । पात टिप्दा हर मजदूरले २० पाउण्ड टिप्नु अनिवार्य छ । त्यसभन्दा कम टिपेमा हाजिरी कट्टा गरिन्छ र बढी टिपेमा प्रतिकिलो ५० पैसा "डबली" दिइन्छ । कामको बखत दैनिक ११ देखि १२ बजेसम्म कटेरा पुगी खाना बनाई खान समय दिइन्छ ।

अरु अरु समयमा झोड फाड्नु गोडमेल गर्नु, कलमी काट्नु, नाली काटनु बगाने मजदूरहरुको काम हो । बीच बीचको फुर्सदमा केही मजदूरहरु तास खेलेर समय गुजार्दैछन्,

महिला मजदूरहरुलाई भने बगानको काम र घरको दोहोरो कामले गर्दा एक क्षण पनि फुर्सद पाउन ज्यादै गाह्रो हुन्छ । हरियो रुखपात र चियाघारी बीच रहेपनि अधिकांशको अनुहार फुङ्ग उडेको, डडेको, चाउरिएको र रंगहीन झैं देखिन्छ । उनीहरु वसन्तभित्र रुन विवश जिन्दगी बाँचीरहेछन् भन्ने कुरा उनीहरुको अवस्थाबाट छर्लङ्ग हुन्छ ।

तपाईहरु यत्रो हरियो- परियो बीच रहेर पनि किन कालो फुस्रो देखिनु हुन्छ नि भन्दा लालबहादुर गुरुङ आक्रोशित मुद्रामा भन्छन् - "गरीब भएपछि यस्तै काले झ्याउटे, लुते, धुस्रे-फुस्रे हुइने भइगो नि । अर्काको बगान हरियो - परियो पार्छौं, हाम्रो जीवन चाहिं खडेरी लागेको डाँडा जस्तो छ । शोषकीहरु पो गरीबको खुन पसीना खाएर मोटा-घाटा, राम्रा-सुग्घरी भएर बिल्डीङमा भुँडी पल्टाउँदै बस्छन्, कि कसो त ?"

उनको कुरामा सही थाप्दै कुलप्रसाद ढकाल भन्छन् - "हो त नि, हामी अर्काको बगान हरियो-परियो पार्छौं तर तिनै ठूलाबडाले हामीलाई चुसेर फिक्का बनाइदिएका छन् । शोषकहरुले गर्दा धन्न ज्यान मात्र बाँकी छ भन्नोस न । "

बगानमा १४ वर्षका बाल-मजदूरदेखि लिएर ६० वर्ष सम्मका वृद्ध मजदूरहरु रहेका छन् । हाल ६५ वर्ष नाघेका वृद्ध मजदूरहरुलाई धमाधम अवकाश दिईदैछ । जीवनभरको कमाईबाट केही बचत गर्न नसकेका मजदूरहरुमा यसले गर्दा गम्भीर चिन्ता छाएको छ । जीवन निर्वाहको समस्याले उनीहरुमा नमरुञ्जेल काम गरुं भन्ने भावना रहेको छ । चिया मजदूरहरुमा दैनिक ८ घण्टा काम गरेबापत नारी - पुरुष दवैले ३४ रुपियाँ ज्याला पाउँछन् ।

मैले कुराको सिलसिला बढाउँदै चिया मजदूरी कस्तो लाग्छ भनी सोद्धा हालै अवकाश प्राप्त मजदूर कमानसिंह सुनार भन्छन् - "चिया मजदूरी भोकै पनि नरहने, भकारी पनि कहिल्यै नभरिने पेशा हो ।"

केही समय अगाडिसम्म ७ घण्टा काम गर्ने गरिएको तर हाल ८ घण्टा तुल्याएकोमा लालबहादुर गुरुङ गुनासो पोख्छन् - "अब त प्रजातन्त्र आयो भनेर खुब खुशी भईयो । प्रजातन्त्रले हामी गरीब-दुखिको पीर-मार्का हेर्ला भनेको त भुत्रो हेर्‍यो ! बरु उल्टै हाम्रो काम गर्ने समय एक घण्टा थपेर हामीलाई नै मार्का पार्‍यो । पंन्चायत-कालमा बरु लेबरको लागि सालमा १४ वटा घर बनाउथ्यो । यो प्रजातन्त्र आएदेखि खोई एउटै बनेको छैन । यो प्रजातन्त्र त गरीबमारा प्रजातन्त्र पो रहेछ !"

उनको कुराको हो हो मा हो हो मिलाउँदै महिला मजदूर उर्मिला ढकाल भन्छिन् - समय थपीदिए मात्र त हुन्थ्यो नि, बिहान साढे चारमै घण्टी लगाउँछ । यसले गर्दा हामी महिलाहरुलाई खाजा बनाउन, नुहाई-धुवाई, बढार-कुढार गर्न फुर्सदै हुँदैन ।"

"उसो भए प्रजातन्त्र आएपछिको सरकारसंग तपाईहरुको त्यति चित्त बुझेको जस्तो छैन, होइन ?-" मैले पुनः प्रश्न गर्दा लालबहादुर मुख चेप्राउँदै भन्छन् - " कसरी बुझ्ने ? बुझ्ने काम गरेका भए पो बुझ्छ । प्रजातन्त्र ल्याऊँ भनेर पन्चायतको विरोधमा भित्र भित्रै लुकी लुकी हिंडियो । नारा-जुलूस गरियो । आखिर "खाई न पाई छालाको टोपी लाई" भयो । जसले प्रजातन्त्रको कुरा गर्‍यो, उसैले हामीलाई मसला जस्तो पेल्दोरहेछ ।"

उनको कुरामा सहमति जनाउँदै कुलप्रसाद ढकाल भन्छन्- "सरकारले यसो गरीब दुःखीको दुःख-पीर पो हेर्छ कि भनेको त सरकारले हामीलाई पाल्दोरहेनछ । उल्टो, हामीले पो सरकार पाल्नु पर्नेरहेछ । "जुनै जोगी आए पनि कानै चिरेको" भनेको यही हो । खालि लेबरको शोषण

गऱ्यो अनि शहरमा विल्डीङ्ग ठड्यायो।"

नरजित विश्वकर्मा केही उत्तेजित हुँदै थप्छन् - "बोल्न पाइने भो भन्छन्। खानै पाइएन भने कहाँबाट बोलि आउँछ ? फेरि यस्तो जथाभावी बोल्ने, जाहिंताहीं कुट-मार गर्ने, के को प्रजातन्त्र ? यस्तो जानेको भए त पञ्चायत फाल्न दुनियाँ-जनताले किन पो मरिहत्ते गरिन्थ्यो होला ? दुनियाँका कति छोराछोरी मरे-बेकार! राणाकालको भन्दा पनि बढी मनपरी छ।"



झोकै पनि नरहने, भकारी पनि नभर्ने पेशा

अनि तपाईहरु कुन पार्टीमा हुनुहुन्छ भनी प्रश्न गर्दा लालबहादुर गुरुङ्ग जङ्गिदै भन्छन्- "खै हाम्रै वगानेहरु पनि कोई कांग्रेस रे, कोई कम्युनिष्ट रे। सबैका नेता धनी धनी छन्, धनीकै भलो गर्छन्। अस्तिको चुनावमा माले भन्ने पार्टीले विजुली ल्याइदिन्छौं, पक्की घर बनाइदिन्छौं, अस्पताल दवाई-पानीको वन्दोवस्त हुन्छ, कतै मधिसेहरुलाई नागरीकता दिन्छौं, कसैलाई डेढ विघा जग्गा दिन्छौं भन्यो रे र ग्याम ग्याम भोट दिइयो, भरे त उही हो! यस्तै चालाले फेरि भोट जित्यो भने त कान पो काट्छु। वामे-च्यामे सवै उस्तै रहेछन्।"

अनि अरु पार्टीहरु चाहिं छैनन् भनी पुन: सोध्दा फेरि उनी भन्छन् - "खोई, अरु त के के छन्, थाह पनि छैन। सबै उस्तै त होलान्।"

"अहिलेको जमाना र उहिलेको जमानामा के फरक पाउनु भएको छ त दाइ" -मैले कुराको प्रसङ्ग बदल्दै सोधें।

"खोई नानी जमाना खिइगो। उहिले ५ रुपियाँमा भोलाभरि सौदा आउँथ्यो, अहिले महिनाभरको तलवले भोला भर्दैन।" -उनले केही गम्भीर भएर भने।

करीव ४६० जना मजदूर रहेको त्यस वगानमा क्याम्पस अध्ययन गर्न सक्ने कुनै विद्यार्थी छैनन्। माध्यमिक विद्यालय स्तरसम्म अध्ययन गर्ने पनि अति सीमित मात्रामा पाइन्छन्। एक मात्र मजदूरी उनीहरुको सन्तान दर-सन्तानको परम्परागत पेशाको रुपमा विकास हुँदै गइरहेछ। शिक्षा सम्बन्धमा वगानबाट कुनै सुविधा उपलब्ध छैन।

छोराछोरीको अध्ययन सम्बन्धी लालबहादुर गुरूङ्गको प्रतिकृया यस्तो थियो - "माइली महारानीले स्कूल दियो भन्छ। शिशुमा नाम लेखाउँदा पचास रूपियाँ लिन्छ। वगानको कमाइबाट खान लाउन नै मुश्किल, अनि कसरी पढाउने ?"

चिया मजदूरहरुमा जीवन निर्वाहको लागि अत्यावश्यक, उचित ज्याला, औषधी उपचार, पठ- पाठन, पानी-वत्तीको अभाव छ। महंगी र कम्पनीको वेवास्ताप्रति उनीहरुको तीव्र असन्तोष रहेको छ। राजनीतिक, सामाजिक संघ संस्थाहरुले आफ्नो पक्षमा चासो नराखीदिएकोमा पनि उनीहरुको गुनासो छ। चिया विकास कम्पनी र साहु-महाजन, टाठा-बाठा हाकिमहरुद्वारा केवल मुनाफा मात्र हेरेर मजदूरहरुलाई उत्पादनको साधन मात्र सम्भने गर्नाले चियाका बुढ़ा-बुढ़ामा भोलि उनीहरुको आकोशको ज्वाला नसल्कला भन्न सकिन्न।

-धर्मचन्द्र लावती




क्यूवा / आफ्नो 'मित्र-राष्ट्र' सोभियत संघको विघटन र साम्राज्यवादी अमेरिकाको नाकावन्दीका कारणले क्यूवाली क्रान्ति पछिको सर्वाधिक कष्टपूर्ण आर्थिक संकट भोग्न वाध्य क्यूवाको राजधानी हवानामा सैनिकहरुले विशाल साइकल ऱ्याली गरे र जनताले व्यापक प्रदर्शन गरे। यस क्रममा ऱ्याली र प्रर्दशनीका सहभागीहरुलाई सरकारले सडक-चोकमा सुन्तला (हरियो रंगको) वितरण गरेको थियो। यसरी सरकारबाट हरियो सुन्तला प्राप्त गरी क्यूवामा जनताले मे दिवस मनाए।

विगतमा यस दिनमा क्यूवाली शस्त्रास्त्रको प्रदर्शन गरिने गरिन्थ्यो। १९९१ देखि पूर्व सोभियत संघबाट इन्धन आपूर्ति बन्द भएपछि यस दिन यसको सट्टा साइकलको विशाल ऱ्याली गर्ने चलन बसालियो। जनताको नैतिक साहस उँचो उठाउने उद्देश्य रहेको यस मे- दिवस-प्रर्दशनीमा तथ्य स्पष्ट देखिन्छ। अमेरिकी साम्राज्यवादको विरोधमा लडिरहेका असंख्य क्यूवाली जनसमुदायसँगै क्रान्ति चोकमा राष्ट्रपति फिडेल क्यास्ट्रो समेतको उपस्थितिमा बोल्दै क्यूवाली मजदुर महासंघका अध्यक्ष पेड्रो रसले क्यूवा विरुद्ध अमेरिकाले १९५९ को क्रान्तिदेखि लगाईआएको नाकाबन्दी अन्त्य गर्न माग गरे।

आँखी झ्याल

## विकसित पूँजीवादी मुलुकको औद्योगिक उत्पादनको

### ताजा हाल

| प्रतिशतमा | गएको ३ महीनामा घटिरहेछ कि बढिरहेछ ? | | गएको १ वर्षमा घट्यो कि बढ्यो ? | |
|---|---|---|---|---|
| अष्ट्रेलियामा | -१.९ | | | +१.१ |
| बेल्जियमा | | +०.३ | | +०.६ |
| क्यानाडामा | | +५.९ | | +४.३ |
| फ्रान्समा | -१७.१ | | -४.३ | |
| जर्मनीमा | -१५.४ | | -६.७ | |
| हलैण्डमा | - ८.४ | | -५.७ | |
| इटालीमा | - २.८ | | -३.२ | |
| जापानमा | -१२.९ | | -७.६ | |
| स्पेनमा | - ७.५ | | -५.६ | |
| स्वीडेनमा | -२१.० | | -२.६ | |
| स्विट्जरलैण्डमा | | +१४.४ | | +१.७ |
| संयुक्त अधिराज्यमा | ० | ० | | +१.२ |
| संयुक्त राज्य अमेरिका | | + ६.१ | | +४.३ |

नोट: - को तात्पर्य घट्यो / + को तात्पर्य बढ्यो

तथ्यांक स्रोत : The Economist, London मार्च २७,१९९३

पूँजीवादी मुलुकहरु मध्ये औद्योगिक उत्पादन सबभन्दा वेसी स्वीडेनमा घटिरहेछ। त्यहाँ गएको तीन महीनामा मात्र उत्पादन २१ प्रतिशतले घट्यो, यद्यपि गएको वर्षमा त्यहाँ फरवरी सम्ममा २-६ प्रतिशतले मात्र उत्पादन घटेको थियो। यसको मतलव त्यहाँ अहिले मन्दी तीव्र भईरहेछ। दोस्रो खराव हालत फ्रान्सको छ। त्यहाँ विगत ३ महीनामा १७.१ प्रतिशत दरले औद्योगिक उत्पादन घट्यो र गएको वर्ष ४.३ प्रतिशतका दरले घट्यो। जर्मनीलाई पनि मन्दीले चर्कोसित लपेटिरहेछ। त्यहाँ गएको वर्षदेखि ६.७ प्रतिशतका दरले उत्पादन घट्दै आएको थियो। यो ३ महीनामा त उत्पादन १५.४ प्रतिशतका दरले घटिरहेछ। मन्दीको चर्को चपेटा लपेटिरहेछ। त्यहाँ गएको वर्षदेखि ६-७ प्रतिशतका दरले उत्पादन घट्दै आएको थियो। यो ३ महिनामा त उत्पादन १५.४ प्रतिशतका दरले घटिरहेछ। मन्दीको चर्को चपेटामा जापान पनि परेको छ। त्यहाँ गएको १ वर्षमा औद्योगिक उत्पादन ७.६ प्रतिशतका दरले घटिरहेको थियो। पछिल्लो तीन महीनामा त्यो अक्कासिएर १२.९ प्रतिशत पुग्यो। यस वाहेक हलैण्ड, स्पेन, इटाली र अष्ट्रेलिया पानि मन्दीको चपेटामा छन्।

औद्योगिक उत्पादन सबैभन्दा वेसी स्विट्जरलैण्डको बढेको छ। गएको ३ महीनामा यो १४.४ प्रतिशतले बढ्यो। त्यस पछि अमेरिकामा ६.१ प्रतिशतका दरले बढ्यो। दिगो ओद्योगिक उत्पादन बृद्धिदर क्यानाडाको देखिन्छ, जहाँ विगत १ वर्षमा ४.३ प्रतिशत र ३ महीनामा ५.९ प्रतिशतका दरले उत्पादन बढिरहेछ। संयुक्त अधिराज्य, वेल्जियम र अष्ट्रेलियाको बृद्धि दर अत्यन्त भीनो छ। यसरी १३ विकसित पूँजीवादी मुलुकमध्ये ९ वटामा मन्दी छाईरहेछ।

# हामीले थालेको आन्दोलन वाल-श्रममाथिको शोषणको अन्त्य हो !



- गौरी प्रधान
संयोजक, बाल मजदूर सरोकार केन्द्र

पिठ्यूँमा झोला र हातमा टिफिन बक्स एवं पानीको तुम्लेट बोकेर स्कूल जाने उमेर मात्र भएका हज्जारौं-लाखौं बाल-बालिकाहरु हाम्रो देशमा मजदूरी गर्न बाध्य छन् । उनीहरुका कलिला निर्दोष अनुहारहरु असमयमै चाउरिएका, सुकेका देखिन्छन् । उनीहरुभित्रका असीमित प्रतिभाहरु, क्षमताहरु र सुनौला संभावनाहरुको यसरी कलिलैमा गला निमोठिएका छन् । लाखौं बाल-बालिकाहरुको हविगत यही हुनु अत्यन्त गम्भीर कुरा हो । त्यसैले बाल- श्रम संवन्धी यो क्षेत्र नेपालका जिम्मेबार व्यक्ति र संगठनहरु सबैको सरोकार रहनु पर्ने विशेष क्षेत्र हो ।

बालकहरुले पनि मजदूरी गर्नु पर्ने सामाजिक- आर्थिक स्थिति आफै एउटा ठूलो समस्या हो । त्यसमाथि पनि यसरी बाध्य भएर मजदूर बन्न पुगेका बालकहरुका कार्य क्षेत्रहरुमा मालिकहरुका शोषण र मनपरीद्वारा सृजित थुप्रै समस्याहरु विद्यमान छन् ।

बाल मजदूरीको यस समस्याबारे हामीले बाल सरोकार केन्द्र (CWIN) का संयोजक गौरी प्रधानसंग केही कुराकानी गरेका थियौं । कुराकानीको सिलसिलामा मूलतः गरीबी र केही हदसम्म अशिक्षा समेतको कारण बालकहरु नेपालमा मजदूर बन्न बाध्य भएको कुरा उहाँले बताउनु भयो । यसरी काममा लागेका बाल-श्रमिकहरुमाथि काम लगाउनेहरुले ज्याला र सुविधा अत्यन्त कम दिने, मनलागी गर्ने, सताउने , छकाउने आदि गर्ने गरेको व्यवहार नै यस क्षेत्रको मूल समस्या रहेको कुरा उहाँले बताउनु भयो । बाल मजदूरहरु आफै संगठित हुन नसक्ने भएको र अरु मजदूर संगठन वा पार्टीहरुले उनीहरुप्रति ध्यान नदिनुलाई पनि उहाँ त्यति नै गम्भीर समस्या मान्नु हुन्छ ।

प्रस्तुत छ - उहाँसंग गरिएको कुराकानीका केही अंशहरु

यस विषयमा हाम्रो यो प्रयत्न पाठकहरुको ध्यानाकर्षणका लागि मात्रै भए पनि उपयोगी हुने छ भन्ने हाम्रो ठहर छ । यसबारे पछि पछि अरु गहिराईमा छलफल चलाउने प्रयत्न हामी गर्ने छौं ।

स्मरणीय छ, केही समयअघि यस बाल सरोकार केन्द्र (CWIN) ले गरेको गलैंचा क्षेत्रका बाल मजदूरहरुबारेको तथ्यांक संकलन र प्रकाशनले सरकारलाई ठूलै चुनौति दिएको थियो, यसबारे श्री प्रधान आफ्नो तथ्यांक वस्तुसम्मत भएको दावी गर्नु हुन्छ । उहाँ आवश्यक परे आफ्नो अनुसन्धान पद्धति लगायतका सबै कुराहरु खुला गर्न पनि आफूले सक्ने कुरा दृढतापूर्वक बताउनु हुन्छ ।

- मूल्यांकन

**० बाल-मजदूरी बाल-समस्याहरुबारे मजदूर संगठनहरु र राजनैतिक पार्टीहरु एवं सरकार स्वयंको सहभागितालाई तपाईले कस्तो देखिरहनु भएको छ ?**

*- नेपालका बहुसंख्यक वालवालिकाहरु बालश्रममा सरिक छन् । उनीहरु शिक्षा, स्वास्थ्य र वालापनका आधारभूत अधिकारहरुबाट बञ्चित छन् र विद्यमान सामाजिक-आर्थिक संरचनाको शोषण र उत्पीडनको मारमा परेका छन् । यस अर्थमा सिंगो राष्ट्रको भविष्यसँग गाँसिएको बालश्रमको सवाल सरकार, राजनैतिक पार्टीहरु र मजदूर यूनियनहरुको प्रत्यक्ष सरोकारको विषय बन्नु पर्ने हो । तर यसको स्थिति अपेक्षित रुपमा उत्साहप्रद छैन ।*

*मजदूर यूनियनहरुले भरखर भरखर नै वालश्रमको विषयलाई आफ्नो आन्दोलनको विषयवस्तुसँग गाँस्न थालेका छन् । सरकारले वालश्रम उन्मूलन गर्ने तथा वालवालिकाहरुको अधिकार संरक्षण गर्ने अन्तर्राष्ट्रिय महासन्धिहरुलाई अनुमोदन गरेर र यस सम्बन्धी राष्ट्रिय कानूनहरु बनाएर आफ्नो धर्म पूरा गरेका छन् भने अन्य राजनैतिक पार्टीहरुले आफ्नो चुनाव-घोषणापत्रमा यस सम्बन्धी दुई-चारवटा कुराहरु लेखेर र संसदमा सांसदहरुले आवाज उठाएर आ-आफ्नो जिम्मेवारीहरु निर्वाह गरेका छन् ।*

*हामीले यस विषयमा थुप्रै अनुभवहरु संगालेका छौं, प्रसस्त जानकारीहरु हासिल गरेका छौं, यस समस्या समाधानको निम्ति विभिन्न खोजपूर्ण उपायहरु निकालेका छौं । कुनै रचनात्मक गतिविहिरुमा हाम्रो श्रम, सेवा र अनुभवहरु खर्च गर्न तयार छौं । तर, सरोकारवाला पक्षहरुको "घैंटामा कहिले घाम लाग्ने हो ?", थाहा छैन ।*

**० बाल-मजदूरी र यस क्षेत्रमा विद्यमान ब्यापक शोषणको अन्त कसरी होला ? तपाईहरुको, संस्थाले पेश गरेको बाल-गलैचा मजदूरहरु बारेको तथ्यांकलाई सरकारले हालै गलत सावित गर्ने प्रचार गरेको थियो नि ? के तपाईहरु झूठको खेथी नै गरिरहनु भएको छैन ?**

*- बाल-मजदूरी हाम्रो सामाजिक-आर्थिक वास्तविकताको एउटा नमूना हो । बहुसंख्यक वालमजदूरहरु भूमिहीन तथा गरीब किसान, श्रमिक र जनजातिका छोराछोरीहरु हुन । पारिवारिक अर्थतन्त्रको एक हिस्सा भएको कारण निम्न-मध्यमवर्गका केटाकेटीहरु पनि बाल-श्रममा लागेका पाइन्छन् । यस हिसावमा बालश्रमलाई तत्काल उन्मूलन गर्ने अचूक ओखति त कसैसंग नहोला नै । तर, बाल-श्रमिकहरु माथि बर्षैदेखि भइरहेको जुन शोषण र अन्याय छ, त्यसलाई कम गर्ने या रोकथाम गर्ने उपायहरु भने हामीसँग नभएको होइन । हामीले वालवालिकाहरुको सुन्दर भविष्यको सपना मात्र देखेर कहाँ हुन्छ र, तीनलाई साकार गर्न त दृष्टिकोणहरु पनि चाहिन्छन् । बाल-श्रमिकहरु माथि भइरहेको शोषण-उत्पीडनको अन्त्य एकैचोटि कृषि-क्षेत्र बाट गर्न गाह्रो होला, तर औद्योगिक प्रतिष्ठानहरुमा भइरहेको बाल-मजदूरी शोषणलाई विस्तारै कम गर्न सकिन्छ ।*

*वर्तमान चरणमा हामीले थालेको आन्दोलन वाल-श्रम माथि भइरहेको शोषणको अन्त्य हो । हामी चाहन्छौं, वालवालिकाहरुले कामको उचित ज्याला पाउने अर्थात् उनीहरुको न्यूनतम् ज्याला निश्चित होस् । उनीहरुले श्रम गर्ने कामको समय निश्चित होस्, कारखानाहरुमा उनीहरुको शिक्षा, सुरक्षा र स्वास्थसेवाको प्रवन्ध होस् । कुनै पनि जोखिम परिस्थितिका ठाउँहरुमा बालबालिकाहरुलाई काममा नल्याइयोस् ।*

*यदि हामीहरुसँग दूरदर्शी दृष्टिकोण र ठोस् कार्यक्रमहरु भने यी कुराहरु असम्भव छैनन् । यस्को निम्ति सरकार तथा राजनैतिक पार्टीहरुको प्रतिवद्धता, ट्रेड-यूनियनहरुको लगनशीलता र*



बाँकी ४० पेजमा

# १०४ औं मई दिवस

# मजदूर वर्गको हालको स्थितिमा

# मूल समस्या के हो ?



संसारको र संपन्नताका वास्तविक निर्माताहरू विश्वका सम्पूर्ण मजदूरहरूको सवै भन्दा महत्त्वपूर्ण दिन - मे १ का दिनलाई प्रत्येक वर्ष झैं यस पटक पनि धुमधामसँग अन्तर्राष्ट्रिय श्रमिक दिवसको रूपमा विश्वभर मनाइयो यस १०४ औं अन्तर्राष्ट्रिय मे दिवसको उपलक्ष्यमा नेपालमा पनि विभाजित मजदूर संगठनहरूले छुट्टा छुट्टै रूपमा विविध कार्यक्रमहरू गरे ।

यसै सन्दर्भमा नेपाली मजदूर आन्दोलनका विविध पक्षमा हामीले अनुभव र विचार संकलन गरेका थियौं । नेपाली मजदूरहरू र ती मजदूरहरूको आन्दोलनलाई अलिकति भए पनि टेवा दिन सक्ने महत्वयुक्त यस परिचर्चाका सहभागीहरू हुनुहुन्छ - मजदूर नेताहरू विनोद श्रेष्ठ, दिनेश शर्मा र कृष्ण भूजेल ।

उहाँहरूका विचारहरू मध्ये यसपल्ट हामीले नेपाली मजदूर क्षेत्रका वर्तमान समस्याहरूबारे उहाँहरूको विचार यहाँ प्रस्तुत गरेका छौं । यसका साथै नेपाली मजदूरहरूको संघर्षका लागि जरुरी तथ्य-तथ्यांकहरू एवं विश्वका विभिन्न देशमा सम्पन्न भएका मे दिवसहरूको कार्यक्रमको रिपोर्ट पनि यसै साथ प्रस्तुत गरेका छौं । - मुल्याङ्कन

## ...प्रतिगामी उत्पादन सम्बन्ध नै मूल समस्या हो



विनोद श्रेष्ठ
संयोजक, नेपाल स्वतन्त्र मजदूर युनियन,

*नेपालमा मजदूरहरु वर्गको रुपमा उदय भएदेखि नै मजदूरहरु करीब करीब उस्तै प्रकृतिका समस्याहरुबाट पिरोलिरहेका छन् । ००३ सालको ऐतिहासिक मजदूर आन्दोलनदेखि बहुदलीय व्यवस्था स्थापना पछिका सबै आन्दोलनहरु एउटै उत्पादन सम्बन्ध परिवर्तनका लागि लक्षित छन् । ००३ सालमा हाम्रो समाज अर्ध सामन्ती-अर्ध औपनिवेशिक थियो । र, अहिले पनि त्यही अवस्थामा छ । त्यसैले वर्तमान अर्ध सामन्ती, अर्ध औपनिवेशी प्रतिगामी उत्पादन सम्बन्ध नै हालको अवस्थामा मजदूर वर्गको मूल समस्या हो भनेर हामी संक्षेपमा किटान गर्न सक्दछौं ।*

*जस्तो उत्पादन सम्बन्ध-उस्तै उत्पादन प्रणाली भने झै ठोस रुपमा भन्नु पर्दा प्रतिगामी उत्पादन सम्बन्ध र यसैका कारणले सिर्जित समस्याहरु आर्थिक शोषण अर्थात कम तलब र सुविधा, शिक्षा, स्वास्थ्य र आवासको अव्यवस्था, अस्वस्थकर कार्य थलो, रोजगारीको असुरक्षा, राजनीतिक समस्या, अस्पष्ट र नियम — श्रम कानून, महिला मजदूरी र तिनको असुरक्षा, बाल-मजदूरी र नव-दास प्रथा र बहुराष्ट्रिय निगम एवं आर्थिक साम्राज्यवादद्वारा थोपरिएका विविध समस्याहरुलाई हालको स्थितिमा मजदूरका समस्याको रुपमा लिन सकिन्छ ।* ● →

## कुन फाँटमा कति मजदूर छन्, नेपालमा ?

| फाँट | मजदूर संख्या, | तथ्यांक स्रोत |
|---|---|---|
| औद्योगिक मजदूरहरु - २०४७/४८ मा | १,५६,५२८ | केन्द्रीय तथ्यांक विभाग |
| यातायान मजदूरहरु - २०४९/५० मा करिब | १,२५, ००० | नेपाल यातायत व्यवसायी संघ (अनुमानित) |
| गलैचा मजदूरहरु - २०४९/५० सालमा | २,५०,००० | गलैचा उद्योग संघ (अनुमानित) |
| गार्मेन्ट मजदूरहरु - २०४८ सालमा | १५,१२५ | ने.स्व.गा.म.यू.को २०४८/५/२४ को तथ्यांक अनुसार |
| ट्रेकिङ्ग मजदूरहरु-२०४८ सालमा | २५,००० | ने.स्व. ट्रे.म. सं.को १२५ ट्रेकिङ्ग एजेन्सीको तथ्यांक अनुसार, अनुमानित |
| चिया बगान मजदूरहरु | ५००० | ने.स्व. चि.म.यू. को मेचीको तथ्यांक, अनुमानित |
| होटेल मजदूरहरु-२०४९ सालमा | ४५,००० | ने.स्व. हो. म.यु. को तथ्यांक-खालि स्टार होटलको मात्र, अनुमानित |
| प्रेस मजदूरहरु-२०४८ सालमा | ५००० | Gefont अनुमानित |
| कूल जम्मा | ६,२६,६५३ | |

## कारखाना मजदूरहरु कति नेपाली कति-गैर नेपाली ? कति महिला कति पुरुष ?

| | नेपाली | गैर नेपाली |
|---|---|---|
| * कार्यरत मजदूरहरु र ठेक्काका मजदूरहरु | १,२४,६२३ | १२,८८७ |
| त्यस मध्ये महिला मजदुरुहरु | ३४,६०३ | ६०३ |
| * प्रशासनिक कामदारहरु | १५,९२७ | ५३६ |
| त्यस मध्ये महिला मजदूरहरु | ८७६ | ६ |
| * प्राविधिक मजदुरहरु | २,१७९ | ३६७ |
| त्यस मध्ये महिला मंजदूरहरु | ६० | १ |

स्रोत: केन्द्रीय तथ्यांक विभाग १९९०-९१
Annual Survey of Manufacturing Industries, Nepal 1990 / 91

# श्रम ऐनकै उपहास गर्दा पनि सरकार मौन !



दिनेश शर्मा
केन्द्रिय अध्यक्ष, अखिल नेपाल ट्रेड युनियन महासंघ

३० वर्ष सम्म पंचायती व्यवस्थाले मजदूरवर्गको हक, हित र अधिकारको निमित्त आवाज उठाउने कुनै पनि प्रगतिशील मजदूर संगठनहरुलाई प्रतिवन्ध लगाएर बोल्न, लेख्न र सभा संगठन गर्न पाउने जन्मसिद्ध अधिकारबाट समेत वन्चित गराएको थियो । यस्तो जटील परिस्थितिमा पनि ट्रेड यूनियनहरुले मजदूरवर्गको समस्या समाधानका निमित्त कुनै न कुनै माध्यमबाट आवाज उठाउँदै संघर्ष गर्दै आएका हुन् । पंचायतको अन्त पछि बहुदलीय व्यवस्थाको स्थापना भएको तीन वर्ष वित्दै छ । यस तीन वर्षे कार्यकालमा मजदूरवर्गका समस्या समाधान हुनु त कता हो कता, झन समस्या थपिदै गएका छन् । उदाहरणका निमित्त भन्ने हो भने ०४८ मा निर्माण भएको "श्रम ऐन", जुन मजदूरको हित विरोधी र पूँजीपति वर्गको हितमा निर्माण भएको छ ! त्यस "श्रम ऐन"मा समावेश गरिएका कतिपय बुँदाहरु पहिलेकाभन्दा पनि अझै मजदूर विरोधीको रुपमा खडा भएका छन् ।

न्यूनतम सुविधा (जुन कतिपय ठाउँमा लागू गरिसकिएको पनि थियो) समेत आज एक पछि अर्को खोसिदिने काम भएका छन् । हरेक ठाउँहरुमा वर्षौं कामगर्दा स्थायी नगर्ने, सन्चयकोष, औषधी उपचार, तलव वृद्धि, घरभाडा जस्ता न्यूनतम सुविधाबाट समेत बन्चित गराउने र विना कारण निष्कासन गर्ने जस्ता गतिविधिलाई सरकारले तुरुन्त रोकेर श्रम ऐनको आधारमै पनि कार्यवाही चलाउनु पर्ने हो । तर त्यसो गर्नुको सट्टा पूँजीपतिहरुले ने.का.को सदस्यता लिएको भरमा त्यस्ता गतिविधिलाई प्रोत्साहन दिइरहेको छ । मजदूर संगठनमा लाग्ने, मजदूरवर्गको हितमा आवाज उठाउने कार्यकर्ताहरुलाई गुण्डाद्वारा कुटाउने, विभिन्न वहानामा निष्काशन गर्ने जस्ता नीच र हद दर्जाको गतिविधि गरेर श्रम ऐनकै उपहास गर्दा पनि सरकार मौन रहनुले पूँजीपतिहरुलाई यस्ता कार्य गर्न झन प्रोत्साहन मिलेको छ भन्ने मजदूरहरु त्रसित रुपमा बाँच्नु परेको छ । ● →

# मजदूरहरु वर्गको रुपमा अगाडि आइसकेका छैनन् !



कृष्ण भुजेल
केन्द्रिय अध्यक्ष, अखिल नेपाल ट्रेड युनियन

वर्तमान स्थितिमा नेपाली मजदूर क्षेत्रको समस्या भन्नाले वास्तवमा औद्योगिक क्षेत्रसँग जोडिएको प्रश्न हो । नेपालको आधारभूत सामाजिक संरचना नै अर्ध सामन्ती र अर्ध ओपनिवेशिक चरित्रमा आधारित छ । देशको यस प्रकारको अवस्था भित्र कलकारखाना वा उद्योग क्षेत्रको विकास भइसकेको छैन । सीमित मात्रामा उद्योगहरु स्थापना भएका छन् । अर्को शब्दमा नेपालको औद्योगिक विकास प्रारम्भिक चरणमा रहेको छ । जे जति स्थापित उद्योग, कलकारखाना छन्, ती उद्योगहरु रुस चीनको सहयोगमा निर्मित भएका छन् । अधिकांश कलकारखाना वा उद्योगहरु भारतीय पूँजीपतिको हातमा रहेको छ, र बाँकी रहेका पनि चरणवद्धरुपमा ने.का.को सरकारले तिनको हातमा सुम्पिदैछ ।

यी नै कलकारखाना र उद्योगमा कार्यरत मजदूरहरु नेपालको आर्थिक संरचनाको स्थितिले गर्दा यहाँ मजदूरहरु वर्गको रुपमा अगाडि आइसकेका छैनन् । वास्तवमा नेपालका मजदूरहरु होटल, यातायात, फुटपाथ ज्यामी, कुल्ली, गलैचा, रिक्सा, ठेलागाडा, ईटाभट्टा आदि क्षेत्रमा काम गर्नेहरुलाई मान्नुपर्दछ । सीमित औद्योगिक क्षेत्रका मजदूरहरु पनि सीमित रहेका छन् । औद्योगिक क्षेत्र बाहेकका मजदूरहरु घरखेतमा फुर्सद भएको अवस्थामा मजदूर बन्दछन् । देशले उद्योग धन्धामा संक्रमण गरी नसकेको कारणले उनीहरुको चरित्र स्वभाविक रुपले अर्ध मजदूर प्रकारको रहेको छ । हामीले कहिल्यै भुल्न नहुने कुरा – मजदूरहरुले मजदूरी गर्ने क्षेत्रको अभाव रहेको छ र यसको क्षेत्रलाई फराकिलो रुपमा विकासको खाँचो टड्कारो भएको छ ।

यहाँ ती कलकारखाना उद्योगमा कार्यरत मजदूरहरुको पेशागत रुपले कुनै ग्यारेन्टी छैन । अधिकांश घरेलु शिल्पकार र कुटीर उद्योगका मजदूरको स्थिति झन चिन्ताजनक रहेको छ । समयको कुनै ठेगान छैन । पेशाको लागि पनि जताततै चाहरेर हिड्नु पर्दछ । कामको उचित दाम पाउन गाह्रो भइरहेको छ । यी विविध स्थितिले गर्दा नेपाली युवा मजदूरहरु विदेश धाउन विवश छन् । जनसंख्याको अत्यन्त सानो भाग मजदूरहरुको संख्यारहेको छ । पूंजीपति वर्गको मजदूरमाथि चर्को...दमन र थिचोमिचोको चपेटा खेप्नु परेको यथार्थ लुक्न सक्दैन । पेशामा कुनै प्रकारको सुरक्षा छैन । पूर्वाग्रही, राजनीतिक प्रतिशोध राख्ने, र कामबाट हात धुन पर्ने अवस्था गंभीर बनिरहेको छ । सत्ता समर्थक र विरोधी बीचमा ठूलो अन्तर रहेको छ । श्रम ऐन बनेको भए तापनि वास्तवमा यसले पूँजीपति वर्गको हकलाई बढी सुरक्षित बनाएको छ । मजदूर वर्गको हक हितका लागि विभिन्न प्रकारका नारा फलाके पनि यथार्थमा उनीहरुको हित विपरीत नै क्रियाशील छन् । मजदूरहरु वास्तविक रुपमा अगाडि बढ्नको लागि उनीहरुको चेतनाको स्तर उठ्न पनि उत्पादन क्षेत्रमा परिवर्तन आउनु पर्दछ । त्यसप्रकारका मजदूर वर्गको वर्गीय स्वरुप ग्रहण गर्नको लागि औद्योगिक उत्पादन क्षेत्रको विकास हुनु अनिवार्य शर्त हुन्छ । र, त्यस ढांचाका मजदूर वर्गको संगठनले मजदूर आन्दोलनको गतिलाई तीव्र पार्न सकिन्छ र आन्दोलनले एउटा सही दिशा प्रदान गर्दछ । राजनीतिक परिवर्तनको साथै आर्थिक उन्नतिको लागि २००३ साल देखि नेपाली मजदूरहरुले आन्दोलन गर्दै आएका छन् । ✍



# मस्कोको मे दिवशमा राज्य-हिंसा

↑ प्रहरीको क्रुर दमनमा रुसी महिला

तानाशाही राष्ट्रपति बोरिस येल्तसीनद्वारा जारी गरिएको रेड स्क्वाएरमा विरोध प्रदर्शन गर्न नपाइने अप्रजातान्त्रिक आदेशका बावजूद, वामपन्थी रुसी मजदूर संगठन (ट्रूदोभाया रस्सिया) द्वारा अन्तर्राष्ट्रिय मे दिवसको उपलक्ष्यमा मस्कोमा आयोजित विशाल प्रदर्शनमाथि येल्तसीन सरकारले राज्य हिंसा प्रयोग गरेकोमा मजदूरहरुले व्यापक प्रतिरोध गरेका छन् ।

मस्कोको अक्टोवर स्क्वाएरमा भेला भएका ३० हजार भन्दा बढी मजदूरहरु रेड स्क्वाएर तिर पस्न खोज्दा दंगा प्रहरीहरुले यूरी गागरीनको शालिक नजिकैको बाटो बन्द गरी पानीको फोहोरा र रबरको लठ्ठीले आक्रमण गरे, जसको प्रतिरोधमा ठूलो भिडन्त भएको छ । १९९१ को अगस्ट कू पछिको सबै भन्दा ठूलो हिंसक भिडन्तमा येल्तसीनका दंगा प्रहरीले १५० जना, बढी जसो बूढा-बूढी प्रदर्शनकारीहरुलाई रगताम्य र मरणासन्न हुने गरी दमनात्मक क्र्याकलाप गरी येल्तसीनको "प्रजातान्त्रिक संस्कार" प्रदर्शन गरे । त्यसको विरोधमा प्रदर्शनकारी मजदूरहरुले पनि ईटा, ढुङ्गा, शिशी एवं आगोद्वारा प्रतिरोध गर्ने क्रममा बाटो बन्द गर्न खड्ढा गरिएका ट्रकहरु जलाउने र दङ्गा प्रहरीहरुमाथि प्रत्याक्रमण गरेका छन् । यसको भोलिपल्ट पनि सोही ठाउँबाट वामपन्थीहरुले राज्य-हिंसाको विरोधमा मौन-जुलूस प्रदर्शन गर्दै येल्तसीनलाई रुसका हत्याराको आरोप लगाउँदै रुसी जनताहरु अवश्य जित्नेछन् भन्ने घोषणा सहितका प्लेकार्डहरु लिई संसद भवनसम्म पुगेका छन् ।

जनमत संग्रहमा झिनो बहुमतले जितेकाले विजयोन्मत्त भएका राष्ट्रपति येल्तसीनको यस्तो हिटलरी दमनले सडक देखि सदन सम्मको संघर्ष निकै चर्किएको छ । येल्तसीन विरोधी सत्ता-संघर्षको नेतृत्व गरिरहेका सभामुख रुस्लान खस्बुलातोभले राज्य हिंसाको छानवीन गर्न संसदीय समिति गठन गरेका छन भने येल्तसीनले हिंसक प्रदर्शनलाई "भड्काउने" सांसदहरुमाथि कारवाही गर्न सरकारी आयोग गठन गरेका छन् । मे दिवस आयोजनाका सहयोगी वामपन्थी एवं राष्ट्रवादीहरुको नेशनल साल्भेशन फ्रन्टले उक्त राज्य-हिंसाको सम्पूर्ण जिम्मेवारी येल्तसीन सरकारको भएको आरोप लगाएका छन् । ●

"सरकारको गतिविधि यस्तै भइरह्यो भने

# हाम्रो कार्यक्रम पनि पंचायतकालको जस्तै आक्रामक हुँदैजानेछ

मदनकृष्ण/हरिवंश

हेरेर, होश गरेर बोल्ने पनि गर्‍यौं । चूप लागेर भएन भनेर केही सामाजिक कुरातिर लाग्यौं । यसै क्रममा "रात" जस्तो फिल्म बनायौं । यसले पहिलो पल्ट एड्स हाम्रो समाजको पनि समस्या हो भनेर देखायो ।

पहिले पंचायत एकातिर, जनता-सबै एक ढीका एकातिर हुन्थ्यो । तर अहिले जनता कांग्रेस र कम्युनिष्टमा बाँडिए । हामी कसैको पक्ष लागेर कसैलाई छोड्ने कुरा आएन । हामीले आम जनताको पक्ष लिएर बोल्नु पर्छ । आम जनताको पक्ष लिएर बोल्दा कहिले हामीले सत्तापक्षको विरुद्धमा पनि बोल्नु पर्छ कहिले विपक्षको विरुद्धमा पनि बोल्नु पर्छ ।

"श्राद्ध" मा हामीले पुरानो बाँकी बक्यौता कुरा भन्ने काम गर्‍यौं । "पिकनीक" मा कांग्रेस-कम्युनिष्ट-दुवैलाई सन्तुलनमा राखेर बोल्यौं । "अभिभावक" मा चाहिं कम्युनिष्टका कुरा छाडेर सत्तासीनलाई अलिकता बचाएर, होश गरेर व्यंग्य गर्‍यौं । "नाता" मा चाहिं हामी यी सब सीमालाई नाघेर गएका छौं । पछि पछि हुने कार्यक्रममा, सरकारको गतिविधि यस्तै भयो भने, हाम्रो कार्यक्रम पनि पंचायतकालको जस्तो अलि आक्रामक खालको हुँदै जानेछ ।

**कला फगत कलाको लागि हुनुपर्छ, कला केवल मनोरंजनका लागि हुन पर्छ भन्ने धारणा एकातिर आइरहेछ । तपाईहरुको विचारमा कला-कर्म के का लागि हुनुपर्छ र कसका लागि हुनुपर्छ ?**

हरिवंश:- कला मानव सभ्यताका लागि हुनु पर्छ र पूरै संसारका लागि सिर्जना गर्नु पर्छ, त्यसपछि नेपाल र नेपालीका लागि हुनपर्छ । अब संसार सानो भईसक्यो । कला सकेदेखि देशका लागि मात्र होइन, पूरै दक्षिण एशिया, अझ एशिया र संसारका लागि सिर्जना गर्नुपर्छ । तर हामीले त्यस्तो गर्न सकिरहेका छैनौं ।



मदनकृष्ण:- उसले यो संसारकै लागि हुनुपर्छ भनेर भनिसक्यो । अब त्यसभन्दा माथि कसका लागि हुनुपर्छ भन्ने छ ?....... (हाँसो)

**यसरी मानव सभ्यताका लागि, पूरै संसारका लागि कला सिर्जना गर्नका लागि भोग्नु परिरहेका समस्या चाहिं के छनु नि ?**

मदनकृष्ण: टेलिफिल्म बनाउनका लागि आर्थिक समस्या नै ठूलो समस्याको रुपमा विद्यमान छ ।



स्टुडियोकै समस्या छ । सधैंभरि "खै तिम्रो घर एकचोटि देऊ, सुटिङ्ग गर्नु पर्‍यो" भन्नु परिरहेछ । यस्तो गर्नु सधैं संभव हुँदैन । स्टुडियो नै यहाँ भयो भने, बहाल तिर्‍यो, शूटिङ गर्‍यो बनायो- निकै सजिलो हुन जान्थ्यो । तर त्यस्तो व्यवस्था यहाँ छैन ।

स्टेज कार्यक्रम गर्नका लागि जिल्ला जिल्लामा स्टेज नै छैन । स्टेज कार्यक्रम गर्न फिल्म हल लिनु पर्छ, फिल्मको प्रोग्राम नै बन्द गरेर । बन्द गर्न सकेन भने तीनै शो देखाएपछि राती १-२ बजेसम्म स्टेज कार्यक्रम गर्नु परिरहेछ ।

फिचर फिल्मको लागि बजारको समस्या छ । लाखौं रुपैयाँ खर्च गरेर फिल्म बनायो, हलै बनाएर त्यसै दराजमै थन्क्याई राख्नु पर्छ ।

**यी समस्याहरु हल गर्न के गरिनु जरुरी लागेको छ, तपाईहरुलाई ?**

मदनकृष्ण:- टेलिफिल्ममा ५/१० वर्ष पहिले जति बजेट थियो, अहिले पनि त्यति नै छ । हामीले "घाँसे काट्ने खुर्केर" टेलिफिल्म बनाउँदा हामीले नौ नौ शय बाँडेर लिएका थियौं । "पन्ध्र गते" बनाउँदा त उल्टो हाम्रो ६५० रुपियाँ आफ्नो गयो । एउटा टेलिफिल्म बनाउँदा जम्मा १३-१४ हजार रुपियाँ दिन्छ । त्यतिले खर्च नै धान्दैन । अनि कसरी बन्छ स्तरीय फिल्म ? त्यसैले पूंजीको बारेका सरकारले विशेष तवरले सोच्नु पर्‍यो । त्यस्तै स्टुडियोको बारेमा पनि सरकारले नै सोचिदिनु पर्छ र बटेजका बारेमा पनि । फिल्म निर्माण गयो, हलै नपाउने - यो समस्याको लागि सरकारले कडा कदम चाल्नु पर्छ । नेपाली संस्कृतिको लागि नेपाली फिल्म चालउनै पर्छ भनेर जोड लगाउने गरी नियम कानून बनाई दिनुपर्छ ।

हरिवंश:- सार्क क्षेत्रमा बंगलादेशले आफ्नै बंगला चलचित्र चलाउँछ । आफ्नो भएसम्म विदेशका चलचित्र चलाउन दिदैन । आफ्नो फिल्म सकेपछि मात्र बाहिरको फिल्म चल्न दिन्छ । त्यस्तै कुरा श्रीलंका र पाकिस्तानले पनि गरिरहेछन् । सजिलोसित हिन्दी फिल्म चलाउन दिएको त नेपालमा मात्र हो । र त्यही हिन्दी फिल्मले गर्दा हामी यहाँ हल नै पाउँदैनौं । आफ्नो फिल्म नभए, लौ भैगो विदेशी फिल्म चल्न दिउँ भन्नु । यहाँ नेपालमा अहिले हाम्रै फिल्म पर्याप्त मात्रामा छन् । अहिले जम्मा २६ वटा फिल्म हलै नपाएर क्यूमा छन् । त्यसैले हाम्रो यहाँ पनि नेपाली राष्ट्रिय फिल्म उद्योगलाई विकास गर्ने हो भने हाम्रा फिल्म भएसम्म बाहिरका फिल्म ल्याउन नदिने, हाम्रो फिल्मले पुगेन भने मात्र बाहिरको फिल्म ल्याउन दिने ठोस राष्ट्रिय फिल्म-नीति सरकारले बनाउनु पर्छ । सरकारको अहिलेको राष्ट्रिय फिल्म-नीति नै ठीक छैन । हाम्रो राष्ट्रिय फिल्म उद्योगलाई त संरक्षण गरिदिनु पर्‍यो नि सरकारले । त्यो गरिरहेकै छैन ।

भारतको ठूलो बजार छ- आफ्नै । त्यसैले उदार नीति अन्तर्गत त्यहाँ बाहिरको फिल्मसंग प्रतिस्पर्धा गर भनेर छोडीदियो भने पनि उनीहरु प्रतिस्पर्धा गर्न सक्छन्, मजासंग । तर हाम्रो त बजार नै सारै सानो छ । यहाँ त्यसरी खुल्ला प्रतिस्पर्धा गर भनेर छोड्न मिल्दैन । हाम्रो नेपाली फिल्मले विकास गर्न नसकेको नै हिन्दी फिल्मको अनियंन्त्रित ओहिरोले गर्दा हो ।

हामी पाकिस्तानी टेलिफिल्म सारै राम्रो छ भन्छौं । त्यो किन राम्रो भो थाहा छ ?- त्यहाँ भारतीय दूरदर्शनले त्यहाँको राष्ट्रिय संस्कृतिलाई. प्रभावित पार्न नसकोस् भनेर करौडौं रुपैयाँ लगानी गरेको छ सरकारले- त्यहाँको फिल्ममा । करौडौं करोड रुपैयाँ खर्च गरेर स्टुडियो बनाईदिएको छ । हाम्रो यहाँ पनि सरकारले चाह्‍यो भने जतिसुकै गरीब देश भनेपनि वर्षको १०-२० करोड रुपैयाँ खर्च गर्न नसक्ने होइन- फिल्म क्षेत्रको विकासमा । तर त्यसका लागि सर्वप्रथम आफ्नो देशको भाषा, बेश-भूषा, राष्ट्रिय संस्कृतिको संरक्षण र विकास सारै महत्वपूर्ण कुरा हो । कला क्षेत्र पनि उत्पादनशील (Productive) क्षेत्र हो । यसले संस्कृतिको विकास गर्छ । बाह्य-कुसंस्कृतिको आक्रमणबाट रोक्छ र त्यसैमा हाम्रो राष्ट्रिय पहिचान हुन्छ भन्ने महशूस गर्नु पर्‍यो सरकारले । त्यो महशूस नै भई राख्या देखिन्न । त्यसैले सरकारले टि.भीलाई कमाएर खाऊ भनेर उतिकै छोडिरहेछ । वास्तवमा कमाएर खाऊ भनेर छोडेदेखि नै टि.भी खतम भएको हो ।

हाम्रो फिल्म उद्योग फष्टायो भने एक-डेढ लाख मान्छेले काम पाउँछन्, प्राविधिक, कलाकार सबै गरेर । तर २६/२७ वटा फिल्म सरकारबाट संरक्षण नपाएर दराजमा थन्क्याउन पर्‍यो भने, एउटा फिल्ममा ३०-४० लाख २६/२७ ठाउँमा थन्किन परेपछि कति नोक्सानी भयो नेपाली पूंजीको ? यसरी कसरी फष्टाउँछ, नेपाली फिल्म ? कसरी स्तरीय फिल्म बन्छ ?

**अब एक छिन तपाईहरूको व्यक्तिगत व्यस्तताबारेको कुरा गरौं । तपाईहरू अहिले के गर्दै हुनुहुन्छ ?**

मदनकृष्ण: अहिले बैंक सम्बन्धी तीन सिरियलको फिल्म बनाउँदैछौं । बैंकिङ्ग प्रवर्धन समितिको खर्चमा । शूटिङ्ग असारसम्ममा पूरा हुन्छ होला । साउनतिर टेलिकाष्ट हुन्छ होला । यो बैंकको ऋणको दुरुपयोग र सदुपयोग गर्दाको फरक देखाउनमा केन्द्रित छ ।

त्यसपछि एउटा अर्को फिचर फिल्म

# Kathmandu Maida Mills Pvt. Ltd.
## AN AUTOMATIC FLOUR MILL



KMM

You have a deal. A fair deal. Best quality flour and atta.
From our modern and automatic plant.
For you and for all your needs.
Quality flour for bakeries and confectioneries.
Hygenic Atta for breads.
All suited to your needs
Give your flair a name.
The name of

***KATHMANDU MAIDA MILLS PVT. LTD.***

**Balaju Industrial District, Balaju**
**P.O. Box 351 Kathmandu Nepal**
**Phone No. 272221, 272285**

**यस पुस्ताकी सर्वाधिक चर्चित**

**र लोकप्रिय**

**साहित्यकार**

# पारिजात



को

असामयिक निधन भएकोमा

उहाँमा हार्दिक श्रद्धाञ्जली

अर्पण गर्दछौं ।

**– सुवासकाजी श्रेष्ठ**

उप-प्रमुख

**धूलिखेल नगरपालिका**

काभ्रे

नेपालकी लोकप्रिय जनपक्षीय साहित्यकार

# स्व. पारिजातप्रति

हार्दिक सम्मान र श्रद्धाञ्जली अर्पण गर्दछौं ।

**-मणिक लामा**

(अध्यक्ष)

## नेपाल तामाङ्ग घेदुङ (संघ)

जिल्ला कार्यसमिति, काभ्रेपलाञ्चोक परिवार, २०५०



# अंग प्रदर्शन त छैन, तर...



फिल्म

## परिवार

कोही शेखरबहादुरको ज्यान मार्ने सक्कली हत्यारो मक्करेकाजी दण्डित हुँदैन, उसका भाइहरूमाथि सजायँ थोपरिन्छ । ऊ भने फुक्का भएरै हिड्छ । मृतक शेखरबहादुरको छोरो केशरबहादुरलाई अदालतमा उसले दिएको बयान फेर्न लगाएर ती भाइहरूलाई पनि जेलबाट छुटाउने चालबाजी मकरेले गर्छ । यसमा केशरबहादुरले साथ नदिएपछि बदला लिन गाउँको महाजनलाई लगाएर ऋण उपर गर्ने नाममा केशरबहादुरको घरबास उठाइन्छ । एक जना गाउँले मित्रको घरमा केशरको परिवार ओत लाग्न पुग्छ ।

यसरी अघि बढ्छ- नेपाली फिल्म- "परिवार" ।

हालै राजधानीका विभिन्न हलहरूमा चलिरहेको यस फिल्ममा नीरशाह, मदनदास श्रेष्ठ, भुवन के.सी., अशोक शर्मा, कृष्टी मैनाली, गौरी मल्ल, मिथिला शर्मा आदिले अभिनय गरेका छन् । उद्धव पौड्यालको कथा र राजकुमार शर्माको निर्देशनमा निर्मित यस चलचित्रको एउटा विशेषता के छ भने - यसमा अन्य आम- नेपाली व्यवसायिक सिनेमाहरूमा जस्तो कुनै न कुनै बहानामा अनावश्यक अंग-प्रदर्शन गर्ने काम भने गरिएको छैन ।

यसबाहेक, चलचित्रका बाँकी विशेषताहरूमा भने खासै कुनै तात्विक अन्तर छैन ।

वास्तविक जगतमा प्राय: नहुने गरेका घटनाहरूलाई जोडजाड् पारेर नाटकीय ढंगले फिल्मलाई अगाडि बढाउने आयातीत फर्मूला-मार्का कोशिस यसमा पनि गरिएको छ ।

धनकुटा, हिले छोडेर विराटनगरमा जागिर खोज्न हिंडेको केशरबहादुर सडक-सडकमा जागिर पाइन्छ कि ? भनी सोद्धै हिड्छ र शत्रु मकरेकै मान्छेको फन्दामा फँस्छ । यसपछि नर्तकी सानुमैयाँको हत्यामा ऊ फसाइन्छ । जेल पर्छ । जेल परेपछि ऊ आफ्नो "हत्यारो हुनु"को अनुहार स्वास्नी लक्ष्मीलाई देखाउन चाहँदैन र आफू मरेको भन्ने खबर घरमा पठाउँछ । घरमा बालक छोरो किरणको अपहरण हुन्छ । देवर विजयलाई लिएर लक्ष्मी घर छोडेर हिड्छे अनि घाँस-पराल-दाउरा-ढिकी-जाँतो गरेर देवरलाई वकिल बनाएरै छाड्छे । उता अपहरित छोरो किरण पनि बाध्य-अपहरणकर्ता जोडीको मायाले पढे-लेखेको लायक-जवान बन्छ ।

बस् ! अब बाँकी घटनाहरू उल्लेख नै नगरेपनि पाठकहरुले आफैं बुझ्नु हुनेछ । जस्तो कि- जवान विजय र किरणको संजोगबश भेट हुनु पर्‍यो । त्यसको अघि-पछि दुई-तीन सिनलाई पुग्ने गरी "ढिस्यूँ ढिस्यूँ"-मारमुंग्री भएको हुनु पर्‍यो । विभिन्न निहूँ पारेर एक-आधा वटा नाच समावेश हुनै पर्‍यो । जब फिल्ममा कोही विजय र किरण छन् भने कोही माया र तारा नामक उनीहरूका प्रेमिकाहरू पनि त त्यतै कतै हुनै पर्‍यो, नत्र बन-बगैंचाहरूमा उफ्रँदै प्रेम-गीतहरू कसले गाउने ?

यी सबै "फिल्मी-पाचक"हरू यस फिल्ममा छन् र, अन्तमा नाटकीय पाराले सबै जनाको भेट हुन्छ ।

"बेटा ! तुम ?"

"हाँ पिताजी ! मै, मै आपका बेटा बिक्की !"

-हिन्दी फिल्ममा भए यी संवादहरूका साथ पुनर्मिलन हुन्थ्यो- हराएका बाबु र छोरा (वा अन्य आफन्तहरु) को ।

यस नेपाली फिल्ममा पनि यस्तै तर अलि फरक शैलीमा दाजु -भाइ र आमा-छोराका बीच चिनाजानी हुन्छ । पुनर्मिलन हुन्छ ।

यस प्रकार, यस फिल्मले एउटा काल्पनिक संसार खडा गरी दर्शकहरुलाई भुलभुलैयामा अल्मल्याउने काम गरेको छ ।

हत्याको झूठो आरोपमा आफू फसेको कुरा लोग्नेले स्वास्नीलाई नभन्नु पर्ने र मरेको खबर छोड्नु पर्ने थिएन । लोग्ने मरेको देख्ने, आफैं जलाएर आएँ भन्ने गाउँले मित्रले मरेको खबर मात्रै हैन, अत्यष्टिकै लागि पहिले नै घरमा खबर गर्थ्यो । त्यति सजिलै कोही पनि व्यक्ति वकिल बनेर रातारात कार र बंगालाको मालिक बन्दैनथ्यो । दाजुलाई भेटेर आएको खुशीमा "विधवा" भाउजूलाई राता कपडा ल्याइदिने देवरलाई भाउजूले कुरै नबुझी त्यसरी पटापट पिट्ने काम गर्ने गर्दिन । आफ्नै पुरानो घर किनेर त्यसमा आफूलाई राख्न लैजाने व्यक्ति (वास्तवमा छोरो)लाई "त्यही महाजनको घरमा मलाई ल्याउने तँ महाजनकै छोरो रहछिस्" भनेर बाबुले कुरै नबुझी पटापट पिट्ने काम पनि गर्दैन । न विराटनगरको बजारमा सडकमा कसैले जागिर दिन्छु भन्न नपाई केशर जस्तो बुज्रुक व्यक्ति त्यसरी तुरुन्तै पत्याएर पछि लाग्छ नै ।

फिल्मका यी घटनाहरू फिल्मको विषयवस्तु मूलत: कोरा कल्पनामा आधारित भएको कुराका ठोस प्रमाणहरू हुन् ।

-हरिगोविन्द लुईंटेल

हाम्रा समस्त ग्राहक वर्गमा
नयाँ वर्षको शुभागमनको
उपलक्ष्यमा हार्दिक
शुभ-कामना !
-गण्डकी नूडल्स, परिवार

नयाँ वर्षको शुभागमनको उपलक्ष्यमा
समस्त देशवासीमा
हार्दिक शुभकामना
साल्ट ट्रेडिङ लि.
कालिमाटी काठमाडौं

३३ पेजको बाँकी

*गैरसरकारी निकायहरुका कृयाशील कार्यक्रमहरुको आवश्यकता छ।*

***० तपाईहरुले बाल-मजदूरी सम्बन्धी तथ्याङ्क अगाडि सादा बाल-मजदूरहरुको जागिर खान खोज्यो भन्ने आरोप पनि कोही कोही लगाउँछन्, वास्तविकता के हो ?***

*- जुन संस्था बाल-श्रमिकहरुको हक-हित र सुरक्षाको निम्ति कार्यरत छ, उसैलाई बाल-मजदूरहरुको जागिर खान खोज्यो भन्ने आरोप लगाउनु कति सान्दर्भिक छ, तपाई आफैं विचार गर्नुहोस् न । हामीले सरकारले जस्तो "हाम्रो औद्योगिक प्रतिष्ठानहरुमा बाल-मजदूरहरु छैनन्, जहां जहां छन् त्यहां हामीले कारवाही गरिसक्यौं "भन्ने भूठो कुरो बोलेका छैनौं ।*

*हामीलाई लगाएको आरोप गलत त छँदै छ, तर वर्षौं सम्म बाल-श्रमको शोषणमा "उन्नति" गर्न पल्केका र "देशलाई लाखौं विदेशी मुद्रा भित्राउन पल्केकाहरुको दावी यो हुन सक्छ । हामी राष्ट्रिय उद्योगको उन्नति चाहन्छौं तर त्यो "उन्नतिको" प्रतिफल उत्पादन-समूह श्रमशक्ति बाल-श्रमिकहरुको हितको निम्ति पनि लगानी गर्नु आवश्यक छ । के दैनिक १५ घण्टा निरन्तर तानमा अल्भेर काम गर्ने केटाकेटीहरुलाई दैनिक १०।- रु. ज्याला दिनु, ज्याला नै नदिएर दुइछाक निस्तो भातमा मजदूरी गराउनु, काम गर्ने बालबालिकाहरुलाई कारखानाभित्र थुनेर राख्नु के मानवोचित कुराहरु हुन् र ?*



गौरी प्रधान

## वालमजदूरी सम्वन्धी अनुमानित तथ्याङ्क

| सि.नं. | क्षेत्र | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | कृषि तथा कृषिसँग सम्वन्धित | ४९,०२,००० | ८६.०% |
| २. | घरेलु उद्योग व्यवसाय | १,७१,००० | ३.०% |
| ३. | औद्योगिक प्रतिष्ठान | १,३६,००० | २.४% |
| ४. | सेवा | ३,४२,००० | ६.०% |
| ५. | निर्माण | ३४,२०० | ०.६% |
| ६. | अन्य | १,१४,००० | २.०% |

स्रोत: CWIN

५. पेजको बाँकी

**प्रवृत्तिको उभार आएको छ, उहाँहरु नेपालको निम्ति त्यसको सबैभन्दा सशक्त र प्रभावशाली प्रवक्ता हुनुहुन्थ्यो । त्यसैले उहाँहरुको निधनले विश्व कम्युनिष्ट आन्दोलनको त्यस वैचारिक धारले ठूलो रिक्तता महशूस गर्नेछ ।**

**-घटना स्थलको प्रत्यक्ष निरीक्षणका आधारमा**
**श्याम श्रेष्ठ र हरिगोविन्द लुइटेल**


नयाँ बर्षको उपलक्ष्यमा समस्त देशबासीहरुमा

# हार्दिक शुभ-कामना

*-कृषि विकास बैंक परिवार*

सुप्रशिद्ध साहित्यकार पारिजातको असामयिक निधन भएकोमा उहाँप्रति

# हार्दिक श्रद्धाञ्जली

अर्पण गर्दछौं ।

-भक्तपुर जिल्ला विकास समीति, भक्तपुर

इसास बानेश्वर शाखाको प्रस्तुति -

## तामाङ्ग-व्हाई

तामाङ्ग भाषाका गीतहरुको गीति क्यासेट बजारमा उपलब्ध छ ।

# ICEBERG

NEPAL'S № 1

# PREMIUM BEER

हामी सेवाको लागि तयार छौं ।

रेडियो नेपाल, नेपाल टेलिभिजन, गोरखापत्र, राईजिङ्ग नेपाल र अरू विभिन्न पत्र-पत्रिका मार्फत् छिटो र आकर्षक विज्ञापन गराउनु परेमा सम्पर्क राख्नुहोला ।"कम्प्यूटरबाट टाइप सेटिङ, ग्राफिक डिजाइनका साथै स्क्रिन प्रिन्टिङ्ग र अफसेट प्रिन्टिङ्गको लागि पनि सम्भनु होला ।



अभ्युदय एडभर्टाइजिङ्ग एजेन्सी
पो. ब. नं. २९९८, न्यूरोड,
(रञ्जना हल अगाडि)
फोन: २२७७९९

# पछिल्लो अन्तरवार्ता

त्यसैले मैले राजिनामा दिनुपऱ्यो । अरु नेताहरुलाई त भनेर पनि कामै थिएन । प्रशासन-यन्त्र तह लाउने कुरा, के गणेशमानजी किसुनजीलाई भनेर त्यो समस्या हल हुन्छ र ? जहाँबाट हल हुन्थ्यो, त्यहाँ भनें । त्यसले केही गरेन, उल्टो राजिनामा दिनु पर्ने वातावरण बनायो । यो भन्दा त बरु राजिनामा नै मागे नि बेश हुन्थ्यो नि ।

**० यो मामलामा दरबारको के हात छ भन्ने तपाईलाई लाग्दैछ ?**

- दरबारको के हात छ भने- पोहोरको कुरा हो, सोल्टी होटेलमा गुठी र रैकरको केही जग्गा पर्दोरहेछ । नामसारी गर्नुपर्ने । शारदाको ठाडो आदेश आएछ- गुठी र माललाई । प्रधानमन्त्रीको मार्फतबाट नआईकन सिधै आदेश आएछ । गुठीको प्रशासकले मलाई देखायो । मैले त्यो प्रतिलिपि प्रधान मन्त्रीलाई दिएँ र यस अप्रजातान्त्रिक पद्धतिको ठाडो विरोध गरें । र राजालाई यो विरोध पुऱ्याई दिन आग्रह गरें । यदि यो पद्धति नै हुन्छ भने म राजीनामा दिन्छु भनेर भनें । यसरी मैले एक वर्षअघि पनि राजिनामा दिएको थिएँ । केही दिन पछि-राजाबाट आश्वासन आएको छ, अब उता त्यसो हुने छैन भनेर उहाँले भन्नु भो । त्यसपछि मात्र म बसेको हुँ ।

**० गणेशमानजीले भन्दै आउनु भएको छ- कुकुरले पुच्छर हैन, पुच्छरले कुकुर हल्लाइरहेछ भनेर । साँच्चै किन हल्लाउन सकिरहेको छैन कुकुरले पुच्छर ?**

- गणेशमानजीको भनाइ के हो भने- चुनाव लड्यो पार्टीले, चुनाव जित्यो पार्टीले, सरकार छ पार्टीको । त्यो भएपछि सरकार त पार्टीको नीति निर्देशनमा चल्नु पऱ्यो नि । पार्टीले दैनिक हस्तक्षेप नगरे पनि र दैनिक प्रशासन सरकारले चलाए पनि- नीति र कार्यक्रम त पार्टीको कार्यान्वयन हुनुपऱ्यो नि । तर यहाँ त पार्टीले सरकार हैन, सरकारले पार्टी चलाउने लक्षण देखा परेको छ । यो स्थितिमा गणेशमानजीको भनाइ उपयुक्त छैन भनेर कसरी भनौं ? या त पार्टीको निर्देशन मान्नु पऱ्यो, या पार्टी छोड्नु पऱ्यो ।

**० तर यस्तो भईराखेको चाहिं किन त ? कि पार्टीले दह्रो कदम उठाउन सक्दैन ?**

- यस्तो भईराखेकोले त यो विद्रोह भयो नि, नत्र किन हुन्थ्यो ?

**०गिरिजा बाबू मातृकाको बाटोमा हुनुहुन्छ भनेर गणेशमानजी भन्दै हुनुहुन्छ । यसमा तपाईको भनाइ के छ ?**

- सत्य कुरो नै त्यही हो, मैले पनि त्यही भनेको छु । उहाँ संघर्षशील र क्रान्तिकारीहरुभन्दा प्रतिगामीहरुको नजिक हुन्दै जानु भएको छ । वि.पी. को भाइ, वि.पी.को बाटो लाग्नु होला भनेर नेता चुनेका हौं । तर लागिरहनु भएको छ- मातृकाको बाटो । गणेशमानजीले के सम्म पनि भन्नु भएको छ भने- सर्पले भ्यागुतालाई आधा जीऊ खाई सक्यो, तर पनि सर्पको मुखको त्यो भ्यागुताले मुख बाएर लामखुट्टे खाई रहेछ । अहिलेको घटनाक्रमले गिरिजा बाबुमा यही प्रवृत्ति देखाईरहेछ । ●

३० पेजको बाँकी --(विज्ञान / प्रविधि)

स्मिथले पनि बोट विरुवाहरूमाथि संगीतको प्रभावको अध्ययन गर्नुभयो र प्रो. सिंहको खोजको सत्यता सिद्ध गर्नुभयो ।

यसप्रकार, बोट विरुवाहरूको मानवसदृश व्यवहारले अत्यन्तै खोजपूर्ण विषयहरूको बारेमा पूर्ण जानकारी प्राप्त गर्न वैज्ञानिकहरूलाई अभिप्रेरित गरेको छ । यदि बोट विरुवाहरूसँग जीवन छ भने उनीहरुले अन्य जीवजन्तु जस्तै व्यवहार किन गर्न सक्देनन् ? कैयौं विरुवाहरू यस्ता छन्, जसले जीव जन्तुको रगतलाई आफ्नो आहार बनाउँछन् - जस्तो पिचर प्लान्ट । कैयौं यस्ता छन्, जसलाई छुने वित्तिकै संकुचित हुन्छन्, जस्तो- छुइमुई र कैयौं यस्ता छन्, जसले संचार क्षेत्रमा उल्लेखनीय योगदान गरेका छन् । यस्ता बोट विरुवाहरूले पुऱ्याएको सहयोगलाई मूल्याङ्कन गर्ने हो भने पक्कै यिनीहरूको गतिविधि र क्रियाकलाप अन्य जीव जन्तुहरूको भन्दा कम छैन । ढाड झुकाउने विरुवा ओलिया युरोपिया, चुम्बक जस्तो विरुवा, आत्महत्या गर्दै गरेको विरुवा, रंग बदल्ने विरुवा, मौसम भविष्यवाणी गर्ने विरुवा, मानव आकृति जस्तो विरुवा तथा रगत बग्दै गरेको विरुवा जस्ता केही थप उदाहरण हुन, जसले मानवसदृश व्यवहार गरिरहेको कुरा वैज्ञानिकहरूले सिद्ध गरिसकेका छन् । ●

साप्ताहिक
पढ्नु होस

मह जोडीको अन्तरवार्ता ३७ पेजको बाँकी

पनि खेल्दैछौं । आफैं पनि एउटा फिचर फिल्म बनाउने योजनामा छौं । फिल्म बनाएर थन्क्याउनु पो पर्ने हो कि भन्ने एउटा पीर छ ।

*हरिवंशः* हामीलाई अहिले टेलिभिजन पनि भ्याउनु परेको छ । हैन भने "यिनीहरू टेलिभिजनमा हराए" भनेर दर्शकहरू भन्छन् । रंगमंचमा हामीले राजनीतिक व्यंग्य गर्न पाउँछौं, जो टेलिभिजनमा गर्न पाउँदैनौं । रंगमन्चमा हामीलाई आर्थिक फाइदा पनि बेसी छ । यी दुवै कारणले हामीले रंगमंच पनि छोड्न मिलेन । अर्को फिचर-फिल्म, जसका आफ्नै दर्शकहरू छन्, त्यो पनि हामीले छोड्नु मिलेन । तीनै ठाउँ मा यसरी हात हाल्नु परेकाले तीनै ठाउँमा अलि ग्याप ग्याप जस्तो भएको छ ।

टेलिफिल्म अहिले हामी बनाउँदै छौं । रंगमंचमा भदौ असोजतिर आउने योजना छ । पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मको रंगमंचको कार्यक्रम मिल्ला जस्तो छ ।

**के कलाकारिताले तपाईहरूको जीविका चलिरहेछ ?**

**मदनकृष्ण** : दालभात तरकारी, अचार खान पुगेको छ । त्यसको लागि अन्त दौडधूप गर्नु परिराख्या छैन ।

*हरिवंश :* विलासी जीवन बिताउन चाहिं पुग्दैन यसले । विलासी जीवन बिताउन नपरोस् भन्ने पनि लाग्छ हामीलाई । किनकि, त्यसो भयो भने जनताको समसायिक समस्या बिर्सिन्छ । धेरै धनी भएपछि सबै जनतालाई हामी जतिकै खान पुगेको होला भन्ने सोच हुन्छ, मान्छेको । जनताबाट हामी टाढा हुन्छौं । त्यसैले विलासी जीवन बिताउनु पनि नपारोस् र त्यसो गर्न पुग्या पनि छैन । औसत नेपालीभन्दा चाहिं अलिकति माथिको जीवन बिताईरहेका छौं, यही कलाकारिताबाट हामीले ।

**नेपालको कला-कर्म जसरी अघि बढीराख्या छ, त्यसमा तपाईहरूको आलोचनात्मक टिप्पणी के छ ?**

*हरिवंश :* हामीले आफ्नो पनभन्दा विदेशी पन निम्त्याइरहेका छौं । अहिले चलचित्र जति बन्या छन् त्यसमा ४-५ वटा गीत गाउनै पर्छ, हिरोइन नाच्नै पर्छ, भिलीयनले बलात्कार गर्नै पर्छ, दुई जना हास्य कलाकार हुनैपर्छ- भन्ने आयातित फर्मूलामा हामी अघि बढिरहेका छौं । । आफ्नो पहिचान, आफ्नो संस्कृति, आफ्नो रहन-सहन र दृष्टिकोण राख्न सकेका छैनौं । यही दोष हामीले नेपाली कलाकारिताबाट हटाउनु परेको छ । हामीले "पन्ध्र गते" मा त्यही हिसाबले केही गर्न खाजेका हौं ।

Always Remember Us For:

Water Turbine, Steel Structures & Workshop

Facility with Up to Date Machine

Complete Hydropower Generating Equipment, Trusses, Suspension Bridges, Steel Furnitures & Other Mechanical Engineering Works.

Please contact us for your service at:

Balaju Yantra Shala (P) Ltd

Balaju Industrial District
Balaju, Kathmandu. P.O.Box 209
Tel: 272147, 270894, Fax: 977-1-272379
Tlx: 2429 BYS NP

# गिरिजा वावु क्रान्तिकारीहरूको भन्दा-प्रतिगामीहरूको नजीक हुँदै जानु भएको छ

६९ वर्षीय श्री जगन्नाथ आचार्य नेपाली कांग्रेसभित्र निकै परिचित नाम हो । २००५ सालमा पार्टी प्रवेश गर्नु भएका उहाँ-पाछी प्रवेश-कालदेखि नै लगातार त्यसको महासमितिमा हुनुहुन्छ । यो पटक भन्दा अघि उहाँ यसको केन्द्रीय समितिमा समेत हुनुहुन्थ्यो । गान्धीवादी, भद्र, सरल र स्पष्टवादी श्री अचार्यले भूमिसुधार मन्त्रीबाट राजिनामा दिईसकेपछि हामीले उहाँको कौशलटारस्थित रबाफीपन र तडक-भडकविहीन निवास स्थानमा उहाँसँग भेट्दा- उहाँ निकै आक्रोशित र असंतुष्ट हुनुहुन्थ्यो- त्यही दिन सोमवार "राजधानी" साप्ताहिकमा बालुवाटारले प्रकाशित गराएको उहाँ संवन्धी विवरणबाट । प्रस्तुत छ उहाँसित भएको लामो टेपवार्ताको सारसंक्षेप- मूल्यांकन ।

**० तपाईंले राजिनामा दिन पर्नुको खसोखास कारण के हो ?**

- जन आन्दोलनपछि जनताले तत्काल परिवर्तनको अनुभूति गर्ने विषय भूमि-क्रान्ति नै हो, किनकि ९० प्रतिशत जनसंख्या किसान नै छन् । यही ठानेर मैले त्यसमा केही गर्ने साहस गरें । शुरुमा विर्ता खारेजी ऐन, जग्गा नापजाँच ऐन, गुठी ऐन संशोधनजस्ता केही ऐन पास गर्न र गुठी र हदवन्दीभन्दा बढी जमीनको आयोग बनाउन क्याबिनेटले सहयोग पनि गऱ्यो । तर जब त्यरुलाई मैले कार्यान्वयन गर्न थालें, बालुवाटारबाट बाधा व्यवधान आउन थाल्यो । निर्णय कार्यान्वयन गर्ने औजार भनेको प्रशासन-यन्त्र हो । तर त्यसको हामीकहाँ कुनै सिस्टम नै मिलेको छैन, त्यो नमिली निर्णय कार्यान्वयन नै हुँदैन । त्यो सिस्टम मिलाउन खोज्दा मलाई प्रधानमन्त्रीबाट सहयोग मिलेन । मैले मेरो राजिनामामा यही कुरा लेखेको छु ।

गुठी र हदवन्दीको लागि आयोग [illegible] । आयोगको प्रतिवेदन कार्यान्वयन गर्न क्याबिनेटले नै स्वीकृति दियो । मैले तोके बमोजिमका [illegible] कार्यवाही गरें । मन्त्रालयका सचिव नै कार्यवाहीमा परे । त्यही कार्यवाहीमा परेको अभियुक्त सचिवलाई भूमि संबन्धी मूल्याङ्कन समितिमा कण्ट्र्याक्टमा पठाई दियो- बालुवाटारले ! यो कुन नैतिकता भयो ? मेरो नैतिकताले यो स्वीकार्न दिएन ।

बालुवाटारबाट [illegible] [illegible] हुन थाले । तर [illegible] [illegible], [illegible] उपेक्षित र तिरस्कृत हुन थाले । केही क्रान्तिकारी काम गर्न खोज्दा सहयोग नपाएर मेरो चाहिं राजिनामा । त्यही दिन यथास्थितिवादी विष्णुप्रताप शाहको भने निर्वाचन आयुक्तमा नियुक्ति । यसलाई तपाईं के भन्नु हुन्छ ? प्रतिक्रियावादी व्यवस्थाले जफत गरेको आन्दोलनका योद्धाहरुको संपत्ति फिर्ता दिने अन्तरीम सरकारकै निर्णय थियो । तर जफत भएको संपत्ति फिर्ता पाऊँ भन्दा सि.के. प्रसाईले भने पाएनन् । तर कतिपय यथास्थितिवादीहरुलाई भने सहयोग गरिदै छ । कीर्तिनिधिका छोरालाई अमेरिकामा बसेर उपचार गर्न सहयोग पुऱ्याईदैछ । परिवर्तन-वादीहरुको उपेक्षा र परिवर्तनका अवरोधकहरुलाई सम्मान दिने यो प्रवृत्तिले हामीले बाटो बिराएको संकेत दिदैछ । मेरो अर्को पीडा यो हो ।

जनतालाई परिवर्तनको अनुभूति गराउन मैले गर्न खोजेको कुरा- भूमि संवन्धमा द्वैध स्वामित्वको अन्त हो । त्यो दुई-दुई पटक शाही



जगन्नाथ आचार्य भू.पू. भूमिसुधार मन्त्री

संसदमा पनि पारियो । तर त्यसको विधेयक संसदमा पेश गर्न खोज्दा अवरोध आयो । पेश गर्न दिइएन ।

मेरो लागि यो पनि नैतिकताकै प्रश्न थियो ।

मेरो राजिनामाको पछाडि मेरा यिनै तीन -चारवटा पीडाहरु, कारणहरु छन् ।

श्री [illegible] [illegible] [illegible] र पार्टीको [illegible] [illegible] [illegible] मैले [illegible] र [illegible] [illegible] [illegible] [illegible] । तर [illegible] [illegible] मैले राजिनामा दिन हडबडाउनुको पछाडि पनि कारण छ । त्यो के भने- मैले कार्यवाही गरेको सचिव विश्वमान श्रेष्ठलाई बालुवाटारले- मुल्याङ्कन समितिमा पठायो । पहिलेको सट्टामा अर्को जुन सचिव पठायो, त्यो पनि मलाई असहयोग गर्ने खालको पठायो ।

यो पीडा मैले कति सहेर बस्ने ? त्यसैले मैले हडवडमा राजिनामा दिएको हुँ ।

**० तपाईंले गुठीको जग्गामा भ्रष्टाचार गर्नु भो, आफन्तका नाममा जग्गा दर्ता गर्नु भो, कृत्रिम मोही खडा गर्नु भो भन्ने किटानी-आरोप छ नि, बालुवाटारको । चाहिएमा यथेष्ट प्रमाण पनि छ अरे ऊसित । यसमा तपाईंको प्रतिक्रिया के छ ?**

- यसमा मेरो छोटो प्रतिक्रिया यही छ कि- ऊसित पनि धेरै प्रमाण छ भने उसले न्यायिक जांच आयोग गठन गरोस् । ससुराली, मावली, घरवालाको त कुरै छाडीदिनोस्, म त तिन्लाई पनि नातोदार मान्छु, जसले क्रान्तिमा, आन्दोलनमा साथ दिए । यी मध्ये कसैलाई पनि मैले गैर कानूनी तरीकाले एकाध रोपनी जग्गा दिएको छु भन्ने प्रमाण कसैले तेर्स्याउन सक्छ भने म जे पनि सजाय भोग्न तयार छु । मैले त्यस्तो केही गरेकै छैन । यो एकदम फट्याइँ हो ।

**० तपाईंले भूमि-क्रान्तिका लागि गर्न खोज्नु भएको मूर्त मूर्त कुरा चाहिं के के थिए, जुन गर्न तपाईंलाई अवरोध आयो ?**

- अड्डा अदालतमा ७५ प्रतिशत मुद्दा देवानी छन् । यदि जग्गाको समस्या हल गर्ने हो भने यी मुद्दा नै कम हुन्छन् । यो भन्ठानेर मैले जग्गा नापीमा सुधार गर्न खोजें । अर्को गर्न खोजेको द्वैध स्वामित्वकै अन्त हो, जसमा विधेयक नै ल्याउन दिइएन । हदवन्दीका जग्गा, योजनाका र उद्योगका नाममा लुकाएको जग्गा पत्ता लगाउने र त्यो खोसेर लिने र हदवन्दीभन्दा बढी जग्गा पत्ता लगाउन [illegible] एउटा परिवारको जग्गा एउटैको नाममा, एउटै [illegible] [illegible] गरी राख्न कंप्युटर प्रणाली लागू गर्न खोजेको थिएँ । बिर्ता जग्गा फेरि दर्ता गर्न नपाउने र ती जग्गा मोहीका नाममा सिधै दर्ता गर्ने प्रणाली शुरु गर्न खोजेको थिएं । हदवन्दीमा आंशिक फुकुवा गर्नुको सट्टा समूचा निर्णय गर्नु पर्ने गर्न लागेको थिएं । यिनै थिए, मैले गर्न खोजेका [illegible] । मैले ठानें, मेरो यो [illegible] [illegible] गर्ने [illegible] [illegible] [illegible] [illegible] । तर [illegible] [illegible] [illegible] [illegible] । [illegible] [illegible] [illegible] पऱ्यो ।

**० तपाईंले त तपाईंको पार्टीको घोषणा-पत्र नै लागू गर्न खोज्नु भएको, त्यसैमा पनि बाधा व्यवधान किन आयो भन्ठान्नु भएको छ त ?**

- यो संविधान त संभौताको दस्तावेज हो । त्यसमा वामपन्थी र कांग्रेसबाहेक अर्को एउटा तेस्रो वर्ग छ नि, त्यसैको दवाव आयो होला- प्रधानमन्त्रीलाई । त्यसैले बाधा व्यवधान खडा भो ।

**० यो बाधा व्यवधानको कुरा पार्टी नेताहरुलाई भन्नु भएन त ?**

- भनें, तर राजिनामाको अनुमति लिईन । प्रशासन यन्त्रको कुरा, प्रधान मन्त्रीले चाहेको भए बाधा व्यवधान त्यहाँबाट हल हुन संभव थियो । मैले मेरो पीडा र मलाई असहयोग भईरहेको कुरा प्रधान मन्त्रीलाई भनें । तर उहाँले कुनै जवाफ दिनु भएन । मौनता साध्नु भो ।



बाँकी ४९ पेजमा



यस पुस्ताकी अत्यधिक चर्चित र लोकप्रिय जन-प्रतिबद्ध साहित्यकार पारिजातको निधन भएकोमा उहाँप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं ।

*- हिमालयन ह्याचरी फार्म (प्रा.) लि.*

*म्हेपी, बालाजु*

**नेबिको**

नयाँ
आवश्यकता

बिस्कुटहरु

तपाईको स्वास्थ्य, वचत र सम्मान प्रति जत्तिको होसियार छ त्यत्तिकै आफ्नो गुणस्तर प्रति छ।




नेबिको प्रा. लि.
काठमाडौं, नेपाल

MULYANKAN
A magazine for Thougnt-Interaction

ल.पु.जि.प्र.का द.नं. ११।०४९।५० म.क्षे.हु.नि./हु.द.नं. ४८।०४९।५०

# दासदुंगा जीप-दुर्घटना



जहाँबाट गाडी खस्यो



बाटोमुनिको भीरको स्लोप








नदीबाट निकालिएको गाडी


②-क. आश्रितको सिट


①-ड्राइभरको सिट ②-क. भण्डारीको सिट

# दुर्घटना स्थल

